# उब्रेको मान्छे उपन्यासको विधातात्त्विक अध्ययन

त्रिभुवन विश्वविद्यालय,मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत

नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह दोस्रो वर्षको

दसौँ पत्रको प्रयोजनका लागि

प्रस्तुत शोधपत्र


शोधार्थी

नर्मदा भुसाल

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्व विद्यालय

कीर्तिपुर


२०७१

# शोध निर्देशकको सिफारिस

नेपाली एम.ए.दोस्रो वर्षकी छात्रा **नर्मदा भुसालले उब्रेको मान्छे उपन्यासको विधातात्त्विक अध्ययन** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नु भएको हो । उहाँको यस शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

(**शोध निर्देशक**)

सह.प्रा.कृष्णप्रसाद आचार्य

नेपाली केन्द्रीय विभाग

त्रि. वि. कीर्तिपुर काठमाण्डौ

मिति २०७१/५/१२

.

**त्रिभुवन विश्व विद्यालय**

**मानविकी तथा सामाजिक शास्त्र संकाय**

**नेपाली केन्द्रीय विभाग**

**कीर्तिपुर काठमाण्डौ**

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक संकाय अन्तर्गत नेपाली केन्द्रीय विभागकी छात्रा **नर्मदा भुसाल**ले नेपाली स्नाकोत्तर तह (एम.ए) को दसौ पत्रको प्रयोजनका लागि प्रस्तुत गर्नु भएको **उब्रेको मान्छे उपन्यासको विधातात्त्विक अध्ययन** शीर्षकको शोधपत्र स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

| | |
|---|---|
| प्रा.डा.देवीप्रसाद गौतम | **हस्ताक्षर** |
| (विभागीय प्रमुख) | ........................ |
| सह-प्रा. कृष्णप्रसाद आचार्य | |
| (शोध निर्देशक) | ........................ |
| प्रा. केशव सुवेदी | |
| (बाह्य परीक्षक) | ........................ |

मिति :२०७१/५/१५

# कृतज्ञता ज्ञापन

प्रस्तुत **उब्रेको मान्छे उपन्यासको विधातात्त्विक अध्ययन** शीर्षकको शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत नेपाली केन्द्रीय विभाग, स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार पारेकी हुँ । आफ्नो अति व्यस्त तथा अमूल्य समय दिई यस शोध कार्यको कुशलतापूर्वक निर्देशन गर्नु हुने आदरणीय गुरू प्राध्यापक श्री **कृष्णप्रसाद आचार्य**ज्यू प्रति कृतज्ञता ज्ञापन गर्दछु ; जसले मलाई यस शोधपत्र तयार पार्नका लागि स्नेहका साथ मार्ग निर्देश गर्नु भएको छ ।

प्रस्तुत शीर्षकमा अनुसन्धान गर्न स्वीकृति प्रदान गर्ने नेपाली केन्द्रीय विभाग प्रति म कृतज्ञ छु । अनुसन्धान कै क्रममा अमूल्य सुझाव दिनु हुने विभागीय प्रमुख प्रा.डा. देवीप्रसाद गौतम प्रति आभारी छु । यसैक्रममा समय समयमा परेका अड्को फुकाई दिने तथा अमूल्य सुझाव सल्लाह दिनु हुने स्नेही मित्र तथा आफन्तहरू गीता गौतम, वासुदेव गौतम ,सर्मिला दुलाल र मेरा सम्पूर्ण परिवार प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु साथै हर पक्षबाट सहयोग पुऱ्याउँदा पुऱ्याउँदै स्वर्गीय हुनु भएकी आमाप्रति हृदयतः आभार प्रकट गर्दछु ।

शोधपत्र लेखनका लागि आवश्यक पुस्तक उपलब्ध गराई सहयोग गर्ने त्रि.वि.केन्द्रीय पुस्तकालय कर्मचारी प्रति धन्यवाद दिन चाहन्छु । शोधपत्रको टङ्कन कार्य छिटो छरितो तथा शुद्ध रूपमा टाईप गरिदिएर सहयोग गर्ने ठाकुरप्रसाद ओली र दीप श्री क्रियटिभ मिडिया कालिमाटीप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

अन्त्यमा यस शोधपत्रको समुचित मूल्याङ्कनका लागि केन्द्रीय विभाग समक्ष प्रस्तुत गर्दछु ।

शैक्षिक सत्र २०६७/२०६८
क्रमाङ्कः १४२
मिति :२०७१

**नर्मदा भुसाल**
नेपली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर,काठमाण्डौ

# विषय सूची


**पहिलो परिच्छेद**

**शोधको परिचय** **१-५**

१.१ विषय परिचय १

१.२ शोध समस्या १

१.३ शोध पत्रको उद्देश्य २

१.४ पूर्व कार्यको समीक्षा २

१.५ शोध कार्यको औचित्य ४

१.६ शोध कार्यको सीमाङ्कन ५

१.७ शोध विधि/सामग्री सङ्कलन विधि ५

१.८ शोध पत्रको रूपरेखा ५

**दोस्रो परिच्छेद**

**उपन्यास विश्लेषणका सैद्धान्तिक आधारहरू** **६-१९**

२.१ उपन्यासको पृष्ठभूमि ६

२.२ उपन्यासको परिभाषा ७

२.२.१ पाश्चात्य परिभाषा ८

२.२.२ पूर्वीय परिभाषा ९

२.३ उपन्यासका तत्त्वहरू १०

२.३.१ कथानक ११

२.३ .२ पात्र योजना वा चरित्र चित्रण १३

२.३.२.१ लिङ्गका आधारमा १३

२.३.२.२ कार्यका आधारमा १४

२.३.२.३ प्रवृत्तिका आधारमा १४

२.३.२.४ स्वभावका आधारमा १४

२.३.२.५ जीवन चेतनाका आधारमा १५

२.३.२.६ आसन्नताका आधारमा १५

२.३.२.७ आबद्धताका आधारमा १५

२.३.३ परिवेश १५

२.३.४ दृष्टिविन्दु १६

२.३.५ भाषा शैली १७

२.३.६ उद्देश्य १७

२.३.७ संवाद १८

२.३.८ द्वन्द्व १८

२.३.९ प्रतीक र बिम्ब १९

२.३.१० गति र लय १९

**तेस्रो परिच्छेद**

**उपन्यासकार भाउपन्थीको परिचय र साहित्य यात्रा २०-३१**

३.१ विषय प्रवेश २०

३.२ भाउपन्थीको जन्म स्थान र बाल्यकाल २०

३.३ शिक्षा २१

३.४ पेसा २१

३.५ भ्रमण २१

३.६ सम्मान पुरस्कार २२

३.७ लेखनका लागि प्रेरणा र प्रभाव २२

३.८ लेखन आरम्भ र प्रथम प्रकाशन २३

३.९ विधागत सृजना यात्रा २३

३.९.१ कथा यात्रा २३

३.९.२ कविता यात्रा २४

३.९.३ निवन्ध यात्रा २६

३.९.४ समालोचना यात्रा २८

३.९.५ संपादन यात्रा २९

३.९.६ उपन्यास यात्रा ३०

३.९.७ नाट्य यात्रा ३०

**चौथो परिच्छेद**

| | |
|---|---|
| **उब्रेको मान्छे उपन्यास विधातात्त्विक अध्ययन** | **३२-८३** |
| ४.१ कथानक | ३२ |
| ४.२ पात्र | ५१ |
| ४.२.१ लिङ्गका आधारमा | ५१ |
| ४.२.२ कार्यका आधारमा | ५२ |
| ४.२.३ प्रवृत्तिका आधारमा | ५६ |
| ४.२.४ स्वभावका आधारमा | ५७ |
| ४.२.५ जीवन चेतनाका आधारमा | ५९ |
| ४.२.६ आसन्नताका आधारमा | ६० |
| ४.२.७ आबद्धताका आधारमा | ६२ |
| ४.२.८ भूमिका र चरित्र चित्रणका आधारमा | ६३ |
| ४.३ परिवेश | ७० |
| ४.४ उद्देश्य | ७२ |
| ४.५ भाषा शैली | ७३ |
| ४.६ संवाद | ७७ |
| ४.७ द्वन्द्व | ७८ |
| ४.८ प्रतीक र बिम्ब | ७९ |
| ४.९ शब्द प्रयोग | ८० |
| ४.१० गति र लय | ८२ |
| **परिच्छेद पाँच** | **८४-८७** |
| ५.१ उपसंहार | ८४ |
| **सन्दर्भसामग्री सूची** | |

# पहिलो परिच्छेद

# शोध परिचय

## १. विषय परिचय

भाउपन्थी (२००१) नेपाली साहित्यका बहुमुखी प्रतिभा हुन् । साहित्यका गद्य र पद्य दुवै तर्फ उनको लेखन बराबर रूपमा चले पनि गद्यतर्फ उनी सफल साहित्यकार बनेर देखापरेका छन् । कथा, कविता, उपन्यास, नाटक, निबन्ध, समालोचना आदि विधामा कलम चलाएका भाउपन्थी सामाजिक यथार्थवादी उपन्यासकार हुन् । नेपाली उपन्यासका क्षेत्रमा उनका पँलास (२०२८), आदिपुरूष (२०३२) र उब्रेको मान्छे (२०३५) उपन्यास कृतिहरू प्रकाशित छन् ।

भाउपन्थीको तेस्रो उपन्यास उब्रेको मान्छे (२०३५) यथार्थवादी, सामाजिक विसङ्गतिवादी उपन्यासका रूपमा देखा परेको छ । विशेषगरी नेपाली समाजमा व्याप्त गरिबी, अभाव, बेरोजगारी आदि झेल्नु पर्ने विवशतालाई उब्रेको मान्छे उपन्यासले आफ्नो विषयवस्तु बनाइएको छ । प्रस्तुत अध्ययनमा विसङ्गतिवादतर्फ उन्मुख रहेको उब्रेको मान्छे उपन्यासको विधातात्त्विक अध्यायनलाई शोधको विषयवस्तुका रूपमा लिइएको छ ।

## २ शोधसमस्या

भाउपन्थीको दोस्रो उपन्यासका रूपमा प्रकाशित उब्रेको मान्छे (२०३२) उपन्यास एक सफल उपन्यास हो । यस उपन्यासका सम्बन्धमा छिटफुट टीकाटीप्पणी भए पनि गम्भीर अध्ययन नभएकोले प्रस्तुत शोधपत्र तयार पार्ने प्रयत्न गरिएको छ । यस शोधपत्रको प्रमुख शोधसमस्याहरू यसरी निर्धारण गरिएका छन् :

(क) भाउपन्थीको साहित्यिक यात्रा के कस्तो छ ?

(ख) उब्रेको मान्छे उपन्यास औपन्यासिक तत्त्वका दृष्टिले के कस्तो देखिन्छ ?

## ३ शोधपत्रको उद्देश्य

प्रस्तुत शोधपत्रको उद्देश्यमा भाउपन्थीको उब्रेको मान्छे उपन्यासमा केन्द्रित रही समस्या कथनमा उठाइएका समस्याहरूको खोजी गर्नु रहेको छ । बुँदागत रूपमा प्रस्तुत शोधपत्रको उद्देश्यहरू निम्न बमोजिम रहेका छन् :

(क) भाउपन्थीको साहित्यिक यात्राको निरूपण गर्नु ।

(ख) औपन्यासिक तत्त्वका आधारमा उब्रेको मान्छे उपन्यासको अध्ययन गर्नु ।

## ४.पूर्वकार्यको समीक्षा

'उब्रेको मान्छे' उपन्यास भाउपन्थीको तेस्रो उपन्यास हो । यस उपन्यासका बारेमा विभिन्न विद्वानहरूले आंशिक रूपमा विभिन्न समयमा अध्ययन विश्लेष्ण र मूल्याङ्कन गर्ने प्रयास गरेको देखिन्छ । प्रस्तुत उपन्यसाका बारेमा जे जति अध्ययन र चर्चा भएका छन् तिनलाई कालक्रमिक रूपमा प्रस्तुत गरिएकोछ ।

जवशैनीले विदेह (२०३२) मा प्रकाशित प्रतिचक्रव्यूह नामक लेखमा भाउपन्थीको परिचय प्रस्तुत गर्दै उनलाई नेपाली साहित्यका लाली चढेका अनुहार हुन् भन्ने उल्लेख गरेका छन् । प्रस्तुत लेख भाउपन्थीको सामान्य परिचयमा केन्द्रित छ ।

राजु सायमीको सुगन्ध (२०४८) मा प्रकाशित साहित्यकार भाउपन्थीसँग अन्तर्वार्ता शीर्षकका लेखमा भाउपन्थीको साहित्यिक व्यक्तित्वको परिचय प्रस्तुत गरिएको छ । यसमा भाउपन्थीलाई नेपाली साहित्यका विभिन्न विधासँग संलग्न व्यक्तिका रूपमा परिचित गराइएको छ ।

गोविन्दराज भट्टराईले काव्यिक आन्दोलनको परिचय (२०४९) मा यङ्ग राइटर्स फ्रन्ट र बुटपालिस नामक साहित्यिक संस्थाका सदस्यका रूपमा भाउपन्थीका पनि नाम उल्लेख गरेका छन् । प्रस्तुत अध्ययन भाउपन्थीको नामोल्लेखमा मात्र सीमित छ ।

सनत रेग्मीले समकालीन साहित्य (२०५०) मा भोक्ता जीवनका कथाकार : भाउपन्थी शीर्षकको लेखमा भाउपन्थीको कथाकार व्यक्तित्वको चर्चा गरेका छन् यसमा भाउपन्थी स्वयम् समसामयिक जीवनजगत्का जटिलता माझ सङघर्षरत साहित्यकारका रूपमा देखा

परेका छन् र आफूले नजिकबाट व्यवहार गरेका व्यक्तिहरूको जीवनचर्यालाई यिनले आफ्नो साहित्यिक सिर्जनाको विषयवस्तु बनाउने गरेको कुरा उल्लेख गरिएको छ । यसमा भाउपन्थीको उपन्यास उब्रेको मान्छेको अध्ययन खासै हुन सकेको छैन ।

तारानाथ शर्माले नेपाली साहित्यको परिचयात्मक इतिहास (२०५१) मा नेपाली साहित्यको काल विभाजन गर्ने क्रममा क्रान्ति उत्तर युगका उपन्यास अन्तर्गत भाउपन्थीका तीनवटै उपन्यासको नाम उल्लेख गरेका छन् । प्रस्तुत पुस्तकमा उपन्यासको नाम उल्लेख बाहेक अरू अध्ययन गरिएको छैन ।

घनश्याम नेपालले नेपाली साहित्यको परिचयात्मक इतिहास (सन् १९९४) मा नेपाली साहित्यको काल विभाजन गर्ने क्रममा प्रयोगकालीन उपन्यासकार अन्तर्गत भाउपन्थीको नाम उल्लेख गरेका छन् । यसमा उपन्यासकारको नामोल्लेख मात्र गरिएको छ तर उनको उब्रेको मान्छे उपन्यासका बारेमा कुनै पनि चर्चा गरिएको छैन ।

राजेन्द्र सुवेदीले नेपाली उपन्यास परम्परा र प्रवृत्ति (२०५३) मा भाउपन्थीका तीनवटै उपन्यासलाई आर्दशोन्मुख यथार्थवादी धारा अर्न्तगत राखेका छन् । प्रस्तुत अध्ययन निर्णयात्मक भए पनि उपन्यासको व्याख्या विश्लेषण गरिएको छैन ।

देवीप्रसाद ओझाले समकालीन साहित्य (२०६१) मा सुदूरपश्चिममा नेपाली उपन्यास शीर्षकको लेखमा भाउपन्थीको सिर्जनाधर्मिताको परिचय दिएका छन् । यसमा भाउपन्थीले आफ्नो साहित्यिक यात्राको प्रारम्भ कालदेखि नै तिलकप्रसाद शर्माको नामबाट लेखन कार्य प्रारम्भ गरेर आञ्चलिक परिवेशलाई आफ्नो कथा र उपन्यासको विषयवस्तु बनाई सुदूरपश्चिमको पारस्परिक जीवनशैलीमा भइरहेको परिवर्तन र भर्खरै पहाडबाट तराईतिर झर्न लागेको जनजीवन र सामाजिक प्रचलनका यथार्थ पक्षलाई आधार बनाएर उपन्यास लेख्ने काम गरेका छन् भन्ने कुरा उल्लेख गरिएको छ । प्रस्तुत अध्ययन केवल सामाजिक पक्षको चित्रणमा मात्र केन्द्रित रहेको छ ।

केशवप्रसाद उपाध्यायले भाउपन्थीको चौथो पात्र : एक सर्वेक्षण शीर्षकको समकालीन साहित्य (२०६१) लेखमा कथाकार, उपन्यासकार तथा व्याङ्ग्यकारका रूपमा ख्याति प्राप्त गरेका भाउपन्थीमा प्रशस्त नाट्प्रतिभा पनि रहेको हुँदा उनी कुशल नाटककार

पनि भएको बताएका छन् । प्रस्तुत लेखमा भाउपन्थीको उपन्यासकारिताको अध्ययन खासै हुन सकेको छैन ।

वेदप्रसाद जोशीले भाउपन्थीको अद्यापि र अरू कथाहरू कथासङ्ग्रहको कृतिपरक अध्ययन (२०६२) नामक स्नातकोत्तर शोधपत्रमा भाउपन्थीको साहित्यिक व्यक्तित्वको चर्चा गर्ने क्रममा उनको उपन्यासकार व्यक्तित्वको परिचय पनि प्रस्तुत गरेका छन् । प्रस्तुत शोधकार्य भाउपन्थीको उपन्यासकारिताको अध्ययन गर्ने मूल ध्येय नभएकाले उपन्यासकार व्यक्तित्वको सामान्य जानकारी मात्र प्रस्तुत गरिएको छ ।

माया घर्तीले भाउपन्थीको उपन्यासकारिता (२०६७) नामक स्नातकोत्तर शोधपत्रमा भाउपन्थीको उपन्यासकारिताका सन्दर्भमा चर्चा गर्दा उब्रेको मान्छे उपन्यासको पनि सामान्य चर्चा गरिए तापनि यसको मूल उद्देश्य भाउपन्थीको उपन्यासकारिताको अध्ययन नै हो तर उब्रेको मान्छे उपन्यासका बारेमा मात्र विशेष अध्ययन भने गरिएको छैन ।

माथि प्रस्तुत गरिएका उब्रेको मान्छे उपन्यास सम्बन्धी अध्ययनहरूले केवल कृतिको सान्दर्भिकता एवम् महत्त्वका बारेमा मात्र चर्चा गरेका छन् । त्यस्तै कतिपय पूर्वकार्यहरू कृतिको एक पक्षीय अध्ययनमात्र केन्द्रित छन् । उपन्यासको तत्वविधानका आधारमा अध्ययन गरी त्यसका प्राप्ति अप्राप्तिहरूलाई छुट्याउने कार्य हालसम्म भएको पाइँदैन । त्यसकारण उब्रेको मान्छे उपन्यासको कृतिपरक अध्ययनमा केन्द्रित भएर कुनै शोधकार्य नभएको र समालोचनात्मक फूटकर लेखहरूमा आंशिक पक्षको मात्र चर्चा परिचर्चा भएको वास्तविकतालाई स्वीकार गर्दा समग्र रूपमा अध्ययन गर्नुपर्ने आवश्यकतालाई हृदयङ्गम गरी प्रस्तुत शोधपत्र तयार गरिएको छ । साथै उपर्युक्त अध्ययन विश्लेषणको निष्कर्षहरूबाट भने प्रस्तुत शोधकार्यमा यथेष्ट सहयोग लिइएको छ ।

### ५.शोधकार्यको औचित्य

उब्रेको मान्छे एक सामाजिक यथार्थपरक औपन्यासिक कृति हो । यति हुँदा हुँदै पनि यसको कृतित्वको बारेमा अद्यापि पूर्ण अध्ययन नहुनु नै यसको अध्ययनको औचित्य स्वतः प्रष्टिन्छ । प्रस्तुत शोध प्रस्तावना भापन्थीको व्यक्तिगत र कृतिको परिचय, भाउपन्थीको औपन्यासिक प्रवृत्ति तथा उपन्यास सिद्वान्तका आधारमा उब्रेको मान्छे उपन्यासको कृतिपरक अध्ययन गरिने भएकाले यस शोधमा भाउपन्थीको उब्रेको मान्छे

उपन्यासको बारेमा जानकारी लिन चाहने शिक्षक, विद्यार्थी, शोधार्थी एवं जिज्ञासु पठकहरू लाभान्वित हुने छन् । यो पनि प्रस्तुत शोधकार्यको औचित्य र महत्व हो ।

## ६. शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्य उब्रेको मान्छे उपन्यासको कृतिपरक अध्ययनमा सीमित रहेको छ । यस क्रममा उपन्यासकार भाउपन्थीको व्यक्तित्व र कृतित्वको परिच, कृतिको स्थान निर्धारण, औपन्यासिक तत्वका आधारमा कृतिको विश्लेषण र मूल्याङ्कन, उब्रेको मान्छे, उपन्यासको अध्ययनको आधारमा भाउपन्थीको औपन्यासिक प्रवृतिहरूको निरूपण गर्दै उपन्यासको मूल्याङ्कन गर्नमा नै शोधकार्य केन्द्रित रहेको छ ।

## ७. शोधविधि

प्रस्तुत शोधकार्यका लागि मूलतः पुस्तकालीय अध्ययन पद्वतिका आधारमा आवश्यक पुस्तक, पत्रपत्रिका तथा समीक्षात्मक लेखहरू सङ्कलन गरिएको छ । आवश्यकता अनुसार स्वयम् स्रष्टा एवं लेखक सम्बद्ध क्षेत्रका विशेषज्ञहरूबाट पनि आवश्यक सुझाव एवम् सल्लाह लिने कार्य गरिएको छ । प्राप्त सामग्रीलाई मूलतः औपन्यासिक विधातत्त्वका आधारमा वर्णनात्मक, तुलनात्मक एवं विश्लेषणात्मक विधिद्वारा विश्लेषण गरिएको छ ।

## ८.शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपको संरचना यस प्रकारको रहेको छ :

१. पहिलो परिच्छेद : शोध परिचय

२. दोस्रो परिच्छेद : उपन्यास विश्लेषणका सैद्धान्तिक आधारहरू

३. तेस्रो परिच्छेद : स्रष्टा परिचय र साहित्यिक यात्रा

४. चौथो परिच्छेद : उब्रेको मान्छे उपन्यास कृतिको अध्ययन

५. पाँचौं परिच्छेद : उपसंहार

## दोस्रो परिच्छेद

## उपन्यास विश्लेषणका सैद्धान्तिक आधारहरू

### २.१. उपन्यासको पृष्ठभूमि

'उप' उपसर्गवाची पद पूर्वमा हुने 'न्यास' शब्दको संयोजनबाट निर्मित उपन्यास शब्दले समीपमा विन्यास गरिने भन्ने अर्थ व्यक्त गर्दछ । उपन्यासले हाम्रो जीवनको सामिप्यता मात्र होइन, हामी मध्येका जीवनलाई हामी मध्येमै प्रस्तुत गरिदिन्छ (सुवेदी, २०६४ : १) । संस्कृतमा उपन्यास शब्दको प्रयोग अर्थको युक्तिपूर्ण प्रस्तुतीकरण, प्रतिमुख सन्धिको एउटा भेद, स्थापना गर्नु, प्रदर्शक वाक्य, आनन्द गराउने वाक्यका रूपमा गरिएको पाइन्छ भने आख्यानका रूपमा पनि गरिएको पाइन्छ । यति हुँदा हुँदै पनि यी कुनै अर्थले अङ्ग्रेजी 'नोभल' (Novel) शब्दले दिने अर्थ प्रदान गर्न सकेको देखिदैन । तसर्थ संस्कृतबाट लिएको भएर पनि आज नेपालीमा उपन्यास शब्दले आफ्ना पुराना अर्थहरूसँग सम्बन्ध विच्छेद गरेर अङ्ग्रेजी 'नोभल' शब्दसँग साइनो गाँसेको छ (बराल र एटम, २०६६ : ३) । उपन्यास शब्द संस्कृत तत्सम शब्द हो र अङ्ग्रेजीमा नोवेल शब्दको प्रयोग भएको पाइन्छ । संस्कृत साहित्यमा उपन्यास शब्दको प्रयोग विभिन्न अर्थमा भएको पाइन्छ । भरतमुनिले कुनै अर्थलाई युक्तियुक्त प्रस्तुत गर्नु नै उपन्यास हो भनेका छन् (भट्टराई, । २०३९:३३९) । संस्कृत साहित्यमा 'उपन्यास' शब्दको प्रयोजनपरक अर्थ यसरी गरिएको छ : 'उत्पत्ति कृतो हि, अर्थ उपन्यास सङ्कीर्तित' अर्थात् कुशलतापूर्वक विशेष अर्थ प्रकट गर्ने प्रक्रियाविशेष नै उपन्यास हो । यसरी पूर्वीय वा संस्कृत साहित्यमा उपन्यास शब्दको प्रयोग यी विभिन्न अर्थमा गरिए पनि यस शब्दले साहित्यिक विधालाई बुझाउन सकेको छैन (सुवेदी, २०६४:११) ।

अङ्ग्रेजी भाषामा उपन्यासलाई नोवेल भन्ने गरिएको छ । अङ्ग्रेजी भाषामा प्रचलित 'नोवेल' शब्द ल्याटिन भाषाको 'नोवोस्' अर्थात् नोवलसबाट विकसित भएको मानिन्छ । यसै भाषाबाट विकसित हुँदै फ्रान्समा पुगेको 'नोवेल्ला' शब्द उपन्यासका अर्थमा प्रयोग हुन पुगेको छ । आज नोवेल शब्दको प्राविधिक अर्थ उपन्यास बनेको छ । यसको ल्याटिनमूलको अर्थ भने नोवेल अर्थात् समाचारपत्र हो । समाचारपत्रलाई सङ्केत गर्न नोवेल्ला शब्द प्रयोग हुन्थ्यो । त्यसको सामान्य अर्थ केवल घटनालाई समाचारका रूपमा सम्प्रेषित गर्नु भन्ने (प्रधान, २०६१:१४-१५) हुन्थ्यो । तर यसको अर्थगत प्रयोजनीयता आज अर्कै भएको छ

अथवा घटना, वस्तु, पात्र, परिवेश, कुतूहलता, द्वन्द्व, प्रस्तुति विशेष समेतको आख्यानात्मक प्रतिपादनलाई उपन्यास भन्ने अर्थ दिन थालिएको छ (सुवेदी, २०६४:५) ।

अङ्ग्रेजी साहित्यमा प्रचलित हुँदै आएको नोवेल (ल्यखभी) लाई नेपालीमा उपन्यास शब्दले चिनिन्छ । नेपालीमा उपन्यासका विभिन्न प्रयोगपरक अर्थहरू पाइन्छन् । नेपाली बृहत् शब्दकोशमा धेरै अध्याय र खण्डहरूमा लेखिने लामो साहित्यिक कथा नै उपन्यास हो भन्ने अर्थ दिइएको छ । आख्यान तत्व प्रवल भएको र जीवनका सत्य बिम्बलाई ग्रहणीय, मननीय र अनुकरणीय बनाएर प्रस्तुत गरिने रचनाविधालाई उपन्यास भन्ने गरिन्छ । उपन्यास जीवनको पूर्णकदको तस्वीर हो । उपन्यास अझ कलात्मक प्रस्तुतिमा आउने हुनाले जीवनभन्दा बढ्ता साझा जीवनको प्रतिच्छाया पनि हो । जीवनका सत्य पक्षलाई भाषाद्वारा आफ्नै नजिकमा विन्यास गरिनु उपन्यास हो, अर्थात् लोकप्रचलनका भाषामा आख्यानात्मक शैलीमा जीवनको इतिवृत्त अभिव्यक्त गर्दै जानु उपन्यास हो भन्न सकिन्छ । ( सुवेदी, २०६४:५) ।

यसरी अङ्ग्रेजी भाषाको नोवेलको नेपाली रूपान्तरणका रूपमा प्रयुक्त उपन्यास शब्दले आख्यानात्मक साहित्यिक गद्यविधालाई जनाउँछ ।

### २.२. उपन्यासको परिभाषा

आदि,मध्य र अन्त्यको क्रम मिलेको जीवन र जगत्का यथार्थ चित्रसहित तिनका बारेमा व्याख्या गरिएको आख्यानात्मक कृति नै उपन्यास हो । एउटा सिङ्गो जीवनको व्याख्या गर्ने क्रममा जतिपनि घटना तथा उपघटना जोडिएका हुन्छन् तिनको समग्र मेललाई नै उपन्यास भनिन्छ । उपन्यासमा पुस्तौँपुस्ताका जीवनको व्याख्यासमेत भएको हुन्छ । उपन्यासलाई परिभाषाको दृष्टिले निश्चित सीमामा बाँध्रन सकिँदैन । तर पनि उपन्यासको सम्बन्धमा दिइएका केही परिभाषाको उल्लेख गरिन्छ , जसबाट उपन्यासको स्वरूपमा प्रकाश पर्न सजिलो हुन्छ । उपन्यासको व्याख्या गर्ने क्रममा विभिन्न विद्वान्हरूले आफ्ना ग्रन्थहरूमा उपन्यासको परिभाषा दिने प्रयास गरेको पाइन्छ । उपन्यासको परिभाषा विभिन्न आधारमा दिने प्रयास गरिए तापनि यो आत्मानुभूतिको यथार्थ प्रस्तुति भएको हुनाले ठूलो सानो जत्रो पनि हुन सक्छ । आजसम्म प्रकाशित उपन्यासका आधारमा पाश्चात्य तथा पूर्वीय विद्वान्हरूले उपन्यासको परिभाषा दिएका छन् ।

### २.२.१ पाश्चात्य परिभाषा

**न्यु इङ्गिलस डिक्सनरी**का अनुसार "बृहत् आकार भएको गद्याख्यान अथवा वृतान्त जसअन्तर्गत वास्तविक जीवनको प्रतिनिधित्व गर्ने पात्र, चरित्र र कार्यको कथानकका आधारमा चित्रण गरिएको हुन्छ" (सुवेदी, २०६४:११) ।

**क्याम्ब्रिज इन्साइक्लोपेडिया**का अनुसार "उपन्यास साहित्यको अठारौँ शताब्दी पछिको गद्यात्मक आख्यानलाई बुझाउने अभिधात्मक शब्द हो । यसमा मानव जीवनको व्यापक पक्ष समेटिएको हुन्छ । उदाहरणका लागि रविन्सन क्रुसो, टामजोन्स जस्ता बृहत् उपन्यास र चार्ल्स डिकेन्स, बाल्जाक, जोला र दोस्तोभस्की जस्ता स्रष्टाका आख्यान रचना सफल उपन्यासहरू हुन् ।" (सुवेदी, २०६४:११) ।

**द न्यु इन्साक्लोपेडिया ब्रिटानिका भोलम १८** का अनुसार "विशेष देशकाल र चारित्रिक समूह समावेश भएको क्रमबद्ध घटनाहरूको माध्यमद्वारा अभिव्यक्त हुने आवश्यक लम्बाइ भएको तथा बनाइएको त्यस्तो साहित्यिक वर्णनात्मक गद्य विधालाई उपन्यास भनिन्छ जसमा मान्छेका अनुभवहरूलाई केही जटिलताका साथ कल्पनाको सहयोगले प्रस्तुत गरिन्छ" (बराल र एटम, २०६६:६) ।

एम्. एच्. एब्राहमको.**'ए ग्लोसरी अफ लिट्रेरी टर्म'** ले उपन्यासको परिभाषा यसरी गरेको छ "विस्तारित गद्याख्यानको साझा विशेषता भएका सबैखाले कृतिहरूलाई उपन्यास भनिन्छ" ( बराल र एटम, २०६६:६) ।

ई. एम्. फोस्टरले **एस्पेट अफ द नोवल**मा उपन्यासलाई यसरी परिभाषित गरेका छन् "हालको जटिल एवं सङ्कटग्रस्त सामाजिक, धार्मिक, राजनीतिक, आर्थिक आदि संस्कारद्वारा पीडित मानव जातिको एउटा प्रतिनिधिमूलक अभिव्यक्ति नै उपन्यास हो" ( बराल र एटम, २०६६:६) ।

डी. एच्. लरेन्सको **ह्वाइ द नोवल म्याटर्स**मा उपन्यासको परिभाषा यसरी प्रस्तुत गरेका छन् "उपन्यासले मानवजीवनको सम्पूर्णताको अध्ययन गर्ने भएकोले यसको महत्व अन्य कला र साहित्यभन्दा स्वाभाविक रूपले बढी छ" (बराल र एटम, २०६६:६) ।

### २.२.२ पूर्वीय परिभाषा

यसैगरी उपन्यासको परिभाषा दिने क्रममा पूर्वीय शब्दकोश तथा विद्वान्हरूद्वारा पनि यथेष्ट प्रयास भएका छन् । यसै क्रममा **हिन्दी साहित्यकोश**मा प्रेमचन्दका अनुसार "म उपन्यासलाई मावन जीवनको चित्र मान्दछु । मानव चरित्रमाथि प्रकाश पार्नु र जीवनको रहस्यलाई उद्घाटन गरिदिनु उपन्यासको मूल काम हो"(सुवेदी, २०६४:११) भनेका छन् ।

**डा. गोपाल राय**का अनुसार उपन्यासको परिभाषा यस्तो पाइन्छ "उपन्यासले कल्पनाको आधारमा एउटा संसार खडा गरिदिन्छ । कहिलेकाहीँ त उपन्यासमा यति सवल भ्रम प्राप्त हुन्छ, हामी त्यसैभित्र हराएर सन्तोष प्राप्त गर्न सक्छौँ" (सुवेदी, २०६४:११) ।

**नेपाली बृहत् शब्दकोश**का अनुसार "उपन्यास भनेको धेरै अध्याय वा खण्डहरूमा लेखिने लामो साहित्य कथा चरित्रप्रधान महाकाव्य" हो भनी उल्लेख गरिएको छ ।

**कृष्णचन्द्रसिंह प्रधान**का अनुसार "उपन्यास जीवन र जगत्प्रति नै एक विहङ्गम दृष्टि हो जसलाई बुझ्ने केलाउने र चित्रण गर्ने प्रयत्न अत्यन्त याथार्थिक हुन्छ । यथातत्थको उद्घाटनमात्र नभएको यो एक सम्पूर्ण जीवित मनुष्यको संसार हो (प्रधान, २०६१:१) ।

**इन्द्रबहादुर राईले उपन्यासका आधारहरू** भन्ने समालोचनात्मक कृतिमा उपन्यासको परिभाषा यसरी दिएका छन् "उपन्यास यथार्थमा भावनाको भाषा जीवनको उद्गार हो । साँचो उपन्यास जीवनको छाया नै हुन्छ औ साँचो उपन्यास नै जीवनको मार्गदर्शक बन्दछ" ( राई, २०५८:४०) ।

**राजेन्द्र सुवेदी**का अनुसार, "पूर्वाधार तारतम्यमा सु-सम्बद्ध गरेर लेखिएका आख्यानात्मक रचनालाई उपन्यास भनिन्छ" (सुवेदी, २०६४:११) ।

**कृष्णहरि बराल र नेत्र एटम**का अनुसार- "मानव र मानव समाजसँग सम्बन्धित विविध सत्यलाई कलात्मक रूपमा अभिव्यक्त गर्ने आवश्यक लम्बाइ भएको गद्य आख्यानलाई उपन्यास भनिन्छ "(बराल र एटम, २०६६:७) ।

उपर्युक्त विभिन्न परिभाषाहरूको अध्ययनबाट के भन्न सकिन्छ भने उपन्यास भनेको मानव जीवनको सम्पूर्ण घटनाहरूको अभिव्यक्ति गर्ने बृहत् गद्य आख्यानात्मक रचना हो

जसमा यथातथ्यको उद्घाटन मात्र नभएर कल्पनाको कलात्मक मिश्रण पनि भएको हुन्छ । त्यस्तै काल्पनिक पात्रको कार्यव्यापारद्वारा यथार्थ घटनालाई व्यवस्थित र शृङ्खलित रूपमा विविध संरचनात्मक एकाइहरू सङ्गठित गरिएको तथा जीवन र जगत्का चित्रण भएको, समय सान्दर्भिक रूपमा परिष्कृत र गद्य भाषामा लेखिने आख्यानात्मक साहित्यिक विधा नै उपन्यास हो । उपन्यासलाई जीवनको नवीन रस उत्पन्न गर्ने वस्तुका रूपमा लिने गरिन्छ । उपन्यासमा जीवनको यथार्थ क्रियाकलापहरूलाई प्रतिपादन गर्नुका साथै पात्रहरूको यथार्थ जीवन पनि प्रस्तुत गरिएको हुन्छ । उपन्यासमा वस्तुलाई शिल्पले र शिल्पलाई शैलीले संयोजन गरिएको पाइन्छ । सामाजिका जीवनमा आएका परम्परा र सांस्कृतिक पक्षहरू, चिन्तन परम्परा र मान्यताका मापदण्डहरू समेत उपन्यासमा एकीकरण गरिएको देखिन्छ ।

## २.३ उपन्यासका तत्त्वहरू

उपन्यास तयार गर्नका लागि आवश्यक सामग्रीहरूलाई नै उपन्यासका तत्व भनिन्छ । उपन्यास रचनामा विभिन्न तत्वहरूको समायोजन हुन्छ, तत्वहरूको समुचित प्रयोग र अन्तर्मिश्रणले नै उपन्यासको स्पष्ट स्वरूप निर्धारण हुन पग्दछ आधुनिक समालोचनामा परम्परित तत्वहरूलाई तत्व (element) नभनेर केवल उपकरण (tool) का रूपमा पनि व्याख्या गरिएको देखिन्छ । उपन्यासका तत्वका रूपमा पहिलेदेखि कथानक, चरित्र, संवाद, देशकाल र वातावरण, भाषाशैली र उद्देश्यलाई लिइने गरेकामा हिजोआज नवीन पद्धतिको पनि प्रयोग गरिएको पाइन्छ (बराल र एटम, २०६६:२०) । उपकरण वा तत्व जे भने तापनि वास्तवमा यी उपन्यास रचनाकालागि अतिआवश्यक वस्तु हुन् । उपन्यासका तत्वका पक्षमा विद्वान्हरू बीच आ–आफ्नो मत मतान्तरहरू देखिए पनि अधिकांश विद्वान्हरू बीच निम्नानुसारका तत्वहरूका सन्दर्भमा भने सहमति कायम हुन सकेको छ । परम्परागत उपन्यासका तत्वहरूमा १. कथानक २. चरित्र ३. संवाद ४. देशकाल वातावरण ५. भाषाशैली ६. उद्देश्य र ७. द्वन्द्व आदिलाई मानिन्छ तर आधुनिक समालोचकहरूले उपन्यासका तत्वहरूमा माथि उल्लेख गरिएका सहित अन्य तत्वहरू पनि हुने कुरामाथि जोड दिएको पाइन्छ । ती हुन्- १.दृष्टिबिन्दु २. बिम्ब-प्रतीक ३. गति र लय आदि । यिनीहरूको सङ्क्षिप्त चर्चा तल गरिन्छ ।

### २.३.१. कथानक

उपन्यासको कथ्यवस्तुका रूपमा आउने विषय नै कथावस्तु हो । यसको निर्माण जीवनले आत्मसात् गरिरहेका वस्तु र घटनाहरूलाई जोरजाम गर्ने प्रक्रियाबाट हुन्छ । पूरा इतिहास, इतिहास र समाजका, संस्कृति, कला र विज्ञानका, मान्छेका अन्तः संरचना र बाह्य प्रवृत्तिका पक्षहरूलाई आवश्यकता अनुसार अथवा उपन्यासको उद्देश्य अनुसार प्रस्तुत गर्ने क्रियाबाट उपन्यासको कथानक निर्माण हुन्छ (सुवेदी, २०६४:१७-१८) । कथानक उपन्यासको आधारहरूको संयोजनबाट हुन्छ । घटनाहरूलाई एक अर्कोसित उनेर सम्बन्ध जोर्ने र सुसङ्गठितता प्रदान गर्ने काम कथानकले गर्छ । यसलाई कार्य-कारणहरूको तारतम्यपूर्ण सूत्रबद्धस्वरूप अथवा घटनाहरूको सङ्गठन भन्न सकिन्छ जसको जम्मा जम्मीमा उपन्यासको आकृति खडा हुन्छ (प्रधान, २०६१: ७) । कथानक उपन्यासमा घट्ने घटनाहरूको योजनाबद्ध ढाँचा हो । यसमा आउने घटनाहरू कार्यकारण सम्बन्धद्वारा कसिएका र व्यवस्थित गरिएका हुन्छन् । सपाट अवस्थामा घटनाहरू श्रृङ्खलायुक्त भई सन्तुष्टि दिन सक्ने भएका त्यो कार्यकारण सम्बन्धमा नियोजित मानिन्छ । कथानकमा चरित्र, विचार, बुद्धि, कल्पना जस्ता कुराहरू समाविष्ट हुन्छन् । कथानकले नै उपन्यासको मूल ढाँचा निर्माण गर्ने प्राथमिक तत्वको काम गर्छ (बराल र एटम, २०६६: २०-२१) । त्यसैले कथानक उपन्यासको आवश्यक तत्वहरू मध्ये एक महत्वपूर्ण तत्व हो । **कथानकको विकास सम्बन्धी अवधारणा :**

एरिस्टोटलको कथावस्तुसम्बन्धी धारणालाई विचार गर्दा कथावस्तुको गठन प्रक्रियाका आधारमा आदि, मध्य र अन्त्य गरी तीन भागमा वर्गीकरण गर्न सकिन्छ । कथावस्तुको आदि भागमा एउटा जटिल समस्याका साथ मूल घटनाक्रमको प्रारम्भिक उल्भिने प्रक्रिया आरम्भ हुन्छ । मध्य भागमा घटनाक्रमको उल्भिने प्रक्रिया अभ व्यापक र गतिशीलताका साथ फुक्दै फैलँदै चरमोत्कर्ष तिर उन्मुख हुन्छ । अन्त्य भागमा कथावस्तु साँघुरो हुँदै गएर अन्तिम परिणति प्राप्त हुन्छ (प्रधान, २०४०: ४५) ।

कथानकको विकासको क्रममा जर्मनेली समालोचक गुस्ताभ फ्लुवर्ट पेट्रागले **टेक्निक अफ् द ड्रामा** भन्ने पुस्तकमा पनि यसको विकासको रूप निर्धारण गरेका छन् । उनले निम्नलिखित अवस्था हुने कुरा बताएका छन् ।

(क) **आरम्भः**आरम्भको अवस्थामा पात्रहरूको परिचय र तिनले सामना गर्नुपर्ने परिस्थिति वा समस्याका बारेमा जानकारी दिइन्छ ।


(ख) **सङ्घर्षविकासः**समस्या र परिस्थितिका कारण द्वन्द्व र क्रियाहरूको सूत्र विकास हुने स्थिति सङ्घर्ष विकास हो । सङ्कटावस्थाहरूको शृङ्खलाले गर्दा कथानक माथितिर बढ्न थाल्छ जसले गर्दा कुतूहलताको जटिल स्थितिको सिर्जना हुन थाल्छ ।

(ग) **चरमः**यसमा सङ्कटावस्थाहरूको शृङ्खलाले गर्दा कथानकको एउटा त्यस्तो मोड वा माथिल्लो बिन्दु आउँछ, जसले पात्रहरूलाई गम्भीर, महत्वपूर्ण र निर्णायक रूप प्रदान गर्छ । कथानकमा परिवर्तनको स्थिति ल्याएर चरमले पाठकको मानसिकतामा आन्दोलन मचाइ दिन्छ ।

(घ) **सङ्घर्षह्रासः**यसमा कथानकको परिवर्तनले सङ्घर्ष कम हुँदै जान्छ र अनेकौं घटना तथा उपकथाहरूलाई समेटेर थान्को लगाउन थालिन्छ । द्वन्द्व र क्रियाको शृङ्खला कमजोर हुँदै शिथिलताको स्थितिमा पुग्दछ ।

(ङ) **उपसंहारः** यसमा पात्रहरूको सङ्घर्ष समापनको अवस्थामा पुगेपाछि फलप्राप्ति हुन्छ । आरम्भको समस्याले समाधान पाई कथानक टुङ्गिन्छ (बराल र एटम, २०६६:२४- २५) ।

यी पाँच अवस्थालाई फ्रेटागको पिरामिडमा यसरी देखाउन सकिन्छ :




**सङ्केतहरू**

क. आरम्भ

ख. सङ्घर्षविकास

ग. चरम

घ. सङ्घर्षह्रास

(फ्रेटागको पिरामिड)

यहाँ प्रस्तुत कथानकको सूचीस्तम्भ -पिरामिड) अत्यन्त सीधा तर अनियमित कथानकको स्थितिमा यो आकार भताभुङ्ग भई अर्कै रूपमा स्थापति हुन्छ । कथानकको

क्षीणताले यसको आकारलाई न्युन अवस्थामा झार्दछ । दुई वा दुईभन्दा बढी चरम हुने कथानकमा पनि यसको आकार निश्चित नहुन सक्छ ।

कथानकको ढाँचाका आधारमा कथानकलाई रैखिक र वृत्तकारीय गरी दुई प्रकारमा वर्गीकरण गर्न सकिन्छ । कथानकलाई मुख्य र सहायक सुगठित र अव्यवस्थित कथानक, सरल र संयुक्त कथानक जस्तो वर्गीकरण पनि गर्न सकिन्छ ।

### २.३.२ पात्र/चरित्र वा चरित्रचित्रण

चरित्रलाई उपन्यासका उपकरणमध्ये प्रमुख तत्व मानिन्छ । चरित्रलाई कतै क्रियाकलाप र कार्यव्यापार आदिका नामबाट पनि चिनाउने प्रयास गरिएको छ । मानवजीवनको व्यापक भाष्य उतार्ने तत्व नै चरित्र हो । मानवको सभ्यता र समाजलाई बुझ्ने प्रमुख आधार पनि चरित्र हो । विगतलाई र अनागतलाई वर्तमानसम्म तानेर ल्याउने तत्व चरित्र हो (सुवेदी, २०६४: २३) । उपन्यासभित्र कुनै विशेषता बुझाउन व्यवस्थित रूपले प्रयोग गरिने मानव वा मानवेतर प्राणीलाई पात्र वा चरित्र भनिन्छ । उपन्यासलाई सजीव बनाएर कथनकलाई गति दिने महत्वपूर्ण जिम्मेवारी पात्र वा चरित्रको हुन्छ (बराल र एटम, २०६६ २७) । उपन्यासमा चरित्रको माध्यमबाट उपन्यासकारले भन्न चाहेको कुरा र उसको जीवनदृष्टि बुझ्न सकिन्छ । पात्रहरूको सम्बन्ध उपन्यासमा कथावस्तु र उद्देश्यसँग रहेको हुन्छ । कथानकको गति र कार्यअनुरूप चरित्रचित्रण विकास व्यवहार आरोहअवरोहका क्रियाकलापहरू चारित्रीकरण हुन् । आधुनिक उपन्यासमा मानवीय पात्रलाई छाडेर मानवेतर र अतिमानवेतर पात्रहरूको प्रयोग ज्यादा पाइन्छ । पात्रलाई पनि विभिन्न किसिमले वर्गीकरण गरेको पाइन्छ ।

#### २.३.२.१. लिङ्गका आधारमा

उपन्यासमा प्रयुक्त पात्रहरूको प्राकृतिक जात छुट्याउने आधार हो । लिङ्गले पात्रको प्राकृतिक जात छुट्टाउने हुँदा यसका अधारमा पात्र पुलिङ्गी र स्त्रीलिङ्गी गरी दुई वर्गका हुन्छन् । पात्रको बाह्य वर्णन तथा शरीर, नामकरण र तिनका स्वभाव एवम् प्रयुक्त क्रियापदबाट यो कुरा छुट्टाउन सकिन्छ (बराल र एटम, २०६६:२९) ।

### २.३.२.२. कार्यका आधारमा

उपन्यासमा आएका सबै पात्रहरूले समान उत्तिकै कार्य नगरी आ–आफ्नो क्षमता अनुसार विभिन्न कार्य गरेका पाइन्छ । यस दृष्टिले कार्यका आधारमा पात्रहरू प्रमुख, सहायक र गौण गरी तीन वर्गका हुन्छन् । उपन्यासमा सबै पात्रले उत्तिकै कार्य गरेको हुदैनन्, त्यसैले सबैभन्दा बढी काम गर्ने वा कार्यमूल भएको पात्र प्रमुख पात्र हुन्छ भने त्यसभन्दा घटी कार्यमूल्य भएको पात्र सहायक र त्यसभन्दा पनि ज्यादै थोरै कार्यमूल्य भएको पात्र गौण हुन्छ । सामान्यतः सवैभन्दा धेरै पटक नाम वा सर्वनाम पुनरावृत्ति हुने र आदिदेखि अन्त्यसम्म आउने पात्रलाई प्रमुख पात्र भनिन्छ । त्यसभन्दा थोरै नाम/सर्वनाम आउने साहयक र अन्यचाहिँ गौण पात्र हुन्छन् । गौण पात्रलाई हटाई दिंदा पनि उपन्यासको कथानकमा त्यति ठूलो क्षति पुग्दैन (बराल र एटम, २०६६:२९) भनेको पाइन्छ ।

### २.३.२.३ प्रवृत्तिका आधारमा

यस आधारमा अनुकूल र प्रतिकूल गरी उपन्यासमा दुई वर्गका पात्र हुन्छन् । जुन पात्रले उपन्यासमा सकारात्मक कार्य गर्छ त्यो अनुकूल पात्र हो भने जुन पात्रले नकारात्मक कार्य गर्छ त्यो प्रतिकूल पात्र हुनपुग्छ । उपन्यासमा पात्रहरूका लागि प्रयुक्त सकारात्मक र नकारात्मक भाषिक एकाइहरू बटुलेर पनि उनीहरूलाई प्रवृत्तिका आधारमा स्पष्ट विभाजन गर्न सकिन्छ । उपन्यासका पात्रहरूमा देखिने प्रवृत्ति, कार्य र लिङ्गका आधारमा नायक वा नायिका, खलनायक वा खलनायिका, सहनायक वा सहनायिका आदि छुट्याउन सकिन्छ ( शर्मा, २०४८ :१५७) ।

### २.३.२.४. स्वभावका आधारमा

यस दृष्टिले पात्र गतिशील र गतिहीन गरी दुई प्रकारका हुन्छन् । उपन्यासमा कुनै परिस्थितिअनुसार बदलिने पात्र गतिशील हुन्छ जो आफ्नो स्वभाव, सिद्धान्त र जीवनधारलाई परिवर्तन गरी समय सुहाउँदो बन्दछ । परिस्थिति बदलिदा पनि आद्यान्त उस्तै जीवन बिताउने र विचलन नआउने स्वभावको पात्र गतिहीन हुन्छ ऊ आदर्शमा दृढ हुन्छ (बराल र एटम,२०६६:३०) ।

### २.३.२.५. जीवन चेतनाका आधारमा

यस आधारमा पात्र वर्गीय र व्यक्तिगत गरी दुई प्रकारका हुन्छन् । निश्चित सामाजिक वर्गको भूमिक निर्वाह गरी त्यही वर्गको प्रतिनिधित्व गर्ने पात्र वर्गीय हुन्छ भने आफ्नो निजी स्वभाव वा वैशिष्टय तथा वैयक्तिकताको प्रतिनिधित्व गरी नवीन शैलीको सन्धान गर्ने पात्र वैयक्तिक हुन्छ । उपन्यासको पात्र सामाजिक जीवनको तुलनाबाट यसको निर्धारण गरिन्छ (बराल र एटम,२०६६:३०) ।

### २.३.२.६. आसन्नताका आधारमा

उपन्यासको कथानमा हुने पात्रको उपस्थितिलाई आसन्नता भनिन्छ । यस आधारमा पात्रहरू मञ्चीय र नेपथ्य गरी दुई प्रकारका हुन्छन् । उपन्यासमा उपस्थित भई कार्यव्यापार वा संवाद प्रस्तुत गर्ने पात्र मञ्चीय हुन्छ भने कथयिताले वा अन्य पात्रले नामोच्चारण मात्र गरेको पात्र नेपथ्य हुन्छ (बराल र एटम,२०६६:३०) ।

### २.३.२.७. आबद्धताका आधारमा

उपन्यासको कथानकसँग पात्रको सम्बन्धगँसाइलाई आबद्धता भनिन्छ । यस आधारमा पात्रहरू बद्ध र मुक्त गरी दुई प्रकारका हुन्छन् । बद्ध पात्रलाई झिक्दा कथानकको संरचना भत्किन्छ तर मुक्त पात्रलाई कथानकले त्यति स्थान नदिएको हुँदा तिनलाई झिक्दा पनि कथानकमा खासै हलचल उत्पन्न हुँदैन (बराल र एटम,२०६६:३०) । यसरी उपन्यासको अभिन्न तत्व चरित्र वा पात्र वर्गीकरणका विभिन्न आधारहरूलाई माथि उल्लेख गरेअनुसार अध्ययन गर्न सकिन्छ ।

### २.३.३. परिवेश

उपन्यासमा काम हुनका लागि उपयुक्त मानिएको स्थल नै उपन्यासको परिवेश हो । परिवेशलाई पर्यावरण, वातावरण, परिवृत्त र परिधिजस्ता शब्दहरूले पनि जनाउने गरिन्छ । केही विद्वान्हरूले यसलाई देशकाल र वातावरण पनि भन्ने गरेका छन् । जसले जसरी अर्थ लगाए पनि वास्तवमा उपन्यासमा प्रस्तुत कथानकमा घटना घट्ने ठाँउ वा स्थान नै त्यस उपन्यासको परिवेश हो । उपन्यासलाई प्रभावशाली र तीव्र बनाउनमा परिवेशको पनि महत्वपूर्ण भूमिका रहन्छ । देशकालको वातावरण विना उपन्यासकारले

कथानकलाई विश्वसनीयता, पात्रहरूलाई यथार्थता र ऐतिहासिकतालाई सङ्गति प्रदान गर्न सक्दैन (प्रधान, २०६१:११) । यही परिवेशलाई पर्यावरण पनि भन्ने गरिन्छ । उपन्यासमा पात्रहरूको कार्यकलाप हुने वा घटनाहरू घट्ने स्थान, समय र त्यसको मानसिक प्रभावलाई पर्यावरण भनिन्छ। पर्यावरण एउटा परिस्थिति पनि हो जसले पाठकलाई बाँध्ने काम गर्दछ ( बराल र एटम, २०६६: ३२) ।

### २.३.४ दृष्टिबिन्दु

उपन्यासमा कथयिताले कथा वाचनका लागि उभिन वा बस्नलाई रोजेको ठाँउ नै दृष्टिबिन्दु हो । यसबाटै कथयिताले कसरी घटना एवं चरित्रहरूको वर्णन तथा उपस्थापन गर्छ भन्ने कुराको निर्धारण हुन्छ। दृष्टिविन्दुले उपन्यासमा कसले कथा भनेको छ र कसरी कथा भनिएको छ भन्ने कुरालाई बुझाउँछ । कतै कथयिताले आफू नै औपन्यासिक कथानकमा पसेर बोल्ने अनुमति पाएको हुन्छ भने कतै सानो ढोकाबाट देखिएका कुराहरू र कतै सम्पूर्णतः ओकल्ने छुट पाएको हुन्छ (बराल र एटम, २०६६:३५) । माथि उल्लेख गरिएका आधारहरूमा दृष्टिबिन्दुलाई दुई प्रकारमा विभाजन गर्न सकिन्छ। ती हुन्ः

**(क) केन्द्रीय दृष्टिबिन्दु**

**(ख) परिधीय दृष्टिबिन्दु**

केन्द्रीय दृष्टिबिन्दुमा पात्रका रूपमा लेखक स्वयं भोक्ताका रूपमा नियोजित हुन्छ यदि प्रथमपुरूष पात्र भोक्ताका स्थानमा नियोजित छ भने प्रथमपुरूष केन्द्रीय दृष्टिबिन्दु हो र लेखकबाट नियुक्त पात्र पनि प्रथम भोक्ताका रूपमा उपस्थित बन्छ भने त्यो प्रथमपुरूष परिधीय दृष्टिबिन्दु हो । त्यसरी नै पछि लेखकद्वारा तृतीय पुरूषपात्र नियोजित गरिएको छ भने तृतीयपुरूष दृष्टिबिन्दु हो र लेखक म को सट्टामा तृतीय पात्र उपयोग भएको छ भने तृतीयपुरूष परिधीय दृष्टिबिन्दु हो (सुवेदी, २०६४: २७-२८) । आधुनिक उपन्यासहरूमा केन्द्रीय र परिधीय दुवै दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ । नेपाली उपन्यास परम्परामा केन्द्रीय वा प्रथमपुरूष दृष्टिबिन्दु प्रयोग भएका उपन्यासहरूमा ध्रुवचन्द्र गौतमको **उपसंहार तथा चौथो अन्त्य** पारिजातको **शिरीषको फूल** आदि हुन् भने परिधीय दृष्टिबिन्दु वा तृतीयपुरूष दृष्टिबिन्दु प्रयोग भएका उपन्यासमा ध्रुवचन्द्र गौतम, ध्रुव सापकोटा र बेञ्जु शर्माले लेखेको **देहमुक्त**, दौलतविक्रम विष्टको **ज्योति ज्योति महाज्योति** आदि हुन् ।

### २.३.५. भाषाशैली

भाषा र शैली दुई शब्दको समस्त रूप नै भाषाशैली हो । भाषा साहित्यिक अभिव्यक्तिको मार्ग हो । भाषाले उपन्यासका सबै अङ्गहरूलाई सङ्गठित गर्दछ । उपन्यासमा कथ्य र लेख्य दुवै भाषाको प्रयोग अवश्यकता अनुरूप हुने गर्दछ । कथ्य विषयलाई पाठकसमक्ष प्रभावकारी ढङ्गले सम्प्रेषण गर्ने सामग्री नै भाषा हो  औपन्यासिक तत्वहरूलाई आन्तरिक एकात्मकता प्रदान गर्ने सामान्य कार्यमा भाषाको महत्व सर्वाधिक छ । उपन्यासमा कथ्य र लेख्य दुवै भाषाको प्रयोग आवश्यकता अनुरूप हुने गर्दछ । अन्य साहित्यिक विधाभन्दा जीवनको विस्तृत आयामलाई समेट्ने हुँदा यसमा भाषाको सम्पूर्ण शक्तिको प्रयोग गरिन्छ ।

भाषालाई साहित्यकारहरूले आ-आफ्नो तरिका र ढङ्गमा मिलाएर प्रकट गर्ने गर्दछन् । यही प्रकट गराइलाई नै भाषाको रूप वा शैली भनिन्छ । उपन्यासको शैली कथावस्तुअनुरूप पात्रको रूचि र स्तरलाई ध्यानमा राखी प्रयोग गरिन्छ । उपन्यासकारको अलग-अलग व्यक्तित्व भएजस्तै उपन्यासका पनि पृथक-पृथक शैली हुन्छन् । जस्तै वर्णनात्मक, विश्लेषणात्मक, आत्मकथात्मक, आलोचनात्मक आदि । शैलीको परिकारमा विभिन्नता देखिए पनि यसको काम त कथ्यवस्तुको आकर्षक, रोचकतापूर्ण सजीव प्रस्तुतीकरण नै हो, जसबाट उपन्यासकारद्वारा रचित भावालोकको मानवीय विचित्रता वा विशिष्टताहरूसँग रागात्मक सम्बन्ध स्थापित गरेर सहजै परिचित हुन सकियोस् । शैलीगत अनिर्मितताामा औपन्यासिक रूपात्मकताको कल्पना गर्न सकिंदैन (प्रधान, २०६१: ९) ।

### २.३.६. उद्देश्य

जुनसुकै रचनाको सिर्जना गर्दा स्रष्टाले कुनै न कुनै उद्देश्य राखेको हुन्छ । उद्देश्यको परिपूर्तिका निमित्त रचनामा विचारको शृङ्खला प्रवाहित गरिएको हुन्छ उद्देश्यलाई उपन्यासको प्राप्ति भनिन्छ । उपन्यास खासगरी सामाजिक समस्या र वैयक्तिक जीवनका विभिन्न पक्षको विस्तृत अध्ययन हुनाले त्यसमा चित्रित जीवन र समस्याहरू यथातथ्य वर्णनमात्र नभएर तिनीहरूको जीवनप्रति नै उपन्यासकारले कुनै विशिष्ट दृष्टिकोणलाई प्रस्तुत गरिरहेका हुन्छन् । विषयलाई गहनता र विस्तृतता दिएर कुनै सामाजिक समस्या वा सैद्धान्तिक सत्यको प्रतिपादन अर्थात् जीवनदर्शनकै रूपमा मूल्याङ्कित गर्ने काम उद्देश्यले पूरा गर्ने हुनाले यसको महत्वलाई उपन्यासमा स्वीकार गरिन्छ (प्रधान, २०४०: ११) ।

उपन्यासका समष्टि निष्कर्षमा हातलागी हुने दिशा निर्देश नै विचार पक्ष हो र यसको अभावमा उपन्यासको सिर्जना नै अर्थहीन हुन्छ (सुवेदी, २०६४: २६) ।

तसर्थ निष्कर्षमा के भन्न सकिन्छ भने पाठकलाई आनन्द दिनुको साथै समाज तथा व्यक्तिको चित्रण गरेर त्यसबाट निश्चित निष्कर्ष निकाल्दै पाठकलाई शिक्षा वा सन्देश दिनु नै उपन्यास लेखनको उद्देश्य हो ।

### २.३.७.संवाद

पात्रहरूबीचको कुराकानीलाई संवाद भनिन्छ । उपन्यासको कथानक अगाडि बढ्ने क्रममा पात्रहरूबीचको कुराकानीलाई संवाद वा कथोपकथन भनिन्छ । संवाद वा कथोपकथनको प्रमुख कार्य औपन्यासिक चरित्रको चित्रण गर्नु हो र घटनालाई नाटकीकरण गरेर अगाडि लैजानु हो । उपन्यासका पात्रहरूका बीचमा स्थापित समस्या, अन्तर्द्वन्द्व र परिणति संवादले उपयुक्त ढङ्गले प्रस्तुत गर्दछ (बराल र एटम, २०६६:३२) । संवादकै मद्दतले उपन्यासकारले पात्रहरूको बाह्य र आन्तरिक जगत्का जटिलता, सङ्घर्ष, कुण्ठा आदि भावहरूको प्रत्यक्ष बोध गर्दछ  संवाद वा कथोपकथनको सम्बन्ध उपन्यासको कथावस्तुसँग हुन्छ ।संवाद पात्रको स्तरअनुरूपको भएमात्र यसले सफलता प्राप्त गर्न सक्छ । पात्रअनुकूल संवाद र आत्मलाप, मनस्सङ्घात, अनर्मुखी प्रवृत्तिका मूल्यहरू पनि कथोपकथनकै माध्यमबाट व्यक्त हुन्छन् (सुवेदी,२०६४:२३) ।

### २.३.८. द्वन्द्व

कथावस्तु र पात्रलाई क्रियाकलापसँग आबद्ध गराएर अभिव्यक्ति दिने तत्व द्वन्द्व हो । द्वन्द्वलाई कतिपय विद्वान्हरूले सङ्घर्ष भन्न पनि रूचाउँछन् । द्वन्द्व वास्तवमा रचनामा प्रयुक्त जीवनको अन्तर्जटिलताको सूचक हो । द्वन्द्व तीन तहमा विभक्त हुन्छ । मान्छेका बाह्यजीवनमा आइपर्ने विसङ्गतिका कारण देखापर्ने द्वन्द्व, मान्छे-मान्छेसँगका विषमताका कारणले दुवैमा वैमनस्य जन्माउने द्वन्द्व र मान्छेको आफैँभित्र देखापर्ने तनावमूलक द्वन्द्व । ( सुवेदी, २०६४: २४) । नेपाली उपन्यास जगत्मा **पल्लो घरको झ्याल** र **अनुराधा** उपन्यासकी नायिकाका बीचमा पैदा भएका द्वन्द्व व्यक्तिका आन्तरिक मनमा भएका द्वन्द्व हुन भने **माइतघर,लङ्गडाको साथी,चपाइएका अनुहार** आदि बाह्य द्वन्द्व भएका उपन्यासहरू हुन् ।

### २.३.९. प्रतीक र बिम्ब

कुनै पनि मूर्त वस्तुको प्रयोगद्वारा अमूर्त गुण वा भावको प्रयोग गर्न सकिन्छ । यसरी प्रयोग गरिने वस्तु वा घटना जसले सामान्य वा सोझो अर्थ नबुझएर त्यसभन्दा निकै परको अर्थ बुझाउँछ भने त्यस्तोप्रतीक वा घटनालाई प्रतीक भनिन्छ । प्रतीकले एकातिर अमूर्त र अव्यक्तभागलाई भिन्न ढाँचाले मूर्तता र अभिव्यक्ति दिने काम गर्दछ भने अर्कोतिर धेरै शब्द खर्च गरेर भन्नुपर्ने कुरालाई  थोरै शब्दमा मीठोसँग भन्दछ (बराल र एटम, २०६६:४०) ।

बिम्ब भन्नाले मस्तिष्कमा पर्ने कुनै पनि वस्तुको छाया हो । उपन्यासमा यस्तो छाया बसाउने माध्यम भाषा हुन्छ । शब्दका माध्यमबाट श्रोता वा पाठकका मस्तिष्कमा कुनै स्थिति, स्थान, घटना वा पात्रको यथार्थसदृश्य छाया पारिदिने पद्धतिलाई बिम्बविधान भनिन्छ । बिम्बले अर्मूतलाई मूर्तता दिन अर्मूतकै प्रयोग गर्दछ, प्रतीकमा झैं मूर्त वस्तुको सहयोग लिँदैन । बिम्बको भाषा संवेदना  निकट हुने भएकाले यसले मान्छेको हृदय छुने सामर्थ्य राख्छ (बराल र एटम, २०६६:४१/४२) ।

### २.३.१० गति र लय

उपन्यासमा गति नै कथानकको विकासमा रहेको वेग हो । गतिकै सहयोगबाट क्रियाको द्वन्द्व पहिचान गर्न सकिन्छ  भने उपन्यासको सारवस्तुमूलक गहिराइमा पुग्नका लागि पनि गतिको स्थिति बिचार्नु पर्ने हुन्छ । कथानकको विकासमा रहेको वेग नै गति हो । कथानकको हिँडाइ उपन्यासमा दृश्यात्मक र सङ्क्षेप पद्धति गरी दुई प्रकारको हुन्छ । दृश्यात्मक पद्धतिमा संवाद र वर्णनको मिश्रणबाट उपन्यासको गति तलमाथि गर्दा रोचकताको सृजना त हुन्छ तर उपन्यासको गति भने मन्द हुन्छ । सङ्क्षेप पद्धतिमा सूचनात्मकता हुने भएकाले अनावश्यक र पट्यारलाग्दा घटनाहरू सङ्क्षेपीकृत गरिएको हुन्छ जसले गर्दा उपन्यासको गति तीव्र हुन्छ । त्यस्तै लामा-लामा वाक्य, जटिल तथा संयुक्त वाक्यको योजना र संवादको प्रयोगले कथानक मन्द गतिले अगाडि बढ्दछ भने छोटा वाक्य र काव्यात्मक प्रस्तुतिले कथानक तीव्र गतिले अगाडि बढ्छ । उपन्यासमा गतिकै उतार चढावको तरङ्गबाट लयको सृजना हुने गर्दछ । गद्य भाषामा लय भनेको भाषिक ध्वनिबाट उत्पन्न हुने साङ्गीतिकताभित्र निहित मूर्च्छना हो (बराल र एटम,२०६६:४०) ।

# तेस्रो परिच्छेद

# स्रष्टा भाउपन्थीको परिचय र साहित्यिक यात्रा

## ३.१ विषय प्रवेश

साहित्य लेखकको सिर्जना भएकाले यो लेखकीय जीवनदेखि नितान्त पृथक हुन सक्दैन । साहित्यकमा लेखकले आफ्ना भावना, चिन्तन, विचार, इच्छा चहाना आदि प्रकट गरेको

हुन्छ । साहित्यिक कृतिको सिर्जनामा लेखकका कतिपय जीवनका लक्षणहरूले पनि प्रभाव पारेको हुन्छन् । त्यसैले साहित्यिक कृतिलाई अध्ययन गर्नु आवश्यक हुन्छ । यस परिच्छेदमा भाउपन्थीको सङ्क्षिप्त जीवनी प्रस्तुत गर्दै उनको साहित्य यात्र र साहित्यिक व्यक्तित्वको अध्ययन गरिएको छ ।

## ३.२ भाउपन्थीको जन्म–जन्मस्थान र बाल्यकाल

साहित्यकार भाउपन्थीको जन्म वि.सं. २००१ जेठ १४ गतेको दिन लुम्बिनी अञ्चलको गुल्मी जिल्ला अन्तर्गत दिगाम गा.वि.स.को एक ब्राहमण परिवारमा भएको हो । उनी वामदेव उपाध्यायको नाति तथा पिता चुडामणि शर्मा र माता लक्ष्मीदेवी शर्माका जेठा छोरा हुन् । उनको न्वारनको नाम तिलप्रसाद शर्मा खनाल भएपनि नेपाली साहित्य सिर्जनामा भने उनी भाउपन्थी नामले सुपरिचित छन् र उनले श्रीविन्दु उपनामबाट पनि साहित्य लेखन गरेको पाइन्छ । (शोधनायकबाट प्राप्त)

भाउपन्थीको उमेर अढाई वर्षको हुँदा उनका आमाबाबु आर्थिक सम्पन्ताको इच्छा बोकेर नेपालबाट बर्मामा बसाई सरे । त्यहीं भाउपन्थीले वर्मेली सभ्यता, संस्कृति र भाषाका बीचमा उनको वाल्यकाल व्यतीत भयो । त्यसबेला उनले स्कुल पढ्दै बुबा–आमालाई खेतीपाती को काम समेत सघाउने गर्दथे (ढकाल,२०५०:९) । निम्न मध्ययम वर्गीय ब्राहमण परिवारमा जन्मिएका भाउपन्थी  साहित्यिक वातारणमा नभई सामान्य किसान परिवारमा आफ्नो बाल्यकाल बिताएका थिए जसले गर्दा उनको बाल्यकाल सामान्य रूपले अघि बढेको थियो ।

### ३.३ शिक्षा

भाउपन्थीले प्रारम्भिक, निम्नमाध्यमिक तथा माध्यामिक तहसम्मको शिक्षा वर्माको स्थानीय विद्यालयबाट पूरा गरेका हुन् । उनले गोरखपुर स्थित  लालबहादु शास्त्री कलेजबाट आई.ए. उतीर्ण गरेका छन् र उक्त कलेजमा स्नातकसम्मको अध्ययन गरेका छन् । स्नातकसम्म पढेर उनको औपचारिक शिक्षा समाप्त भए पनि अनौपचारिक रूपमा उनी हालसम्म निरन्तर अध्ययनरत छन् ।

### ३.४ पेसा

नेपाली धर्तीमा जन्मी प्रवासी जीवन विताएका भाउपन्थी २०११ सालमा प्रवासी जीवनबाट पुनः नेपाल फर्किए र नेपालको सुदूरपश्चिमाञ्चस्थित कञ्चनपुर जिल्लाको महेन्द्रनगरमा बसोबासको व्यवस्था गरे । नेपाल भित्रिएपछि अनेकौं आर्थिक सङकट भोग्न पुगेका भाउपन्थीले जीविकोपार्जनका निमित्त विभिन्न क्षेत्रमा कार्य गरेको पाइन्छ । उनी जस्ता निम्न मध्यम वर्गीय  युवाहरूको लागि जागिर एउटा वाध्यता नै हुन्थ्यो । उनको पारिवारिक आर्थिक अवस्था कमजोर भएकाले विभिन्न क्षेत्रमा जागिर खाने क्रममा महेन्द्रनगर निर्माण व्यवसाय समिति, नेपाल पेट्रोलियम कम्पनी भैरहवा, साझा प्रकाशन काठमाडौं जस्ता संघसंस्थाहरूमा काम गरे । यी विभिन्न पेसाबाट पाएका असन्तुष्टिका कारण उनी कहिले ठेकेदारी पेसा त कहिले महेन्द्रनगरमा व्यापार व्यवसाय गर्न थाले । राजनीतिक क्षेत्रमा लोकतान्त्रिक समर्थक भाउपन्थी हाल नेपाल प्रज्ञाप्रतिष्ठान, काठमाडौमा प्राज्ञ रहेका छन् र त्यहाँ भाषा साहित्य (गद्य) विभागमा विभागीय प्रमुखको रूपमा रहेका छन् । सुरूसुरूमा जीविकोपार्जनको लागि विभिन्न कार्यहरू गरे पनि हाल आएर उनी मुख्य रूपमा लेखन पेसामा नै तल्लीन रहेका छन् । सरल र मृदुभाषी अनि आफ्नै व्यक्तित्व बढाइचढाई गर्न नचाहने उनी सधै सन्तुष्ट देखिन्छन् ।

### ३.५ भ्रमण

भ्रमण बारेमा त्यती रूचि नराख्ने भाउपन्थी अध्ययन र जागिरका क्रममा देश विदेशका विभिन्न भागमा पुगेको देखिन्छ । अध्ययनको क्रममा भारतका विभिन्न भागमा भ्रमण गरेका भाउपन्थीले जीविकोपार्जनका क्रममा नेपालका विभिन्न ठाउँको भ्रमण गर्न

पुगेका छन् । यसका अतिरिक्त उनले बङगलादेश, सिङगापुर, थाइल्याण्ड र बर्मा सम्मको भ्रमण गरेको पाइन्छ । (सायमी, २०४८,२३)

### ३.६ सम्मान /पुरस्कार

नेपाली साहित्यमा उत्कृष्ट कथाहरूको सिर्जना गरेर विशिष्ट योगदान पुऱ्याए वापत् भाउन्थीले साहित्यिक पत्रकार संघद्वारा वि.सं. २०६९ मा स्थापित मैनाली कथा पुरस्कार प्रथम पटक प्राप्त गरका छन् । त्यसैगरी उनी राष्ट्रिय प्रतिभा पुरस्कार (२०५३) र हासने पुरस्कारबाट पनि पुरस्कृत भएका छन् । त्यस्तै उनी सन् १९७५ मा नेपाली साहित्यमा नारी विषयक चित्रणका लागि सम्मानि भएका छन् । नेपाली साहित्यमा उत्कृष्ट योगदान पुऱ्याएको कदर र मूल्याङ्कन गर्दा उनलाई दुई पटक सम्म नेपाल प्रज्ञा प्रतिष्ठानको प्रज्ञा-परिषदका सदस्यमा मनोनयन गरिएको छ ।

### ३.७ लेखनका लागि प्रेरणा र प्रभाव

भाउपन्थीले कुनै व्यक्ति विशेषबाट साहित्य लेख्ने प्रेरणा पाएको नभई सानैदेखि साहित्यिक कृतिको अध्ययन गर्दा उनी साहित्य रचनातर्फ लहसिएका देखिन्छन् । कुनै व्यक्ति वा साहित्यकारको प्रेरणाबाट नभएर उनको साहित्य लेखन प्रतिभा व्युत्पत्ति र अभ्यासको उपज हो । भाउन्थी देवकोटाको लक्ष्मी निबन्ध संग्रहको भाषा, समको प्रेमपिण्ड नाटकको संवाद र विश्वेश्वरप्रसाद कोइराला, पारिजात, भवानी भिक्षुका कृतिका साथै समकालीन लेखकहरूका रचनाहरूबाट समान रूपले प्रभावित भएको बाताउँछन् । साझा प्रकाशनको जागिरे जीवनका उपलब्ध साहित्यिक परिवेशले पनि लेखन व्यक्तित्व प्रभावित र प्रेरित भएको देखिन्छ (ढकाल,२०५०,११) ।

अध्ययन तथा जागिरका सिलसिलामा देशविदेश घुमेकाले विभिन्न ठाउँमा आफूले देखे भोगेका, महसुस गरेका कुरालाई उनले आफ्ना रचनामा विषयवस्तु बनाएका छन् । उनका कथा र उपन्यासका विषयवस्तु समाजबाट नै टिपिएका छन् । भाउन्पथी को साहित्यि लेखनमा उर्वरता आफै कायम छ र उनी साहित्यिक लेखनमा आफै सक्रिय रहेका छन् ।

### ३.८ लेखन आरम्भ र प्रथम प्रकाशन

बर्मेली भाषा साहित्यसँग आफ्नो बाल्यकाल विताएका भाउपन्थी उच्च शिक्षा अध्ययनका क्रममा हिन्दी भाषा र साहित्यसँग परिचित हनु पुगे । वि.सं. २०२१ मा नेपाल फर्किए पछि उनले केही बर्मेली कवितालाई नेपालीमा अनुवाद गरे । उनको प्रथम प्रकाशित रचना श्रीविन्दु उपनामबाट वि.सं. २०२२ मा प्रकाशित रङ्गहीन कथा हो । त्यसै गरी उनको पुरस्कार कृति भने वि.सं. २०२८ मा प्रकाशित पलाँस उपन्यास हो ।

### ३.९ विधागत सिर्जना यात्रा

नेपाली साहित्यमा भाउपन्थी नौलो नाम होइन । साहित्यकार व्यक्तित्वका दुई पाटा स्रष्टा र द्रष्टा व्यक्तित्व दुवैमा भाउपन्थी धनी देखिन्छन् । स्रष्टा व्यक्तित्वका रूपमा उनी कविता, कथा, उपन्यास, नाटक, निबन्ध आदिको फाँटमा साधनारत देखिन्छन् कथा विधाबाटै साहित्य सिर्जनाको श्रीगणेश गरेका भाउपन्थीको मुख्य क्षेत्र पनि कथा नै हो ।

सानै देखि साहित्यिक कृतिहरूको अध्ययन गर्ने भाउपन्थीले तिनै कृतिहरूको प्रभाव स्वरूप साहित्य जगत्मा प्रवेश गर्ने प्रेरण पाएका थिए । वि.सं. २०२२ सालदेखि सुरू भएको उनको साहित्यिक यात्रा हालसम्म पनि अनवरत रूपमा अगाडि बढिरहेको छ । उनको साहित्य यात्राका विविध पाटालाई यहाँ छुट्टाछुट्टै शीर्षकमा प्रस्तुत गरिएको छ ।

#### ३.९.१ कथा कृति

साहित्यकार भाउपन्थी प्रथमतः कथाकार हुन् । साहित्यका विविध विधामा कलम चलाए पनि उनले पाएको सफलता भने कथाबाटै हो । वि.सं. २०२२ सालमा रङ्गहीन शीर्षकको कथा प्रकाशित भएपछि उनको साहित्य यात्राको औपचारिक रूपमा सुरूवात हुन्छ । उनका पुस्तककार कृतिको रूपमा प्रतिचक्रव्यूह (संयुक्त लेखन, २०३१), एउटा आकारको बारेमा (२०३२), सम्बन्ध(२०३६), सत्ताच्युत र अरू कथाहरू (२०५१), अद्यापि र अरू कथाहरू (२०५२), नदी पनि सुत्छ, ईश्वर पनि निदाउँछ (२०६३) कथा संग्रहहरू प्रकाशित छन् र विभिन्न पत्रपत्रिकामा उनका थुप्रै कथाहरू छरिएर रहेका छन् । कथा लेखनकै माध्यमबाट उनले “मैनाली कथा पुरस्कार र “राष्ट्रिय प्रतिभा पुरस्कार” समेत प्राप्त गरेका छन् ।

### ३.९.२ कविता कृति

भाउपन्थीका साहित्यिक सिर्जनाका फाँटहरूलाई हेर्दा कविता सिर्जना पनि उल्लेखनीय रहेको छ । वर्मेली कवितालाई नेपाली भाषामा अनुवाद गरी आफ्नो कविता यात्राको सुरूवात गरेका भाउपन्थीका हालसम्म विभिन्न पत्र पत्रिकामा प्रकाशित फुटकर कविताहरू यस प्रकार छन् :

| क्र.स.प्रकाशित कविताका शीर्षक | प्रकाशित पत्रिका र मिति |
|---|---|
| १. दुई अनुदित कविता एक आत्मबोध | हिमालय १/३,२०२२ |
| २. दोटाच पुलहरू | हिमालय,१/३, २०२२ |
| ३. आत्मदाह | हिमालय, मंसिर–पुस, २०२३ (अङक वर्ष उल्लेख नभएको) |
| ४. दृश्यान्तर | गोरखापत्र , ६/१५, २०१५ |
| ५. भ्वाङ परेको सारङ्गी | हिमालय, २/४, २०२३ |
| ६. रात | हिमालय, २/४, २०२३ (अङक वर्ष उल्लेख नभएको) |
| ७. सन्धि रेखामा अल्झिएको झिँगा | हिमालय, २/४, २०३३ (अङक वर्ष उल्लेख नभएको ) |
| ८. आत्मस्वीकृति | रूपरेखा, पूर्णङ्क ८०, २०२४ |
| ९. भाउपन्थीका दुई कविता | रूपरेखा पूर्णङ्क ८०, २०२४ |
| १०. शोकवन र सम्झना पहाड | हिमालय, ३/५, २०२४ |
| ११. नववर्ष | रूपरेखा, पूर्णङ्क ८४,२०२५ |
| १२. मेरो पिँढी, समुद्र | गोरखापत्र,६८/२९४,२०२५/११/१८ |
| १३. बसन्त | पारिजात, १ / १०, २०२५ |
| १४. अनास्थाको मृत्यु | बुढी १/१ २०२६ |
| १५. कसले डाक्छ सूर्य यहाँ | बुढी १/१ २०२६ |
| १६. चुप मेरो छोरा चुप | बुढी १/१ २०२६ |
| १७. रित्ता पात्र | प्रगति द्वैमासिक, वर्ष ५, पर्णङ्क १७, २०२६ |
| १८. दुई कविता | मधुपार्क, २/८, २०२६ |

| | | |
|---|---|---|
| १९. | निषेधित पिँढी | बुणि, १ /१, २०२६ र मन्त्र पूर्णङ्क ६, २०२८ |
| २०. | बारूद खानाको समाना | गोरखापत्र, ६९/१६७, २०२६/७/१६ र मन्त्र पूर्णङ्क ६,२०२८ |
| २१. | आधुनिक कविता | मधुपर्क, ३/२, २०२७ |
| २२. | सहर यस्तै छ मान्छे यस्तै छ | गोरखा पत्र, ७०/४५, २०२७/३/६ |
| २३. | त्यो चिज मलाई देऊ | मन्त्र, पूर्णङ्क ६, २०२९ |
| २४. | भयाक्रान्त | मन्त्र, पूर्णङ्क ६,२०२८ |
| २५. | किंवदन्ती | माधुर्य पूर्णाङ्क ८६, २०२९ |
| २६. | फूलहरू | चिन्तन, १ /१, २०२९ |
| २७. | राजीनामा | ज्योतिश्री,१ /४, २०३६ |
| २८. | तीन अनुभूति | गोरखापत्र, ६९/१७५, २०३६/७/१६ |
| २९. | जवहामी बूढा हौंला | गोरखापत्र, ६९/१७५, २०३९/४/६ |
| ३०. | तीन कविता–जाडोमा आइमाइहरू | कविता–पूर्णङ्क, २३,२०४४ |
| ३१. | बालक | कविता, पूर्णाङ्क २३,२०४४ |
| ३२. | म सधैं तिमीलाई खोजेको हुन्छु | कविता, पूर्णाङ्क २३,२०४४ |
| ३३. | आउने र जानेहरू | गोरखापत्र, ९१/९६, २०४८/४/२५ |
| ३४. | आवरण | गोरखापत्र, ९१/९६, २०४८/४/२५ |
| ३५. | मान्छे | गोरखापत्र,९१,२०२,२०४८ /४/१४ |
| ३६. | प्रजातन्त्र र एउटा गाउँ रेवतमूलढी | मुकुटल २४/३–४,२०४८ |
| ३७. | हस्तक्षेप | गोरखापत्र, ९२,८४,२०४९/२/२४ |
| ३८. | समकालीन रूचि पुस्तासँग | कविता, पूर्णाङ्क ५२,२०५२ |
| ३९. | भीडमा एउटी स्त्री | कविता, पूर्णाङ्क ५२,२०५२ |
| ४०. | एकजना हराएका कवि प्रति | कवित, पूर्णाङ्क ५२, २०५२ |
| ४१. | अलिकति अर्के कुरा गरौं | कविता,पूर्णाङ्क ५२, २०५३ |

कवितामा

| | |
|---|---|
| ४२.यो बच्चा किन यसरी रून्छ | कविता,पूर्णाङ्क ५२, २०५४ |
| ४३.एउटा युद्ध विरोधी अनिवार्य कविता | समकाललिन नेपाली कविता, २०५५ |
| ४४. वृक्षको आज गीत | समकालिन नेपाली कविता, २०५५ |
| ४५ म यात्रामा कविता सोचराख्नु | कविता, पूर्णाङ्क |
| ४६. कवि मित्रहरूमा निवेदन | कविता, पूर्णाङ्क ७१,२०५७ |
| ४७. मगज | कविता, पूर्णाङ्क ७१,२०५७ |
| ४८. चराको नाम स्वतन्त्रता | कविता, पूर्णाङ्क ७३,२०५७ |
| ४९. मेरो आवाज सुन | कविता, पूर्णाङ्क ७३,२०५७ |
| ५०. हत्याशिल्प | कविता, पूर्णाङ्क ७३,२०५७ |
| ५१.मलाई शब्दहरू पागल बनाउँछन् | कविता |
| ५२. शरणार्थी | कविता, पूर्णाङ्क ७७,२०५९ |
| ५३. अनुहार | कविता, पूर्णाङ्क ७७,२०५९ |
| ५४. बधशैली | |

आदि ।

यी माथिका कवितालाई आधार मानेर भाउपन्थीको कवित्वलाई केलाउदा प्रायः गरेर तत्कालीन सामाजिक अवस्थाको यथार्थ चित्रण, राष्ट्रियता र राष्ट्रप्रेम, प्राकृतिकप्रेम,धार्मिक, साँस्कृतिक परम्पराप्रतिको आस्था आदि पाउन सकिन्छ । उनका आफ्ना कविता धार्मिक, सामाजिक, साँस्कृतिक विकृति र विसंगतिप्रति व्यङ्ग्य गर्नका साथै रूढिवादी परम्परा,अन्याय, अत्याचार,शोषण,दमन आदिको विरोध गरेका छन् ।

### ३.९.३ निबन्ध कृति

पत्रपत्रिका एक अध्ययन (२०२२) बाट निबन्धयात्रा प्रारम्भ गरेका भाउपन्थीका हालसम्म दुईवटा निबन्ध सङग्रह प्रकाशित हुनुका साथै विभिन्न पत्रपत्रिकामा फुटकर निबन्धहरू छरिएर रहेका छन् । उनका निवन्धात्मक कृतिहरू साहित्यिक पत्रिकाका साथै

दैनिक र साप्ताहिक पत्र-पत्रिकामा पनि प्रकाशित भएको पाईन्छ । उनका प्रकाशित फुटकर निबन्ध र निबन्धसङग्रहहरू यस प्रकार छन् :-

| **क.स.प्रकाशित निबन्ध शीर्षक** | **प्रकाशित पत्रिका र मिति** |
|---|---|
| १. पत्र पत्रिका एक अध्ययन - १ | हिमाल,१/१, २०२२ |
| २. पत्र पत्रिका एक अध्ययन - २ | हिमाल, १/१, २०२२ |
| ३. कुनै एक फूलको नाम लिनुस् | रूपरेखा, १५,३,२०३१ |
| ४. थाकेका माथिङ्गललाई | गाजरण, २/३, २०३१ |
| ५. हिउँद, धुलो, पुल र खोलाहरू | अभिव्यक्ति २२/६६, २०४८ |
| ६. पञ्च जाल र संवन्सहरू | सिर्जना, ५/११, २०३६ |
| ७. शाही शुक्लाफाँटा भित्रको रानीताल र विस्थापिन थारूहरू | देशान्तर साप्ताहिक, ११/१७, २०५० |
| ८. जुँगेहरू नै बढी इमानदार हुन्छन् | गोरखापत्र, ९४/३२८, २०५३/१२/२३ |
| ९. अन्धो, भिकारी, भडेरा र कोट | गरिमा, १४/११/१६७, २०५३ |
| १०. अप्रचलित अर्थहरू | गोरखापत्र,९६/८२,२०५४/४/११ |
| ११. धर्म छाडाले बिगारे है बाटो | गोरखापत्र, ९६/२९८, २०५४/११/२३ |
| १२.बेलपाकोमा हर्ष न विस्मात् | गोरखापत्र, ९६/३५३,२०५५ /१/१९ |

भाउपन्थकीको चोर ! चोर !! (२०५२) हास्य व्यङग्या निबन्ध संग्रह प्रकाशित छ । माथिका निवन्धहरूलाई आधार मानेर भाउपन्थीको निबन्ध यात्रालाई केलाउँदा उनका निबन्धमा प्रायः सामाजिक बिषय बस्तुलाई आधार बनाएर लेखेको पाइन्छ । धार्मिक आस्था, व्यङ्ग्यात्मकता, राष्ट्रियता, जातीयता, प्राकृतक सुन्दरता जस्ता कुराहरूको संयोजन पाइन्छ ।

यिनका उपन्यासमा धर्म, राष्ट्रियता ,जातीयता तथा प्राकृतिक सुन्दरता आदि कुराहरूलाई माथि उकास्ने प्रयत्न गरेका छन् ।

### ३.९.४ समालोचना कृति

भाउपन्थी समालोचनाका क्षेत्रमा पनि कलाम चलाएको देखिन्छ । उनको समालोचना यात्रा गोरखापत्रमा वि.सं २०२६ मा प्रकाशित केही मानक कथाहरूको चर्चाबाट सुरू भएको हो । समालोचनाका पुस्तकाकार कृति नभए पनि उनका समालोचनात्मक लेख रचनाहरू विभिन्न पत्रपत्रिकामा छरिएर रहेका छन् । ती निम्नलिखित रहेका छन् :

| | |
|---|---|
| १.केही मानक कथाहरूको चर्चा : | गोरखापत्र, ६९/२२९, २०२६/९/१२ |
| २.परिचयको माध्यम रमिता : | गोरखापत्र,६९ /३४०,२०२७/१/५ |
| ३. आधुनिक कविताका पक्षमा केही कुरा : | गोरखापत्र, ६९/३४०,२०२७/१/१९ |
| ४.आधुनिक कविता र यसको जीवन दृष्टिकोण र विकास : | मधुपर्क, ३/२, २०४७ |
| ५.आगोनेर उभिएको मान्छे, राजनीतिक किताबहः | गरिमा, ८/१२/२०४७ |
| ६.शताब्दैको अन्त्यमा र शताब्दीको आरम्भतिर : | गरिमा १६ /१२/१५६, २०४७ |
| ७. मानवीय प्रेमका आन्द्वन्द्व अधबैंसे मानिस : | गोरखापत्र, ९९/३२९,२०५६/१२/२६ |
| ८.कवि श्यामल र अनेक एउटा कविता अन्तिम युद्ध : | गरिमा,१६ /१०/१९०,२०५५ |

माथि दिइएका समालोचनात्मक लेखका साथै उनको कविकोश (२०६०) पनि प्रकाशित भएको छ । यसमा नेपाली साहित्यमा विशिष्ट योगदान पुऱ्याउने कविहरूको जीवनी र काव्यप्रवृत्ति प्रस्तुत गरिएको छ । अध्ययन गर्दा उनका समालोचनाहरू कविता,कथा आदि विधामा लेखिएका पाइन्छन् । कुनै कृतिको आफूमा परेको प्रभावका आधारमा प्रभावपरक समालोचना गरेका छन् । उनका समालोचनामा आफूले देखेका कुरालाई निष्पक्ष रूपमा व्यक्त गरेको पाइन्छ । उनका समालोचनात्मक लेखहरू न्यून भएपनि यस क्षेत्रमा सफल देखिन्छन् ।

### ३.९.५ सम्पादित कृति

साहित्यिक रचनाका अतिरिक्त भाउपन्थीले विभिन्न पत्रपत्रिका सम्पादन पनि गरेका छन् । यसबाट उनको सम्पादन व्यक्तित्व झल्किन्छ । उनले सम्पादन गरेका पत्रपत्रिकाहरू यस प्रकार छन् :

| | |
|---|---|
| सम्पादन | बुदी (समासामयिक साहित्य सङकलन),२०२६ |
| सम्पादन | रचना (संयुक्त सम्पादन), २०३३–२०३६ सम्म |
| सम्पादन | आधुनिक नेपाली हाँस्यव्यङ्ग्य सङ्ग्रह, २०६० |
| सम्पादन | पृथ्वी जयन्ती स्मारिका, २०६० |
| अतिथि सम्पादन | समकालीन साहित्य, २०६० |
| सम्पादक | कविता, २०६१ |
| सम्पादक | प्रणयका रचनाहरू (रचना सङग्रह), २०६२ |
| प्रधान सम्पादक | समकालीन साहित्य, पूर्णाङ्क ५६, २०६२ |
| प्रधान सम्पादक | समकालीन साहित्य, पूर्णङ्क ५९,२०६६ |
| प्रधान सम्पादक | समकालीन साहित्य, पूर्णाङ्क, ६०,२०६७ |
| प्रधान सम्पादक | समकालीन साहित्य, पूर्णाङ्क, ६१,२०६७ |

प्रधान सम्पादक समकालीन साहित्य, पूर्णाङ्क, ६२,२०६७

प्रधान सम्पादक समकालीन साहित्य , पूर्णाङ्क, ६३,२०६७

सम्पादक भवानी भिक्षुः कृतित्व र व्यक्तित्व, २०६७

उपसम्पादक जागरण

उपसम्पादक बोनी

उपसम्पादक आँखी झ्याल

उपसम्पादक सिर्जना

भाउपन्थीले कथाविमर्श, नेपाली उपन्यास शतवार्षिकी स्मारिका, च्यातिएका पाइला खोज्दै, तोया गुरूङ्का लामा कविताको पनि सम्पादन गरेका छन् । उनीद्वारा लेखिएको सम्पादकीय लेख र सम्पादित विषयवस्तुबाट उनको सम्पादकीय व्यक्तित्व तटस्थ र मूल्याङकन क्षमता युक्त देखिन्छ ।

### ३.९.६ उपन्यास कृति

कथाबाट साहित्यिक लेखन प्रारम्भ गरी नेपाली साहित्यमा पदार्पण गरेका भाउपन्थी वि.सं. २०२८ सालमा पलाँस उपन्यास प्रकाशन गरी उपन्यास विधामा प्रवेश गरेका हुन् । त्यसपछि उनका आदिपुरूष (२०३२) र उब्रेको मान्छे (२०३५) उपन्यास प्रकाशित भएका छन् ।

### ३.९.७ नाट्य कृति

भाउपन्थीलाई नाटककारका रूपमा चिनाउने एक मात्र नाटक चौथो पात्र (२०३२) रहेको छ । यो आयामका दृष्टिले सानो छ । प्रस्तुत चौथो पात्र नाटकबाट भाउपन्थीको नाटकार व्यक्तित्व झल्किए पनि अन्य विधा सरह नाटकका क्षेत्रमा सङख्यात्मक र गुणात्मक उपलब्धि भने हाँसिल गर्न सकेको देखिदैन ।

निष्कर्ष : लुम्विनी अञ्चलको गुल्मी जिल्लामा वि.सं.२००१ जेठ १४ गतेका दिन जन्मिएका भाउपन्थी निम्न मध्यम वर्गीय परिवारमा जन्मिएर पनि साहित्य सिर्जनामा तल्लीन रहेका छन् । प्रतिभा र निरन्तर अभ्यासले गर्दा साहित्यका विविध विधामा कलम चलाएर पनि मूल रूपमा कथा विधालाई नै उचाईमा पुऱ्याउने काम गरेका छन् । कथा लेखन कै माध्यामबाट विभिन्न मान सम्मान तथा पुरस्कार समेत प्राप्त गरिसकेका छन् । अध्ययन र जागिरका सिलसिलामा उनले देश-विदेशको भ्रमण पनि गरि सकेका छन् । सरल र मिजासिलो स्वभाव भएका भाउ पत्थी सबै प्रति सद्भाव राख्दछन् । मेहनत, लगनशील र इमानदार भएर अघि बढीरहने जुनसुकै चुनौतिलाई पनि पार गर्न सकिन्छ भन्ने शिक्षा उनको जीवनीबाट थाहा पाउन सकिन्छ । जीवन संघर्षमय हुन्छ भन्ने भनाइलाई उनको जीवनीले चरितार्थ गरेको छ । यस्ता क्षमतावान तथा प्रतिभाशाली भाउ पन्थीको रूचीको बिषय भने साहित्य क्षेत्र रहेको छ । उनको कथा,कविता, निबन्ध, समालोचना र उपन्यास विधामा कलम चलाएका छन् । साहित्यिक पत्रिका र साहित्यिक कृतिहरूको पनि उनले सम्पादन गरेका छन् साहित्यका विभिन्न विधाहरू मध्ये कथा विधामा उनको प्रतिभाले उचाई प्राप्त गरेको छ ।

## चौथो परिच्छेद

## उब्रेको मान्छे उपन्यास कृतिको अध्ययन र विश्लेषण

### ४.१ कथानक

उब्रेको मान्छे उपन्यासको विषयवस्तुगत स्रोत समाजवाद हो । यस उपन्यासमा उपन्यसकारले आफूले देखेका भोगेका र समाजमा घटेका र घट्न सक्ने समस्याहरूलाई समेटेका छन् । यो उपन्यास जम्मा २३ परिच्छेद र १२४ पृष्ठमा संरचित लघु उपन्यास हो । प्रस्तुत उपन्यासको परिच्छेद अनुसार कथानकलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

### क) पहिलो परिच्छेद

उब्रेको मान्छे उपन्यासको पहिलो परिच्छेदको सुरूवात पण्डित राधारमण बाजेको परिचयबाट भएको छ । ऊ कट्टर पुरातनवादी आस्तिक ब्राह्मण पात्रको प्रतिनिधिका रूपमा ऊ उपन्यासमा परिचित छ । गाउँमा कर्मकाण्ड गर्दै हिड्ने पुरोहितका रूपमा ऊ उपन्यासमा परिचित छ । "रङ्गका कालाकाला तर निधारको वैष्णव त्रिपुण्ड एक सय एघार अङग्रेजी अङ्कका तीनधर्का भने प्रष्टेको त्यस मुनिकै सानो निधार र डल्लो नाक, चौवीसै घण्टा सुपारीको एउटै कुट्कोलाई खेलाई खेलाई भिजाउने ताल सब मिलेर उनको बाहिरी वान्की ठड्याएका थिए ।" (भाउपन्थी २०३५:१) भन्ने भनाइले राधारमणको शारीरिक बनोट तथा आनीबानीको परिचय पाउन सकिन्छ । परम्परावादी सोचाइ राख्ने राधारमण समयसँगै धर्मकर्मप्रतिको मानिसहरूको आस्था बद्लिएको देखेर उदेक मान्छ । "खाने मुखलाई जुँघाले छेकेको छ र?"(भाउपन्थी २०३५:२) भन्ने उखानबाट राधारमण दुनियाले आफ्नो पेसालाई अवहेलना गरेपनि आफूले सधैं त्यो प्रति लगाव र झुकाव राख्ने उनको मनस्थितिबाट प्रस्ट देखिन्छ । धर्मकर्म छोडेर आधुनिकतातिर उन्मुख भएका नयाँ पुस्ताप्रति घृणाभाव देखाउँदै आफू संकट, जटिलता, व्यावहारिकताबाट पन्छेर ऊ अतीतमा विलाउन चाहन्छ । आफूले अँगाल्दै आएको पुरोत्याँइ पेसालाई आफ्नै छोरो केशवले अवहेलना गर्न थालेको देख्दा भने उसमा मृत्युको कामना उर्लदो भएर देखिन्छ । "पाप त अचेल बढिरहेको छ । आइमाइहरू पहिले घर बाहिर खुट्टा हाल्दैन थिए अचेल नाङ्गा तिघ्रा खुला छाती देखाएर जतापायो उतै हिड्छन् । उति बेला पति परमेश्वर थियो भने अचेल नोकर । राम.......राम.........।"( भाउपन्थी २०३५:३) भन्ने सन्दर्भबाट राधारमण पुरातनवादी साँघुरो सोच राख्ने

महिलाहरूलाई चुह्लो चौकामा मात्र सीमित राख्ने र नारी स्वतन्त्रतामाथि दमन गर्ने सोँच भएको परिवर्तन विरोधी पुरानो पुस्ताको रूपमा देखा पर्दछ । आफ्नै आँखा अगाडि ऊ जन्मेको, हुर्केको सहरले कोल्टे फेरेर विकासको गतिमा तीव्र रूपले अगाडि बढिरहँदा सम्म पनि श्रीमतीको मृत्यु भएपछि अर्को विहे गरेर माया मोह बढाउने, छोराछोरी जन्माउने र जञ्जालमा फस्नु उनले उचित ठानेनन् र उनी विहे नगरी सत्कर्ममा लागे । “एक्लो जीउ खाला घिऊ” भने जस्तै सोचमा एक्लै बसेर मीठो मसिनो खाने, आफ्नो पेसालाई निरन्तरता दिने र एक्लै रमाउनतिर राधारमण लागे । राधारमणले आफू त्यस सहरको पुरानो वासिन्दा भएको नाताले सबैले उसलाई मान्नु पर्दछ भन्ने उसको घमण्ड रहेको छ । तर नयाँ पुस्ताले उसको सोच माथि लात हानेको देखेर राधारमणले उमेर भन्दा धेरै बाँच्नु पूर्व जन्मको भुक्तान गर्नु हो भन्ने ठान्दछ । ऊ हिड्दा हिड्दै, बोल्दा बोल्दै आफ्नो  सास गइहालोस् भन्ने चाहन्छ ।

**ख) दोस्रो परिच्छेद**

वल्लभ सुतेर उठेको प्रसङ्गसँगै दोस्रो परिच्छेदको सुरूवात हुन्छ । वल्लभ उठ्दा दोपहरको घाम ढल्किसकेको हुन्छ । उसले नीमका रूखमा रहेका भँगेराले आपसमा  कुरा गरेका स्वरहरूलाई बुझेझैँ गरी सुनिरहन्छ र कुनै कुनै कुरालाई दोहोऱ्याई गने झैँ अहिले एक्लै चोटि केही केही नभएकोमा पुग्न पाए ? आफू आफू मात्रै भए ?आफैँलाई सुम्सुम्याएर आफूलाई मात्रै पाइरहन पाए ?” (पृ.६) भन्ने भनाइबाट ऊ आफूले  भोगेका जीवन देखि असन्तुष्ट रहेको बुझिन्छ । आफ्नो जीवनको एक्लोपनामा उसले माइती गएकी श्रीमतीलाई सम्झन्छ । उसलाई छोरोको भविष्यका निम्ति भएपनि काम गर्नु पर्छ भनेर उसकी श्रीमती रमाले सम्झाइ रहन्छे । “रमा भएकी भए बिहानै उसलाई जगाएर दूध नराखेको कालो चिया र रातिको बासी रोटी ख्वाएर काममा पठाउने थिई ”(पृ.७) भन्ने भनाइबाट वल्लभको पारिरीक आर्थिक अवस्था प्रष्ट हुन्छ । कहिले काँही विभिन्न वहाना बनाएर ऊ काममा जाँदैन । “माथि खरको छाना भएको झ्याल । यो झ्याललाई रमाले कहिलेकाँही टिनको पाताले छोप्छे............”(पृ.८) भन्ने भनाइले उसको घरको दयनीय आर्थिक अवस्थाको चित्रण गरेको प्रष्टै देखिन्छ । छेवैको कोठामा बस्ने गंगा ड्राइभर  दिनभरीको थकाइमार्न घरमा स्वास्नीसँग जिस्कदै गीतगाउन थाल्छ । वल्लभ थाके झैँ खाटमा बस्छ अनि आफ्नो कोठाको चारैतिर आँखा दौडाउँछ त्यहाँ उसले आफ्नी श्रीमतीको झुण्डाइ राखेको सारीमा

रमाको दुब्लो पातलो जीउ देख्छ । त्यस्तै धेरैदिन सम्म आगो नबलेको चिसो चुह्लो, रित्ता भाँडाहरू, बिहेमा लगेको टिनको बाकस, फुटेको ऐना, धुलोले पुरिएका क्यालेन्डरका चित्रहरू यी सबै माथि रहेका एउटा विपन्न परिवारभित्रको गन्ध भेटाउछ र त्यही गन्धसँग भिजेर सम्पूर्ण चिजहरू परिचित हुन खोजेको जस्तो देखिन्छ ।

**ग) तेस्रो परिच्छेद**

स–साना कथाचूर्णहरूको समिश्रण रहेको यो उपन्यासको तेस्रो अनुच्छेद पनि वल्लभको कथामा केन्द्रित रहेको छ । विहानीपख बल्लभको निन्द्रा खुलेको प्रसङ्गसँगै तेस्रो परिचछेदको सुरूवात भएको छ । "हात, पाखुरा गोडा र छाती एकदमै खोक्रिए । मथिङ्गल एकै छिन सुन्न भयो । मानौं कामको सम्झनाले उसलाई पानी बनाइन्जेल पगालिदियो ।" (पृ.९) भन्ने भनाईबाट उसको काम प्रतिको असन्तुष्टिलाई जटिलताको उपमा दिदै बाँच्नेलाई बाध्यताको रूपमा हेरेको छ । नाता, गोता, नोकरी आफन्तहरू चिनाजानीका मान्छे सबैलाई एउटै परिधिमा स्वीकार्दै बाँच्ने कुरालाई वर्तमान भविष्य र अतीतले कहिल्यै काँध थाप्दैन यो त साधारण काल खण्डको अभिशाप हो भन्दा भन्दै पनि बाँच्ने मोहमा लाग्दछ । उपन्यासमा गंगाड्राइभरकी छोरीको मासल बनोटले वल्लभलाई मख्ख पारेपनि आफ्नो दयनीय अवस्थाले उसमा वितृष्णा जगाउँछ । गंगा ड्राइभरकी साइली छोरीले चिया सँगै हातमा पैसा लिएर दिदीलाई रिबन ल्याइदिने हो अरे भन्दै पैसा हातमा दिएपछि उसलाई कताकता आफ्नी स्वास्नीको हक खोसिएको झै लाग्दछ । एउटा पसलमा सेल्स म्यानको जागिर खाने वल्लभले आफ्नो कहाली लाग्दो भविष्यको कल्पना गर्न थाल्दछ । एकएक उसले धेरै अघिका कुराहरू सम्झन थाल्दछ । ऊ जीवनमा अप्रप्तीबाट लखेटिएको देखिन्छ । ऊ निम्न आर्थिक अवस्थाका कारण आफ्ना इच्छा, चाहनाहरूलाई आफूभित्रै गुम्स्याएर वाँच्न विवश छ । "मैनवत्तीको शिखा झैँ ऊ भित्रभित्रै कातर काम्छ । पग्लेको मैन झैँ दुइथोपा आँशु हत्केला थापेर तप्प चुहाउँछ ।"(पृ.१३) भन्ने भनाइबाट ऊ विसंगतिपूर्ण जीवन बाँचेको निरिह पात्र हो भने कुरा बुझिन्छ । आफ्नो जीवन भोगाइ प्रति उसलाई वितृष्णा जागेको देखिन्छ । त्यही जीवन भोगाइ काम गराइ सब निरर्थक छन् । "कयौँ टन अन्न चपाएका दाँत दाँते गुजीले बाक्लिएर कचकचे हिलो चपाए झैँ बन्दछन् ।" (पृ.१३) भन्ने भनाइबाट निरर्थक जिन्दगीलाई जबर्जस्ती तानेर अगाडि बढाउनु पर्ने र ती गोडा करोडौं माइलको हिँडाइले गलिसके पनि ऊ काममा जान विवश हुन्छ ।

### घ) चौथो परिच्छेद

चौथो परिच्छेदको सुरूवातमा गणेश देखापरेको छ । गणेशले वल्लभलाई पछाडिबाट कुममा कोट्याउँदा वल्लभले उसलाई नचिनेको झैँ गरे पनि गणेशले पुरानो साथी हुँ भन्दै बलजफ्ति चिनाउन खोज्छ । वल्लभदेखि  तर्किन खोज्दा खोज्दै पनि गणेशले उसलाई उम्कन दिँदैन र उनीहरू एउटा थोत्रो होटलमा पस्छन् । गणेश अरूलाई आफूसँग दाँजेर उनीहरूको गल्ती खोज्ने घमण्डी पाराको देखिन्छ । गणेशले पहिले कुनै सरकारी जागिर खाएको तर त्यही जागिर फुत्किए पछि ऊ वेरोजगार भएको कारण कामको खोजिमा शिलाङ जाने विचार गर्छ । "किन हाँसेका भाइ । तिमीले नपत्याएको । तै पनि हेर आफ्नो देश छाडेर  जाँदा कस्तो त लाग्छ तर..........। यहाँ योग्यताको कदरै छैन । मेरो योग्यतालाई कसैले उपयोगै गर्न चाहान्न"(पृ.१८) भन्ने गणेशको भाइले शिक्षित युवाहरू वेरोजगारीका कारण कामको खोजीमा विदेश पलायन हुनुपर्ने वाध्यतालाई देखाएको छ । "तिमीले कतै मलाई नोकारी लगाइ लिन सक्छौ ?" (पृ.१८) भन्ने भनाईबाट गणेशमा वल्लभले कतै नोकरी लगाइदिन सक्छन कि भने झिनो आशा गणेशमा देखिन्छ । वल्लभले उसलाई झुटा आश्वासनमा रूमल्याउन चाहन्न । त्यसैले पाएसम्म जागिर खोजौंला तर ग्यारेन्टी लिन सक्दिन भन्दै त्यहाँबाट विदा हुन्छ ।

### ङ) पाँचौं परिच्छेद

पाँचौं परिच्छेदको सुरूवातमा अफिस जार्दै गरेको बल्लभलाई बाटोमा कुनै अपरिचित व्यक्तिले खर्साबको छोरा ठानी बोलाएकोमा झोकिँदै रामदाइको होटलमा गएर चिया पउिन थाल्छ । रामदाईले पैसा नलिई चिया खुवाएकोमा रमाउँदै ऊ त्यहाँबाट हिड्दछ । एका विहानै गएर शो-केशहरूलाई पुछपाछ पार्नु  अनि लक्ष्मीदेवीको फोटोमा घुपबत्ती बालेर घुमाई त्यसलाई फोटोको फ्रेममा सिउरिनु शोकैशभित्रका छिरल्लिएका मालसामानहरू मिलाउनु आदि उसका दिनचार्य हुन् । उसको मालिक केशव पसलका सामानहरू के कस्तो अवस्थामा छन् नियाल्दा सन्तुष्ट भयो भने बल्लभसँग पसलका बारेमा छलफल गर्छ नत्र चुपाचाप आफ्नो अफिस कोठामा पस्छ । हिसाब बुझाउन गएको बल्लभलाई "यो व्यापार हो मिस्टर बल्लभ ! यहाँ कान र आँखा सधैं खुला राख्नुपर्दछ । खालि तलब पकाउने काम गरेर हुदैन ।" (पृ.२२) भन्ने भनाइबाट सामन्त वर्गले गरिब र निमुखाहरूमाथि नै दमन, शोषण, अन्याय र अत्याचारको झल्को दिएको छ । "आफूलाई

आफूले चाहे जसरी स्थापित गर्छु भनेर सोचु बेकार हो ।" (पृ.२३) भने बल्लभको भनाईबाट ऊ आफूले जिउँदै गरेको जीवन प्रति हतास र निसाश भएको देखाएको छ । बल्लभ आफू गरिब भएकोमा आफ्नो वाबुसँग मात्र होइन उसका पुस्तासँग पनि रिस उठ्छ । गरिबीकै कारण उसले भनेजति पढ्न पनि पाउँदैन । गरिबी उसको जीवनको ठूलो अभिशाप बनेर आएको देखिन्छ ।

## च) छैटौं परिच्छेद

वल्लभको बुबाले उसलाई दिइएको उपदेशसँगै छैठौं परिच्छेदको सुरूवात भएको छ । आफ्नो बाबुले दिएका उपदेशलाई वल्लभले बासी सडेगलेका कुरा सम्झन्छ । ती कुराहरूको वेवास्ता गर्दै सुनेको नसुने झैँ गर्छ । धन सम्पति भन्नेकुरा हामीहरूलाई पनि हाम्रा बाले थुपारिदिएका होइनन् दस नङग्री र पाखुरा लगाएर मेहेनत गर्नुपर्छ । तिमीहरूलाई लंगडा पारेनौ, हुकाइदियौं, विहेदान गरिदियौं विहेदान भन्दै आफ्नो जिम्वेवारी पूरा गरेको बताउँछ । बाबु यस्तो भनाइबाट वल्लभले साँच्चै आफूले मेहेनत नगरेकै हो त भन्ने सोँच्दै जीवनलाई सही मिहिनतले उचाल्ने फाँट नै यस युगमा सिद्धियो भन्ने सोँचाइ राख्छ । आफ्ना र परिवारका साना भन्दा साना आवश्यकतालाई मारेर जिउने वल्लभलाई आफ्नो आउने दिनहरूको बारेमा र घर परिवारका बारेमा सोच्दा पनि कहाली लागेर आउँछ । आफ्नो सानो छोरोले सोधेका जिज्ञासाहरूको जवाफ दिन पनि ऊ सक्दैन । उसले आफ्नो सम्पूर्ण जीवनलाई सेल्सम्यानको जागिरमा धरौटि राखेको अनुभूति उसलाई भएको छ । नजिकैको हाइस्कुलमा विद्यार्थीहरूले भाषण गरिरहेका हुन्छन् । ती विद्यार्थीहरूले मानिसको जीवनलाई हात्ती र जेरीसँग तुलना गरेको कुरा सुनिरहन्छ । ती स्कुले केटाहरू मध्येबाट एक जनाले दाइ भनेर बोलाउँदा खल्लो मान्दै बल्लभ आफ्नो उमेरको हिसाब किताब मिलाउन आतुर देखिन्छ ।

## छ) सातौं परिच्छेद

सातौं परिच्छेदको सुरूवातमा वल्लभ राति नौ बजेतिर पसल वन्द गरेर घर फर्कन लागेको प्रसङ्ग छ । रातिको चकमन्नतामा सम्पूर्ण सहर स्तब्ध देखिन्छ सडकको कालो चउर माथि विभिन्न फोहोरहरू छरपष्ट रहेको देखिन्छ । सडकमाथिको सिन्धि होटलमा मात्र रात्रिको अवशेष गल्याङमल्याङ बाँकी हुन्छ । होटलमा अबेर खाना खाने र भाँडा माझ्ने

केटाहरूको मात्र चहलपहल देखिन्छ । डेरामा जाऊँ कि गंगा ड्राइभरलाई भेट्न अस्पताल जाऊँ भन्ने दोधार मानसिकता बोकेर वल्लभ सडकको धमिलो प्रकाशमा उभिन पुग्छ ।" के भने ऊ आफ्नो परिवार छोडेर त्यसरी भाग्न सक्दैन । अर्को कुरा चाहिँ यस वर्गले पाल्ने इज्जत र इमानको भ्रम, जसभित्र यो वर्ग जगडिएको हुन्छ बरू आफ्नो छोरो काटेर भएपनि स्वामी भक्ति र इमान्दारीको सबुत दिनु" (पृ.३०) भन्ने भनाइले पैसासँग आफ्नो इज्जत र इमान्दारीता साट्न नचाहने विपन्न गरिब वर्गहरूको चरित्र चित्रण गरेको छ । वल्लभ संस्कारका मोहमा जिन्दगीलाई साँघुरो घेराभित्र राखेर गरेको आफ्ना दमित इच्छा र अप्राप्तिहरूको दिवास्वप्नमा रमाएको देखिन्छ । जुन दिन अलि धेरै विक्रि हुन्छ, त्यस दिन मालिकको सट्टा ऊ नै धेरै रमाउँछ, ऊ नै मालिक हो जस्तो भ्रमको मात उसमा चढेको छ । रातको सुनसान सडकमादेखिने मगन्तेहरूलाई वल्लभले आफ्नो मालिक केशवसँग दाँजेर हेर्न पुग्दछ । ती दुईको बीचमा आकाश र जमिनको फरक पाउँछ । "के ऊ यसरी शोकेशको ऐनामात्रै मुसारेर जम्मैलाई नङ्ग्याउने मानसिक तृप्ति खोज्दैछ ?"(पृ.३१) भन्ने भनाइले वल्लभमा रहेको यौन अतृप्तिलाई चित्रण गरेको पाइन्छ ।

### ज) आठौँ परिच्छेद

गंगा ड्राइभरको शारीरिक अवस्थाको चित्रणसँगै आठौँ अनुच्छेदको सुरूवात भएको छ । रोगले गलेको जीर्ण शरीर लिएर ऊ अस्पतालको शैयामा बसेकोछ । उसकी श्रीमती विरामी परेको श्रीमानसँग केही बोल्न चाहन्छे, केही खान्छकी सोध्न चाहन्छे तर गंगा ड्राइभर ऊ सँग बोल्न सक्दैन । वल्लभ उसलाई भेट्न जाँदा आफू बाँच्दिन भन्दै डाक्टरहरूले आफूलाई बाँच्छ भनेर ठगेको कुरा बताउँछ । रक्सी खाएर आफू त्यस्तो विरामी परेको भन्न लाजले घरपरिवारको चिन्ताले लडाएको हो भन्ने तर्क दिन्छ । स्वास्नीले अलिअलि भएको गहना वेचेर भएपनि औषधोपचार गर्छे तर पनि उसको स्वास्थ्यमा सुधार आउन सकेको छैन । " चोरको डाको ठूलो " भन्ने उखानबाट स्पष्ट हुन्छ । गंगा आफूले रक्सी खानाले आफ्नो त्यो हालत भएको छ । अझै पनि रक्सी खाएर होइन भन्दै सबैसँग आफू सज्जन बन्न खोज्दछ । अस्पतालमा नर्सहरूको सेतो पहिरन देखेर गंगा ड्राइभरकी श्रीमती यदि आफ्नो लोग्ने मरिहाल्यो भने आफूले पनि त्यस्तै पहिरन लगाउनु पर्छ भन्ने सोचाइले ऊ निन्याउरिन्छे । औषधोपचारको लागि पैसा जुटाउन सक्ने अवस्था नरहेपछि गंगा ड्राइभर घरमा गएर स्वास्नी, छोराछोरीको बीचमा मर्न चाहन्छ । "कम्पनीले अर्को

ड्राइभर राखिसक्यो होला हाम्रो लागि कस्ले हेर्छ हो । कमाएर दिउञ्ज्याल मात्रै हो ।"(पृ.३६) भन्ने भनाइले धनले सम्पन्न भए पनि दया, माया नभएका  सामन्त वर्गहरूलाई चित्रित गरेको पाइन्छ ।

**झ) नवौं परिच्छेद**

नवौं परिच्छेदको सुरूवातमा केशव होटलबाल्नी भाउजूकोमा पुग्छ । केशवलाई देख्ने वित्तिकै सात महिनासम्म उधारो खाएर पैसा नदिइ भाग्ने लालजीको कुरा निकाल्दै होटलवाल्नी भाउजु अनेक अनेक गाली र सराप दिदै फतफताउन थाल्दछे । केशव चाँहि होटलवाल्नी भाउजूलाई जिस्क्याउँद लालजीको नाममा कुखुराको मासु माग्छ । लालजीलाई होटलवाल्नी भाउजूले यो जन्म नभए नी अर्को जन्म त कहाँ जाला भन्दै गालि गरेको सुन्दा केशव हारेकाहरूको लागि भगवान छन् भनेर दुःख टार्ने कुरामा केशव हाँस्छ । यहाँ केशव नास्तिक जस्तो बनेको छ । होटलमा काम गर्ने केटी उसको अगाडि आइपुग्छे । केशव उसैलाई हेरिरहन्छ । “उसका आँखामा त्यस केटीको एकसरे लुङगी र लोअर चोलीबाट उच्छिट्टिन आँटेका नितम्ब र छातीका गोलाई भुमरी झै घुमे ” (पृ.३८-३९) भन्ने भनाइले केशवमा रहेको यौन विकृतिको चित्रण गरेको छ । उपन्यासमा ऊ अत्यन्तै कामुक पुरूषका रूपमा देखा परेको छ । ऊ होटलमा बसेर रक्सी पिउँदा पिउँदै उक्त केटीसँग रात विताउने र उक्त केटीको शारीरिक बनावट बारेमा केहीबेर सोचिरहन्छ । सोच्दा सोच्दै उक्त केटीको ठाउँमा लालजीको आकृति देख्छ र अनि लालजी संगका आफ्ना कृयाकलाप सम्झन्छ । मासु र रक्सीको धुनमा ऊ मस्त छ । उसले आफ्नो जीवनबोधका कुराहरू रक्सी, मासु केटी र पैसालाई ठान्दछ । भाउजूले होटल व्यवसायका आडमा यौन व्यवसाय  पनि अपनाएकी छ । त्यस होटलमा यौन व्यवसाय मात्र होइन थकाली जुवाखेल पनि हुन्छ । हिप्पी स्टाइलमा हिड्न चाहने लालजी होटलालाहरूको र पत्रिकाबालाहरूको कर्जा तिर्न नसकेर भूमिगत भएको छ । उसले सुनौली जाने बाटोको होटलमा काउन्टरमा बस्ने गुरूङसेनी केटीले आफूलाई एकोहोरो मन पराएको बताउँछ । हङकङमा वेश्यावृत्तिमा सङलग्न युवतीहरूको वर्णन गर्छ । उसको कुराले केशवमा रहेको अतृप्त यौनावेग जागृत हुन पुग्दछ र उसले पसलमा शो–केशमा सजाएका डमीहरूलाई सम्झन पुग्छ ।

## ञ) दशौँ परिच्छेद

नउतनवामा लागेको सर्कसको विज्ञापनको प्रसङ्गसँगै दसौँ परिच्छेदको सुरूवात भएको छ । पहाडीहरू नउतनवामा लागेको सर्कसको प्रचारका पोस्टरहरू हेरिरहन्छन् । वल्लभ पनि तिनीहरू कै सोरमा लागेर केही बेरसम्म त्यो पोस्टरहरू हेरिरहन्छ । "अझैँ पनि सर्प उसको लागि आकर्षक जीव थियो ।" (पृ.४५) भन्ने भनाइले वल्लभको अतृप्त यौनको चित्रण गरेको छ । ऊ आफ्नो पसलका लागि पार्सल लिन स्टेसन गएको थियो । त्यसै क्रममा एक हल लाहुरे बोकेर आएको ट्याक्सीका पछिपछि होटलका केटाकेटीहरू तँछाड मछाड गर्दै दौडिन्छन् । छुट्टीमा आएका लाहुरेहरूलाई होटलवालाहरू सकेसम्म उपाय लगाएर आफ्नो होटल तिर तान्ने र दुई बोतल रक्सी खाँदा दश बोतल सक्सीको पैसा जोडेर ठग्ने यथार्थ घटनाको चित्रण गरिएको छ । "कुखुराको मासुमा बाख्राको मासु मिसाएर पकाउन भन्नु । मसिनेकाँबाट ल्याएको दस वदल छ नि त्यसलाई पन्ध्र बनाउनु भन्नु" (पृ.४७) भन्ने भनाइले सोझा लाहुरेहरूलाई सिकार बनाएर होटलवालाले शोषण गर्ने प्रवृत्तिलाई चित्रित गरेको छ । वल्लभको अगाडिको टेवबलमा खाना खाइरहेको छारे रोग लागेको व्यक्ति एक्कासी बेहोस भएपछि गह्नाएको पुरानो जुत्ता सुँघाएपछि होसमा आउँछ । त्यो देखेर बल्लभले घिन मान्छ र उको खाने इच्छा पनि मर्छ । गरिबले गरिबको जस्तो आनीबानी बसाल्नु पर्छ " (पृ.४९) भन्ने भनाइले गरिब निमुखा वर्गहरूका लागि हातमुख जोर्नु नै ठूलो कुरा हो । भन्ने देखिएको छ । बत्तीस वर्षे जीनकालमा उसले धेरै महत्वाङक्षा साँगालेको थियो तर सम्पन्नता उसका लागि एउटा दुःस्वप्न मात्र बन्न पुग्छ । होटलको केटाले के ल्याउँ साब् ! भन्ने सोधाइले ऊ यथार्थमा आइपुग्दछ र उसलाई आफ्नो कामको सम्झना हुन्छ । तयसपछि ऊ पुलिसको क्यारियर नाघेर बसभित्र पस्छ ।

## ट) एघारौँ परिच्छेद

केशव मालतीलाई लिएर गोरखपुर गएको र त्यहीको होटलमा मालतीसँग बसेको प्रसङ्गसँगै एघारौँ परिच्छेदको सुरूवात भएको छ । होटलका केटाहरूको भर नहुने ठानी कोठाको ढोका बन्द गरेर साँचो ताल्चा मार्ने ठाउँमै छाडिदिन्छ । ऊ अत्यन्तै चतुर प्रवृत्तिको देखिन्छ । मालती सानो तिनो अफिसमा काम गर्ने सामन्य कर्मचारी हो । अफिसको सीमित बजेटले आफ्नो फेसनलाई धान्न नसकेपछि ऊ देहव्यापारमा संलग्न हुन्छे । मालती आर्थिक विपन्नतका कारणले गर्दा वेश्या बन्न पुगेकी छ । उमेर ढल्कदै गएको र आफ्नो शारीरिक

आकर्षण पनि घट्न थालेकाले मालती अब कसैले विहे गरे घरजम गरेर बस्न चाहन्छे । तर उसको कुरालाई केशबले ठट्टामा उडाउन खोज्छ । मालती भावुक भएर रून थाल्दछे । “म अब बूढी भएँ । हा हा हा । ठीक छ अरू दुई चार वर्षसम्म मलाई कसैले अपनाउदैन ” (पृ.५२) भन्ने उसको भनाइले अब केही वर्षमा उसले वेश्यावृत्तिलाई निरन्तरता दिन नसक्ने भएकाले  उमेर छँदै ऊ विहे गर्न आतुर देखिन्छे  । उसको यस्तो व्यवहारले केशवको उत्तेजना सेलाउन पुग्दछ र आजको रात त्यसै वित्यो भन्ने सोच्दै निदाउँछ ।

### ठ) बाह्रौं परिच्छेद

बाह्रौं परिच्छेदको सुरूवातमा पसल अगाडि उभिएकी मालतीले केशव र प्रमोदलाई पसलतिर आउन लागेको ठानी त्यहाँबाट भाग्न खोज्दछे तर उनीहरू अन्तैतिर लागेको देखेपछि ऊ आश्वस्त हुन्छे । थाकेर घर पुगेकी मालतीले आमाको कुरामा छेड हानेको चस्को पाउँछे । मालतीकी बहिनी शारदा सर्लक्क र भर्खरक भएकाले छेवैको कोठामा डेरागरी बस्ने सैक्सन अफिसरसँग बल्भिन पुग्दछे ।“अचेल जातभात भन्ने कुरा कसले खोज्छ । मन मिलेपछि भैगो” (पृ.५६) भन्ने भनाइले जातभातमा विश्वास नगरेर सामाजिक परिवर्तन को भावनाको विकास हुँदै गरेको अवस्थाको जानकारी हुन्छ । जातभातको कुनै मतलब नगरी मालतीकी आमाले त्यही अफिसरसँग छोरीको विहे गरिदिन्छे । बाबु नभएपनि दाजु हुदाहुदैपनि घरपरिवारको सम्पूर्ण जिम्मेवारी सम्हाल्नु पर्दा मालतीलाई असह्य पीडा भएर आउँथ्यो । “बाबुपछि दाजु भन्ने रीतिको बिक्ल्याँटो उसले कहिल्यै उनीहरूको वास्ता गरेन” (पृ.५६) भन्ने मालतीको भनाइबाट उसको दाजुले उनीहरूलाई बेवास्ता गरेको र जिम्मेवारीबाट सर्लक्क पन्छिएको देखिन्छ । उमेरमा बिहे हुन नसक्दा मालतीमा यौन विकृति देखा परेको छ । “घिमिरे पछि पाठक, जोशी, श्रेष्ठ आदि जम्मै उसका अड्डाप्रमुखहरूले उसलाई अँध्यारोमा नङ्ग्याएर खेल्दै छोड्दै गरे”(पृ.५७) भन्ने भनाइले सामाजमा उच्च वर्गबाट फैलिएको यौन विकृति, शोषण र विसङ्गतिलाई उजाउर गरेको छ । मालती आफ्नी बहिनी शारदाले पठाएको चिठी खोल्छे र चिठीसँग पठाएको तस्बिर हेर्दै मख्ख पर्छे अनि चिठी पढ्न थाल्छे । चिठीमा त्यही तस्विरवालाको वयान गरिएको हुन्छ । चिठी पढ्दा पढ्दै बीचैमा छाडेर ऊ त्यो केटोको फोटो हेर्दै आफ्नो अतीतलाई नियाल्न पुग्दछे । एउटै लोग्नेमान्छेप्रति आजीवन समर्पित भएर बस्न नसकेपनि परिवारको ऊ प्रतिको व्यावहारको कारण ऊ बिहे गर्न तयार हुन्छे । मालतीकै भरमा घर चलेको कारणले आमा बिहेपछि

कमाइका कारणले आमाको ऊप्रतिको व्यवहार नरम भएन र भोलि कुनै कारणले उसको नोकरी खोसियो भने के होला भन्ने विचारमा घोरिइरहन्छे ।

**ड) तेह्रौँ परिच्छेद**

केशव सिनेमा हलबाट निस्किएको घटनासँगै तेह्रौँ परिच्छेदको सुरूवात भएको छ । ऊ श्रीमतीलाई लिएर हिंड्न लाज मान्छ । "बाहिर जान उसकी श्रीमतीको फेसन भित्र ठूला छापेको छिटको पेटीकोट देखिने गरी नाइलनको सारी लाउन मात्र थियो" (पृ.६०) भन्ने भनाइले बाहिरी तडकभडक र आधुनिकतामा बाँच्न चाहने केशवकी श्रीमती साधारण भएको बुझिएको छ । दिन दिनै नयाँनयाँ केटी फेरेर तिनको कौमार्य भङ्ग गर्न लालायित केशव यौन विकारले ग्रस्त देखिन्छ । ऊ निमुखा र विपन्न वर्गहरूमाथि धाक–रवाफ जमाएर हिँड्ने गर्दछ । एउटा रिक्सा चढेर ऊ सुनौली हुँदै पक्लिहवातिर जाने आदेश दिन्छ । यसमा रिक्सावालाहरूको दिनचर्या र विपन्न आर्थिक अवस्थाको कारूणिक चित्रण गरिएको छ । रिक्सावालकले जीवनगाथालाई ठट्टाका रूपमा मजा मान्दै सुन्ने केशव भावनाशून्य र मानताहीन देखिन्छ । केशवको कुरा गराई र सोधाइले रिक्सावालको चित्त नराम्रो गरी दुख्छ । उसलाई आफ्नो दुखेको ठाउँमा केशवले घोचिरहेको जस्तो आभास हुन्छ ।

**ढ) चौधौँ परिच्छेद**

चौधौ परिच्छेदको सुरूवातमा केशव होटलमा  प्रमोदहरूलाई भेट्न पुग्छ । उनीहरूको ग्रुप त्यस होटलका नियमित ग्राहक थिए । कुराको शिलशिलामा प्रमोदले आफू वार्ड सदस्यको चुनाव लड्ने र उसको बारेमा पत्रकारले बढाइचढाई गरेर छापिदिने बताउँछ । चेतनाथल पत्रकारिता पेसालाई पैसा कमाउने औजार बनाएको र पैंसाका बलमा राजनीति गर्न तम्सने प्रमोदका माध्यमबाट रानीतिक क्षेत्रमा देखापरेको विकृति र विसङ्गतिको यथार्थ चित्रण गरिएको छ । "त्यसरी काँ हिँड्न  पाउँछ र सय पचास चटाइदिएपछि यिनलाई पुग्छ ।"(पृ.६७) भन्ने भनाइले पत्रकारिता पेशामा देखापरेको विकृतिलाई देखाएको छ । प्रमोदले मालतीको बिहे हुने कुरा केशवलाई सुनाउँछ । "मनमनै यौटा सार्वजनिक ठाउँमा कसैले किन घर बनायो होला भन्ने कुतकुती खेलिरह्यो ।" (पृ.६८) भन्ने भनाइबाट एउटा महिलाको जीवनलाई पुरूष वर्गहरूले आफ्नो सावर्जनिक मनोरञ्जनको साधनको रूपमा लिएका छन्, त्यसमा पनि आवश्यक पर्दा प्रयोग गर्ने र

अनावश्यक परेको खण्डमा त्यसै वस्तुको बेइज्जती गर्दै हिडेको पाइन्छ । मालतीको बिहेको कुराले केशव र प्रमोद दुवैलाई एकछिन अलमलाउँछ  दुवै जनाले मालतीलाई सम्झेर आफ्नो आँखा अगाडि नङ्ग्याएको प्रसङ्गसँगै चौधौं  परिच्छेदको अन्त्य भएको छ ।

**ण) पन्ध्रौं परिच्छेद**

पन्ध्रौं परिच्छेदको सुरूवातमा केशवको घर अगाडिको टोलका रात्रिकालीन अवस्थाको वर्णन गरिएको छ । लुटपुटाइरहेका भुस्याहा कुकुरहरू, ड्रमहरू, क्याम्पका बत्तिहरू, घोडाको दौडाइ जस्ता कुराहरूलाई केशवले बार्दलीबाट नियाल्दछ । त्यहाँबाट ऊ बैठक कोठामा आएर बस्दछ । बैठक कोठाभरि छरिएका सामानहरू उसका सम्पन्नताका प्रतीकका रूपमा आएका छन् । सम्पन्नताको लोभमा परी आमा बावुले खोजिदिएकी केटीसँग बिहे गरेको केशवले आफ्नी स्वास्नीलाई मनदेखि स्वीकार्न नसकेपनि स्वास्नीको अगाडि निरीह देखिन्छ । आफ्नी स्वास्नीलाई आफूले कल्पना गरेकी सबैथोक मिलेकी डमी दमित र कुण्ठित हुन पुगेका छन् । स्वास्नीलाई केवल भोग्या वस्तुका रूपमा मात्र ग्रहण गरेको छ । वासनापूर्तीका लागि बाहिर जति नै भौताँरिएर हिँडे पनि घुम्दै फिर्दै ऊ स्वास्नीको काखमा आउन विवश छ ।

**त) सोह्रौं परिच्छेद**

विहानीको मिर्मिरे उज्यालोको वर्णनसँगै सोह्रौं परिच्छेदको सुरूवात भएको छ । नयाँ विहानीसँगै सबैजना आफ्नो नित्यकर्ममा तल्लीन देखिन्छन् । बिहान बिहानै गालीका पर्रा बर्साउँदै उठाउने मालिक्नीसँग काले रिसले मर्मुरिन्छ तर पनि सम्पूर्ण रिसलाई मारेर काम गर्न बाध्य छ । भर्ती हुन अएको काले छातीको नाप नपुगेर फर्कनु परेकाले घरजाने बाटो खर्च जुटाउन भाँडा माझ्ने नोकरको रूपमा काम गर्न पुग्दछ । विहान उठेदेखि घरका सम्पूर्ण काम गर्नु पर्ने भएकाले मालिक्नीको हप्की दप्की सहनुपर्ने बाध्यतात्मक स्थिति छ । केशवकी आमा जतिवेला पनि फतफत गरिरहने भएकाले उसको नाम बाखी बज्यै रहन गएको छ । बुहारीलाई कज्याएर राख्नु पर्छ भन्ने पुरातनवादी सोचाइ बज्यैमा पाइन्छ । विहानै उठेर पूजापाठ गर्ने बज्यै धर्मात्मा देखिएपनि बुहारीहरूले कतै छलेर नास्ता खाएकी भनेर चियो चर्चा गर्दै हिड्ने पापी मनकी छे । राम्रोसँग खानपनि पनि गर्न नदिने अत्यन्तै लोभी र लालची पात्रका रूपमा बज्यै देखा परेकी छन् । साँहिलो छोरो कमाउने भएकाले

यसको यसको स्वास्नीको हाँकडाँक घरमा चल्थ्यो भने माहिला छोरो दामोदर बेरोजगार भएका कारण उसलाई घरमा हेला गरिन्थ्यो । बाबु आमाले आयस्रोत हेरेर आफ्ना छोराहरूमा भेदभाव राखेको पाइन्छ। "आफ्नो कोठाको भित्तामा झुण्ड्याएको डिग्री लिँदाको पेशावाला तस्वीर हेरिरह्यो" (पृ.६४) । भन्ने दामोदरको भनाइले अनेकौँ सपना बोकेर उच्च शिक्षा हाँसिल गर्ने युवापुस्ताहरू शिक्षित भएपनि बेरोजगारीक सिकार बन्न पुगेको कुरालाई अत्यन्त मार्मिक ढङ्गले चित्रण गरिएको छ । "उसले आफूलाई असङगत बेकार र आमा बाका आँखामा पनि बिझाउने छेस्को भएर बाँचेको पायो" भेन्ने भनाइले उसको विसङ्गतिपूर्ण जीवनका भोगाइहरूलाई उजागर गरेको छ । बेरोजगारीका कारण घरमा अवहेलना सहनुपरेको झोँकमा कुनामा बसेर रोइरहेकी स्वास्नी माथि एक लात बजार्न पुग्छ । माइतीहरूले दाइजो नदिएकाले ऊ माइतीहरूलाई पनि गाली गर्न थाल्छ । यसले दाइजो प्रथाले निम्त्याएका विकृतिलाई  चित्रित गरेको पाइन्छ । नोकरले यस्तो घरका सम्पूर्ण काम गर्दा पनि दामोदरका बूढाबूढीले सुखसँग एक छाक खप्न पनि पाउँदैनन् ।

### थ) सत्रौँ परिच्छेद

बल्लभको प्रसङ्गसँगै सत्रौँ परिच्छेदको सुरूवात भएको छ । भुत्तेको ब्लेड र रङ खुइलिएको रेजरमा विना साबुन र बुरूश दाह्री खौरन थाल्छ । सोच्छ यसो गर्दा वास्तवमा मानिसको जीवनलाई जता ढाल्यो उतै ढल्छ भन्दै चित्तबुझाउँछ । बल्लभले आफ्नो असहाय र दयनीय अवस्थासँग आफूलाई अभ्यस्त गराउँदै लगेको देखिन्छ । "आजको दारी खौराइ एघारौँ पटकको थियो "(पृ.७८) भन्ने भनाइ बाट बल्लभले आफ्नो जीवनकालमा आर्थिक अभावका कारण आफ्ना जीवनकालमा आर्थिक अभावका कारण आफ्ना सीमित इच्छा तथा आवश्यकताहरू समेत तुहाएर राखेको छ । ऊ चाहेर पनि ती आवश्यकताहरूलाई पूर्णता दिन सकिरहेको छैन । कापीमाथि किरिडमिरिङ रेखाहरू कोर्दै गरेको छोरालाई हेरेर उसले पनि आफूले जस्तै गरीबीको मार खपेर बाँच्नु पर्ने होला भनेर उदेक मान्छ । छोराले कापीमा बनाएको किरिडमिरिङ रेखाहरूलाई महान् वैज्ञानिक बन्ने लक्षण त होइन भन्ने प्रश्न आफै माथि गर्छ । ठूला ठूला वैज्ञानिकहरूले यस्तै सामान्य कुराबाट त स्याउ आकाशतिर नगएर जमिनमा किन खस्छ ? चङ्गा उडाएर बिजुलिको भट्टा परिक्षण भएको जस्ता कुराहरू पत्ता लगाएका हुन् भन्दै छोरामाथि आशाको भाव दर्साउछ । धार खिइएको रेजरले दाह्री खुर्कन असफल प्रयास गर्छ । गरिबीले ढाड भाँच्न लागेको अवस्थामा छोराले

मासु खाने इच्छा जाहेर गरेपछि आज त औँसी मासु काट्दैनन् अब दशैँमा खाउँला भनेर टारिदिन्छ । भाग्यमा विश्वास गर्ने वल्लभ गोरखापत्रको राशिफल सधै हेर्ने गर्छ । ऊ कतै चिठ्ठा खोलेको थाहा पाउनासाथ त्यहाँ पुरा चिठ्ठा किन्दछ । गरिबीको रापमा पोलिदै गएको वल्लभको पारिवारिक अवस्थाको प्रसङ्गले समाजका निम्न वर्गका व्यक्तिहरूको कष्टपूर्ण जीवनको प्रतिनिधित्व गरेको छ ।

### द) अठारौँ परिच्छेद

अठारौँ परिच्छेदले सुरूवातमा वल्लभ दिउँसो निन्द्रबाट व्यूँझदा रमेश भुइँमा गुन्द्रीमाथि रमाइलो निन्द्रामा गुडुल्किएर सुतिरहेको देख्छ । छोरालाई सुतेकै आवस्थामा छाडी ऊ रामदाइको चिया दोकानमा चिया खान जान्छ । त्यहाँ केही किसानहरू धानको भाउ घटेकोमा दुःख मनाउ गरिरहेको हुन्छन् -"सरकारले यस्तो मामिलामा आँखा चिम्लिदिन्छ"( पृ.८८) भन्ने भनाइले कृषिप्रधान देशका कृषकहरू सरकारी नीतिका कारण मर्कामा परिरहेका यथार्थ चित्रण गरिएको छ । किसानहरूलाई लाटो, सोझो सम्झेर सरकारी तहका मन्त्री देखि कर्मचारीसम्मले दबाउन, हेप्न खोज्ने वास्तविकतालाई उजागर गरेको छ । सम्पन्न वर्गहरू झनझन् सम्पन्न हुँदै गएका र विपन्न वर्गहरू गरिबीको चपेटामा पिल्सन वाध्य भएक छन् भन्ने कुरालाई वल्लभको माध्यमबाट प्रस्तुत गरिएको छ ।

### ध) उन्नाइसौँ परिच्छेद

राति अँध्यारोमा अभयलाई अस्वभाविक र अकस्मात आक्रमण गरेको घटनासँगै उन्नाइसौँ परिच्छेदको सुरूवात भएको छ । विना लाइसेन्सको हतियार राखेको अभियोगमा उसलाई पुलिसले पक्रिन्छ । पुलिसले शिवकुमारको बारेमा सोध्दा उसले चिन्छु भन्दछ । शिवकुमार घटनाको केही दिन अघि मात्र अभयलाई खोज्दै उसको पसलमा आइपुग्छ । अभय र ऊ रातिको खाना खाइवरि डेरातिर फर्कन्छन् । शिवकुमार मिलिटरीबाट भाग्दा चोरेर ल्याएको पिस्तोल कसले किन्ला भन्दै अभयलाई सोध्छ । उसले आफू गैरकानुनी हतियारको व्यापारी नभएको र आफ्नो कोठाबाट शिवकुमारलाई जान पठाउँछ । शिवकुमारले उसलाई चेतावनी दिन्छ जसको फलस्वरूप केही दिन पछि उसले अभयमाथि आक्रमण गर्छ र अभयले आफूलाई पेस्तोल दिएर डाँका हाल्न पठाएको झूटो बयान पनि दिन्छ । शिवकुमारको कारण अभय जेलमा पर्छ र उसको आफ्नो विगतको दिन र घरपरिवार

सम्झन पुग्छ । "गाउँमा के छ र बहिनी ? सहर गएर कमाएर आउँछ अनि सबै उतै जाने नि "(पृ. ९९) । भन्ने भनाइले अभयले घरमा रहेक परिवारको निम्ति सहरमा पैसा कमाउन आएको थियो । खेतबारी पढाइमा सकेपछि पैसा कमाएर आमा बा र बहिनीलाई सु:ख दिन सहर पसेको अभयलाई शिवकुमारले परिवन्दमा परेर उसलाई जेलमा पार्दछ ।

**न) बीसौँ परिच्छेद**

बीसौं परिच्छेदको सुरूवातमा वल्लभको कारूणिक अवस्थाको चित्रण गरिएको छ । आफ्नो मृत बाबुका हरेक कृयाकलापहरूको सम्झना गरेर ऊ भावविह्वल बन्न पुगेको छ । वल्लभको बाबुलाई आफू सुकुम्बासी भएपनि आफ्ना छोराहरू पढेलेखेर ठूला मान्छे बन्नेछन् भन्ने गर्व थियो तर छोराहरूले वल्लभले म्याट्रिक मात्रै पढ्न भ्यायो भने भाइ चाहिं छ कक्षा सम्म मात्र पढेर छोड्यो । पढेपछि जादुको छडी घुमाएर भएपनि सम्पन्न हुन सकिन्छ भन्ने बल्लभको सपना सहर आएर मनीमगिरी गरेपछि भत्किन पुग्छ । बाबु नमर्दै ऊ बाबुले सरकारसँग लडेर पाएको जग्गा बेचेर व्यापार व्यवसाय गरौँ भन्न गाउँ जान्छ तर बाबुले सुकुम्बासीबाट सुकुम्बासी हुन सहर जान्नँ भन्दछन् ।

**प) एक्काइसौँ परिच्छेद**

एक्काइसौँ परिच्छेदको सुरूवातमा वल्लभ अग्निधरलाई भेट्न जान्छ । जागिरको क्रममा अग्निचर कञ्चनपुरतिर लागेकाले उनीहरूबीच भेट भएको हुदैन । कञ्चनपुर जिल्लातिर जग्गा बाँडिदैछ भनेर हाम फाल्दै गएको मणिरामले अग्निधरलाई भेटेको भन्दै उसको नालीबेली बल्लभलाई सुनाउँछ । अग्निधरलाई भेट्न गएको वल्लभ उसको घरको आद्रता देखेर विरक्त भई नभेटी घर फर्कन्छ । बल्लभ गाउँ गएदेखि उसका भाइबुहारीले जग्गा माग्छ कि भनेर त्रसित भई निन्याउरिएका देखिन्छन । त्यसैले उसले केही पनि नलिने अठोट गर्छ । उसले गाउँका ठूलाघरे साँहिला, फाया, ठूटे  र उसकी आमा, बैनी काहिँली आदि आफ्ना मन मिल्ने साथीहरू र छर छिमेकीहरूलाई एकएक गरी सम्झन थाल्छ ।

**फ) बाइसौँ परिच्छेद**

जाडो यामसँगै बल्लभको जीवनमा देखापरेको चिन्ताका लहरहरूको प्रसङ्गका साथ बाइसौँ परिच्छेदको सुरूवात भएको छ । रामदाइको छाप्रोभित्र देखापरेकी बूढी वेश्यावृत्तिमा

संलग्न छे । उसले ६ सय कम्पनी नगदमा छोरीसमेत बेच्न पुगेकी छ । आफ्नै पसलमा जम्मा हुने मध्येको एउटा देशीले छोरी किन्दछ । छोरी देशीले लिएर गएपछि अरू होटल गुण्डाहरूले बूढीलाई छोरी बेची भनेर छेड हान्दछन् । "तिमीहरूको रेडियोले फर्क है नेपाली तिम्लाई डाक्छ हिमाली भनेर दुनियाँको मन भ्रमाइदिन्छ । यी म एक जना बूढियाको केही बन्दोबस्त गरिदिन सक्यौ तिमेरूले"(पृ.११२-११३) भन्ने बूढीको जवाफले प्रवासी नेपालीहरूलाई स्वदेश फर्काउने काममा सरकार सफल भएपनि उनीहरूको उचित बन्दोबस्त गर्न नसक्दा जीवनयापनका लागि बेश्यावृत्ति जस्तो पेसालाई अँगाल्न विवश जनताहरूको चित्रण गरेको छ ।

**ब) तेइसौँ परिच्छेद**

बल्लभ बुटवल आएको प्रसङ्गसँगै तेइसौँ परिच्छेदका सुरूवात भएको छ । अपरिचित गल्लीहरूका माझ ऊ गणेशको घर खोज्दै हिँड्दा एउटा छाप्रो अगाडि गणेशलाई बिँडी तान्दै गरेको देख्छ । गणेशले उसलाई आफ्नो छाप्रोमा लैजान्छ । गणेशको घरको अवस्था अत्यन्त जीर्ण देखिन्छ दमको रोगी बूढो र गरिबीले आधा जिउ पनि छोप्न नसक्ने छोराछोरीको अवस्थाले उसको दरिद्रता झल्काएको छ । गणेश जसोतसो आफ्नो दरिद्रतालाई छोप्ने असफल प्रयास गरिरहन्छ । उनीहरू त्यहाँबाट चिया खाने होटलतिर लाग्छन् । गरिबीले नाङगो बनाइसक्दा पनि गणेशमा धाक, रवाफ विद्यमान देखिन्छ । जागिरदेखि दिक्क भएर हिँडेको बल्लभलाई अहिले आफ्नो जागिर सबैभन्दा उपयुक्त लाग्दछ । ऊ आफ्नो विगतलाई भूलेर वर्तमानको नयाँ जीवनको सुरूवात गर्न चाहन्छ । वसमा भेटेको बूढोलाई देख्नासाथ  आफ्नो बाबुले ऋणलिएको बूढो यही हुन सक्छ भनेर ऊ डराउँछ । तर त्यो बूढो गएपछि आफ्नो डर निरर्थक रहेको चाल पाउँछ । बस स्टेसनबाट आएपछि ऊ गङ्गा ड्राइभरको हाल बुझ्न अस्पताल पुग्दा त्यहाँबाट एक हुल मलामी उसको लास बोकेर आइरहेको देख्छ  ऊ मलामी जाऊँ कि पसलतिर जाँऊ भनेर अलमलिन्छ र मलामी नजाने निर्णयका साथ केही नभए झैँ ऊ सडकमा भौतारी हिँडिरहन्छ ।

प्रस्तुत उपन्यासको कथानकलाई परिच्छेद अनुसार उल्लेख गरेपछि निष्कर्षमा निम्नानुसार देखाउन सकिन्छ :

यस उपन्यासको पहिलो परिच्छेदमा राधारमण बाजेको परिचय र उनको जीवन दृष्टिको बारेमा उल्लेख गरिएको छ । पुरातनबादी आस्तिक र कर्मकाण्डमा ज्यादै रूचि देखाउने राधारमण पुरोहितका रूपमा यहाँ देखापरेका छन् । उनको शारीरिक बनोटलाई पनि यस परिच्छेदमा उल्लेख गरिएको छ । त्यस्तै दोस्रो परिच्छेदमा बल्लभले आफूले भोगेको जीवनदेखि असन्तुष्ट रहेको छ । उसले आफ्नो जीवनलाई स्वादहीन भएको अनुभव गरेको छ । माइती गएकी श्रीमतीको सम्झना गर्छ । आफ्नो छोराको भविष्यको लागि भए पनि काम गर्नु पर्छ भन्ने श्रीमतीको कुरालाई मनमा खेलाउँदै आफ्नो घरको दयनीय अवस्थालाई नियाल्छ । छेवै कोठमामा बस्ने गंगा ड्राइभर स्वास्नीसँग जिस्कदै गरेको देख्दा उसको आफ्नो अवस्थाको तुलना गर्दछ । तेस्रो परिच्छेदमा बल्लभ आफ्नो कामप्रति असन्तुष्ट रहेको छ उसले आफू बाँच्नका लागि मात्रै काम गरेको पाइन्छ । बल्लभले गंगा ड्राइभरकी बढेकी छोरीको मांशल देख्दा उसमा यौन तृष्णा जागेर आउँछ तर उसको पेसा सम्झे कहाली लाग्दो भविष्यको कल्पना गर्न थाल्छ । वल्लभले आफ्नो जीवन भोगाइ निरर्थक रहेको अनुभव गर्दछ । चौथो परिच्छेदमा गणेश र बल्लभको भेट हुन्छ । गणेशले आफू वल्लभको पुरानो साथी भएको कुरा बताउँछ तर वल्लभले नचिनेपछि जवर्जस्ती चिनाउँदछ । गणेश बेरोजगार भएपछि रोजगारको लागि शिलाङ जान्छु भन्ने प्रसङ्गबाट शिक्षित युवाहरू वेरोजगारीका कारण विदेश पलायन हुनु पर्ने बाध्यतालाई देखाइएको छ । पाँचौ परिच्छेदमा बल्लभको दिनचर्यालाई स्पष्ट पारिएको छ । उसको काम बाट असन्तुष्ट भएपछि मालिकले गाली गर्दछ । यहाँ सामन्त वर्गले गरिब र निमुखहरूमाथि गर्ने व्यवहारलाई देखाइएको छ । छैटौं परिच्छेदमा वल्लभको बाबुले आफ्ना छोराछोरीप्रति निभाएको कर्तव्य र उनीहरूलाई दिएको उपदेशलाई जोडिएको छ । आफ्ना सानो भन्दा सानो आवश्यकतालाई मारेर जिउने वल्लभ आफ्नो परिवारको बारेमा सोच्दा चिन्तित देखिन्छ ।

सातौं परिच्छेदको सुरुवात वल्लभको दोधार मन सँगै भएको छ । आफ्नो डेरामा जाऊँ कि विरामी गंगा ड्राइभरलाई भेट्न अस्पताल जाऊँ भन्ने अन्योलमा छ । वल्लभ आफ्ना दमित इच्छा चाहानाहरूसँग दिवास्वप्नमा रमाएको छ । सडकमा देखापर्ने मगन्ते र आफ्नो मालिकको तुलना गर्दा ती दुई बीच आकाश जमिन फरक गर्दछ । गंगा ड्राइभरको शारीरिक अवस्थाको चित्रण आठौं परिच्छेदमा गरिएको छ । रक्सी खाएर विरामी परेको गंगाड्राइभर लाजले परिवारको चिन्ताले विरामी परेको बताउँछ । आर्थिक अभावका कारण

औषधोपचार गर्न नसक्ने गरिब र दुईचार दिन काममा नजाँदा जागिर नै खोसिदिने सामन्त वर्गको चित्रण गरिएको छ। नवौँ परच्छेदमा केशवमा रहेको यौन विकृतिको चित्रण गरिएको छ  उपन्यासमा ऊ अत्यन्तै कामुक पुरूषका रूपमा उपस्थित भएको छ। दसौं परिच्छेदमा होटल व्यवसायका नाउमा सोझासाझा लाहुरेहरूलाई सिकार बनाएर शोषण गर्ने प्रवृत्तिलाई खुलस्त रूपमा देखाइएको छ । त्यस्तै गरिबका लागि हातमुख जोर्नु नै सबैभन्दा ठूलो सामस्या रहेको कुरा उल्लेख गरिएको छ । सामान्य अफिसको सीमित बजेटले आफ्नो घर व्यवहार र फेसन धान्न नसकेर देहव्यापार गर्न विवश मालतीको चरित्रलाई एघारौं परच्छेदमा समेटिएको छ । उमेरमा विहे नहुँदा तनावमा परेकी मालतीको प्रसङ्गबाट बाह्रौं परिच्छेद सुरू भएको छ । यहाँ मालतीलाई सम्पूर्ण घर व्यवस्था सम्हाल्नु परेको छ । समयमा विहे नहुँदा उत्पन्न हुने यौन विकृतलाई मालतीको माध्यमबाट देखाइएको छ । समाजमा रहेका उच्च वर्गका व्यक्तिहरूले जागिर दिने बहानामा महिलामाथि हुने गरेको यौन विकृत, शोषण र विसंगतिलाई उजागर गरेको छ।

तडकभडक र आधुनिकता चाहने केशव श्रीमतीलाई लिएर बाहिर निस्कन लाज मान्छ। दिन दिनै नयाँ नयाँ केटी फेर्दै हिड्ने केशव यौन विकारलले ग्रस्त रहेको देखिन्छ। गरिब र विपन्न वर्गमाथि धाक र रवाफ देखाउने केशव भावनाशून्य र मानवताहीन रूपमा देखिन्छ। तत्कालीन रानीतिक क्षेत्र र पत्रकारिता पेसामा देखिएको विकृति र विसंगतिको यथार्थ चित्रण गरिएको छ । आफ्नी श्रीमती आफूले सोँचेभन्दा विपरीत भएपछि केशवमा रहेका यौन इच्छाहरू दमित र कुण्ठित हुन पुगेका छन् । आफ्नो रोजाइ भन्दा फरक चिजबाट मानिसमा सन्तुष्टि मिल्दैन भन्ने कुरा केशवका माध्यमद्वारा प्रष्ट पारिएको छ । बाखी बज्यैको पारिवारिक आवस्थाको चित्रण गरिएको छ। पुरातनवादी सोच भएकी वज्यैले बुहारी भनेका माग्न आएका हुन् जस्तो व्यवहार दखाएकी छिन्। उनको माध्यमबाट उक्त समयमा वुहारीमाथि गरिने दमन शोषणलाई प्रष्ट पारिएको छ । दामोदरका माध्यम द्वारा उच्च शिक्षा हासिल गरेर पनि वेरोजगार रहनु पर्दा अपहेलित र विसंगत हुनुपर्ने अवस्था देखाइएको छ । असहाय र दयनीय अवस्थामा रहेको वल्लभले आफूले जस्तै छोराले पनि गरिबीमा बाँच्नु पर्ने त होला भनेर उदेक मन्छ। छोराले मागेको साना भन्दा साना इच्छा, चाहनाहरू पनि पूरा गर्न नसक्ने वल्लभको पारिवारिक आवस्थाले समाजका निम्न वर्गका व्यक्तिहरूको प्रतिनिधित्व गरेको छ । अठारौँ परिच्छेदमा कृषिप्रधान देशका कृषकहरू सरकारी नीतिका कारण मर्कामा परेको र किसानहरूलाई लाटा, सोझा सम्झेर मन्त्रीदेखि

कर्मचारीसम्म दबाउन हेप्न खोज्ने वास्तविकतालाई उजागर गरेको छ । उन्नाइसौँ परिच्छेदमा अभय जस्ता सोझो व्यक्तिलाई अनेक नाटक गरेर फसाउने शिवरामको चरित्रलाई प्रष्ट पारिएको छ । पढेपछि जादुको छडी घुमाएर सम्पन्न बन्न सकिन्छ भन्ने सोच राखेको वल्लभ सहर आाएपछि उसका सम्पूर्ण सपना भत्किन पुग्छन् । अन्त्यमा ऊ व्यापार गरेर जीवन निर्वाह गर्ने टुङ्गोमा पुग्दछ । अग्निधरलाई भेट्न गएको वल्लभ उसको दरिद्रता देखि विरक्त भई नभेटि घर फर्कन्छ । उसले आफ्नो पहिलेको समाजलाई सम्झन्छ । वाइसौँ परिच्छेदमा प्रवासी नेपालीहरूलाई स्वदेश फर्काएर पनि सरकारले उनीहरूको उचित बन्दोबस्त गर्न नसक्दा जीनयापनका लागि वेश्यावृत्ति जस्तो पेसालाई अँगाल्न विवश जनताहरूको  चित्रण गरेको छ । अन्तिम अर्थात तेइसौँ परिच्छेदमा गरिबीले नाङ्गो बनाइसक्दा पनि धाक र रवाफ विद्यमान रहेको गणेशको पारिवारीक अवस्थाको चित्रण गरिएको छ ।

यस उपन्यासलाई फ्रेटागको पिरामिड सिद्धान्तलाई आधार मानेर अध्ययन गर्दा पहिलो परिच्छेद देखि छैटौँ परिच्छेदसम्म आरम्भको अवस्था रहेको छ । राधारमण, बल्लभ, गंगाडाइभर, गणेश, जस्ता पात्रहरु परिचय र उनीहरुले सामना गर्नुपरेको परिस्थितिलाई उजागर गरिएको छ ।  धर्मकर्ममा लागेका राधारमण बाजे, स्वादहीन जीवन बाँचेको वल्लभ, वेरोजगारीका कारण भौँतारिदै हिडेका गणेश र आफ्ना छोराछोरीप्रति कर्तव्य पूरा गरेरका बल्लभका बावुको सन्दर्भलाई जोड्दै कथानक अगाडि बढेको छ ।

उब्रेको मान्छे उपन्यासको सातौँ देखि बाह्रौँ परिच्छेद सम्मको अवस्था भनेको सङ्घर्ष विकासको अवस्था हो । यहाँ वल्लभ दोधार मन लिएर हिडेको छ । उसमा आन्तरिक द्वन्द्वले जरा गाडेर बसेको छ । दमित इच्छा र चाहानालाई दिवा स्वाप्नका माध्यमबाट रङ्गीन बनाएको छ । गंगाड्राइभर रक्सी खाएर बिरामी परेको भन्दा लाज हुन्छ भन्ने ठानेर परिवारको चिन्ताले भन्दै लाजलाई ढाकछोप गर्न वाध्य भएको  छ । आफ्नो सामान्य अफिसको सीमित बजेटले घर व्यवहार धान्न नसकेर देहव्यापार गर्न विवश मालतीको बाध्यात्मक अवस्थालाई यहाँ उल्लेख गरिएको छ । समयमा बिहे नहुँदा देखा पर्ने यौन विकृतिलाई मालतीको माध्यमकाट प्रष्ट पारिएको छ ।

उपन्यासमा तेह्रौँ परिच्छेद देखि अठारौँ परिच्छेद सम्मको अवस्था भनेको चरमको अवस्था हो । यस अवस्थामा पात्रहरु गम्भिर तथा महत्त्वपूर्ण अवस्थामा पुग्दछन् । गरिब र

विपन्नमाथि धाक रवाफ देखाउने केशव भावना शुन्य र मानवताहीनका रुपमा देखिन्छ । आफ्नी श्रीमती सोँचे भन्दा फरक हुँदा केशवमा रहेका यौन इच्छाहरु दमित र कुण्ठित हुन पुगेका छन् । उच्च शिक्षा हासिल गरेर पनि वेरोजगार भएका कारण अपेहेलित हुनु परेको दामोदर जस्ता युवा वर्गको यथार्थ प्रष्ट पारिएको छ । गरिवीले ग्रस्त बल्लभ आफ्नो छारो पनि गरिवीमै बाच्नु पर्ने भयो भन्ने चिन्तामा रहेको छ । सरकारी नीति कमजोर भएका कारण किसानहरुले मन्त्रीदेखि कर्मचारीसम्मको अपहेलना सहनु परेको अवस्था रहेको छ । आफ्ना विचार परिवर्तन तर्फ लैजानु पर्दछ भन्ने धारणको विकास विस्तार विस्तार भएको छ ।

उब्रेको मान्छे उपन्यासको उन्नाइसौँ परिच्छेददेखि एकाइसौँ परिच्छेदसम्मको अवस्था भनेको सङ्घर्षह्रासको रहेको छ । यहाँ पात्रहरुमा क्रमशः मनस्थिति मकजोर बन्दै गएको छ । सोझा , साझा व्यत्तिहरुलाई अनेक नाटक गरेर फसाउने शिवरामको यथार्थ खुलेपछि उसमा रहेको कुविचार कमजोर बन्दै जान्छ । पढेपछि जादुको छडी घुमाएर सम्पन्न बन्ने विचार राखेको वल्लभ शहरमा आएपछि सम्पूर्ण सपना भताभुङ्ग हुन्छन् ।

बाइसौँ र तेइसौँ परिच्छेद उपंहारको अवस्था हो । प्रवासी नेपालीहरु स्वदेश फर्केका छन् तर उनीहरुको उचित व्यवस्था नहुदा जिवन यापनका लागि यौन व्यवसाय सञ्चालन गर्न विवश देखिन्छन् ।

यसरी हेर्दा उब्रेको मान्छे उपन्यासको कथानक एकोन्मुख भएर अगाडि नबढेकाले र स–साना कथाचूर्णहरू मिलेर बनेकाले कथानक जटिल प्रंकारको छ । विभिन्न प्रकारका विश्रृङ्खलित घटनाहरूलाई अन्विति दिने काम वल्लभले गरेको छ । यसको कथानक ढाँचा ठाउँठाउँमा व्यतिक्रमिक भए पनि रैखिक प्रकारको छ उपन्यासमा आएका पूर्ण स्मृतिका घटनाहरूले यसको कथ्यका विकासमा अल्मलिएको देखिन्छ । उपन्यासको कथ्यको विकास श्रृङखलाहीन छ । हरेक पात्रका छुट्टै कथ्य भएकाले यसको कथावस्तुको आदि, मध्य र अन्त्यको क्रम भङ्ग भएको छ । यस उपन्यासमा आन्तरिक तथा वाह्य दुवै द्वन्द्वको प्रयोग भएतापनि आन्तरिक द्वन्द्वको सबलता पाइन्छ । उपन्यासमा विभिन्न पात्रका आफ्नै प्रकारका कथाहरू छन् । यस उपन्यासमा समाजका सबै घटना समेट्ने क्रममा कथान विश्रृङखलित जस्तो बन्न पुगेको छ । मूल कथानकसँग अन्य थुप्रै कथानकका घटनाहरू जोडिएकाले उपन्यासको कथानक ठाउँ ठाउँमा अल्मलिएको छ ।

## ४.२ पात्र

उब्रेको मान्छे उपन्यासमा विभिन्न पात्रहरूको प्रयोग गरिएको पाइन्छ । नेपालको ग्रामीण तथा शहरिया समाजबाट लिइएका हुनाले पात्रहरू कथासगं मिल्दा देखिन्छन् । संख्यात्मक रूपमा थुप्रै पात्रहरूको प्रयोग गरिएको भएपनि बल्लभको केन्द्रियतामा कथानक बिस्तार हुन गएको छ । यसमा प्रयोग भएका बहुलपात्रहरूको नामकरण ब्यक्तिबाचक र जातिवाचक नामबाट चिनाइएका छन् । यी बिभिन्न पात्रहरूको विश्लेषण यस प्रकार गर्न सकिन्छ ।

### ४.२.१ लिङ्गका आधारमा

उपन्यासमा प्रमुख पात्रहरूको प्राकृतिक जात छुट्याउने आधार हो । लिङ्गले पात्रको प्राकृतिक जात छुट्याउने हुँदा युगका आधारमा पात्रलाई पुलिङ्ग र स्त्रीलिङ्ग गरी दुई भागमा बिभाजन गरिएको छ ।

**१.महिला पात्र**

उब्रेको मान्छे उपन्यासका महिला पात्रहरूमा रमा ड्राइभरकी स्वास्नी, छोरीहरू, सबिता, नर्स, होटवाल्नी, भाउजु, होटलकी केटी, मालती, मालतीकी आमा, बहिनी मालिक्नी, बाखी बुढी, बाखी बुढीका बुहारीहरू, फुलमाया, ठुटेकी आमा बैरी काइली, भक्ते जेठाका छोरीहरू, बुढी, बूढीका छोरी आदि पर्दछन् ।

**२.पुरूष पात्र**

उब्रेको मान्छे उपन्यासमा प्रयोग भएका पुरूष पात्रहरूमा राधारमण, केशव, श्यामबहादुर, मुखिया मुखियाको छोरो, विश्वनाथ, जमिनदार, रिक्साजाला, वल्लभ, रमेश, गगां ड्राइभर गणेश, केटो रामदाइ, बल्लबको बाबु, मोहन, बिद्यार्थीहरू, मदन, ग्राहकहरू, डाक्टरहरू, लालजी, पहाडीहरू, साहिंला, ठूले,होटलका केटाहरू, प्रमोद, मालतीको ज्वाँइ, फेटावाल केटा, चेतनाथ,केशबका दाजुभाइहरू, काले, ज्योतीषहरू,रमन, शिवकुमारु अग्निधर, ठूलाघरे साँइला ठूटे, खड्के, भक्ते जेठा आदी पर्दछन् ।

### ४.२.२ कार्यका आधारमा

उपन्यासमा प्रयोग भएका सबै पात्रहरूले समान कार्य नगरी आ आफ्नो क्षमता अनुसार बिभिन्न कार्य गरेको पाइन्छ। यस दृष्टिले कार्यका आधारमा पात्रहरू प्रमुख, सहायक र गौण गरी तीन वर्गका हुन्छन । उपन्यासमा सबै पात्रले उत्तिकै काम गरेको हुँदैनन्, त्यसैले सबैभन्दा बढी कार्यमुल भएको पात्र प्रमुख पात्र हुन्छ भने त्यसभन्दा घटि कार्यमुल भएको पात्र सहायक र त्यो भन्दा पनि ज्यादै थोरै कार्यमूल भएको पात्र गौण हुन्छ ।

**प्रमुख पात्र**

उपन्यासमा सबैभन्दा वढी कार्यगर्ने पात्र नै प्रमुख पात्र हो । उसको उपस्थिति भएन भने कथानक नै अधूरो बन्न पुग्दछ । सामान्य तथा पटक पटक नाम तथा सर्वनामको पुनरावृत्ति हुने र आदि देखि अन्त्य सम्म कथानकमा आउने पात्र नै प्रमुख पात्र हो । उब्रेको मान्छे उपन्यासमा प्रमूख पात्र एक जना मात्र रहेको छ । जुन बल्लभ हो ।

**१.वल्लभ**

उब्रेको मान्छे उपन्यासमा थुप्रै पात्रहरूको प्रयोग गरिएको छ। ती मध्येको प्रमुख पात्रको रूपमा वल्लभ नै रहेको छ । उपन्यासकारले वल्लभलाई मियोको रूपमा प्रयोग गरेर कथानकलाई अगाडि बढाएका छन् । उपन्यासको दोस्रो परिच्छेद देखि अन्त्यसम्म निरन्तर वल्लभको उपस्थिति रहेको कारण ऊ प्रमुख पात्र बनेको छ ।

**सहायक पात्र**

कथानकमा प्रमुख पात्र भन्दा अली केही कम भूमिका निर्वाह गर्ने पात्रहरूलाई सहायक पात्र भनिन्छ ।

सहायक पात्रहरूको भूमिका पनि कथानकमा महत्वपूर्ण नै रहन्छ । उव्रेको मान्छे उपन्यासमा राधारमण, केशब, रमा, गगां, ड्राईभरकी स्वास्नी, रामदाइ, मालती, अभय, शिवकुमार सहायक पात्रको रूपमा देखा पर्दछन् ।

**१.केशब**

केशब उब्रेको मान्छे उपन्यासको सहायक पुरूष पात्र हो । उसको कथानकमा बीच बीचमा आउने जाने रहेको छ । समाजमा अनैतिक सम्बन्ध राख्दै हिड्ने यो पात्र आफूलाई आधुनिक सम्झने नास्तिक चरित्रको छ ।

**२.राधारमण**

राधारमण उब्रेको मान्छे उपन्यासको सहायक पुरूष पात्र हो । उपन्यासको आरम्भसगैं देखा परेको राधारमण पूरातनबादी बिचार धाराका व्यक्ति देखिन्छ । धर्म कर्म जातभात सबै मान्नु पर्दछ भन्ने भावना उसमा रहेको छ ।

**३.रमा**

रमा यस उपन्यासको सहायक स्त्री पात्र हुन् । रमा उपन्यासको प्रमुख पुरूष पात्र वल्लभकी स्वास्नी हो । उपन्यासमा भविष्यका लागि केही गर्नुपर्छ भन्ने सकारात्मक सोँच लिएर ऊ उपस्थित भएकी छे ।

**४.गंगा ड्राइभर**

ड्राइभरको पेसा अंगालेको गंगा ड्राइभर उब्रेको मान्छे उपन्यासको सहायक पुरूष पात्र हो । निम्न आर्थिक अवस्थाका कारण औषधोपचार गर्न सकेको छैन । आफ्नो स्वस्नी छोरा छोरी प्रती आघात प्रेम राख्दछ ।

**५.मालती**

मालती उपन्यासकी अर्की सहायक स्त्री पात्र हो । ऊ अविवाहित जागिरे युवती हो । अफिसको आडमा उच्च तहको कर्मचारीसँग सम्बन्ध गाँस्दै हिड्नु उसको दिनचर्या रहेको छ ।

### ६. राम दाइ

रामदाइ उपन्यासमा सहायक पुरूष पात्रका रूपमा रहेका छन । जीबिकोपार्जनका लागि सानोतिनो होटल ब्यवसाय गरर बसेका उनी सकारात्मक सोच भएका व्यक्ति हुन् ।

### ७.अभय

अभय यस उपन्यासको सहायक पुरूष पात्र हो । ऊ नियम कानुनको पालना गर्नु पर्दछ भन्ने सोच राख्ने ब्यक्ति हो । अभय गैरकानुनी रूपमा काम गर्नु अपराध हो भन्ने सोच्दछ ।

### ८.शिबकुमार

शिबकुमार यस उपन्यासको सहायक पुरूष पात्र को । कानुन भन्दा माथि रहेर काम गर्नु पर्दछ भन्ने उसको बिचार रहेको छ। सधैं गैरकानुनी रूपमा काम गर्नु पर्दछ भन्ने यो पात्र फटाहा स्वभाबको देखिन्छ ।

### गौण पात्र

उपस्थितिमा गौण देखिए पनि उजन्यासमा प्रसँगबस उपस्थित भएर कार्य गर्ने चरित्र गौण पात्र हुन । यी पात्रहरूले उपन्यासको अभिष्ट प्राप्त गर्नका लागि सहयोगी भूमिका निर्वाह गरेका हुन्छन् । उब्रेको मान्छे उपन्यासमा धेरै नै मात्रामा गौण पात्रको प्रयोग छ । जुन् निम्न अनुसार छन् :

- गणेश
- होटलवालनी भाउजु
- अग्निधर
- बूढी
- बूढीकी छोरी
- श्यामबहादुर
- मूखिया
- मुखियाको छोरो
- विश्वनाथ

- जमिनदार
- रिक्सावाला
- रमेश
- गगांड्डाइभरकी छोरीहरू
- केटो
- सबिता
- बल्लभको बाबु
- बिद्यार्थीहरू
- ग्राहकहरू
- मालतीकी आमा
- मालतीकी बहिनी
- मालतीको ज्वाँइ
- लाहुरेहरू
- मालिक्नी
- काले
- बाख्री बुढि
- फुलमाया
- भक्ते जेठो
- बहिरी काँहिली
- खड्के
- ठुटे
- ठुटेकी आमा
- चेतनाथ
- होटलका केटाहरू
- पुलिसहरू
- केशबकी स्वास्नी
- ठुले
- साँइली

- डाक्थटर
- नर्स
- पहाडीहरू
- बाखीबूढि
- बाखीबूढिका छोराबुहारी

### ४.२.३ पात्र प्रवृत्तिका आधारमा

प्रबृतिका आधारमा प्रतिकूल र अनुकूल गरी उपन्यासमा दुई बर्गका पात्रहरू हुन्छन । जुन पात्रले उपन्यासमा सकारात्मक कार्य गर्छ त्यो अनुकूल पात्र हो भने जुन पात्रले नकारात्क कार्य गर्छ त्यो प्रतिकूल पात्र हो ।

### अनुकूल पात्र

उपन्यासमा विभिन्न प्रकारको पात्रहरूको प्रयोग भएको हुन्छ । फरक फरक पात्रको प्रयोग हुने क्रममा अनुकूल पात्रले कथानकलाई सकारात्मक बिचारतिर डोऱ्याउने काम गर्दछ । उपन्यासमा सकारात्मक कार्य गर्ने पात्र लै अनुकूल पात्र हो । सकारात्क पात्र जहिले पनि सकारात्मक रूपमा अघि बढ्ने गर्दछ । उब्रेको मान्छे उपन्यासमा रहेका अनुकूल पात्र निम्न अनुसार छन् ।

१ वल्लभ

२ राधारमण

३ रमा

४ गंगा ड्राइभर

५ राम दाइ

६ अभय

७ गंगा ड्राइभरकी स्वास्नी

८ गणेश

९ बल्लभको बाबु

१० अभय

११ अग्निधर ।

**प्रतिकूल पात्र**

उपन्यासमा नकारात्मक बिचार लिई कार्य गर्ने पात्र नै प्रतिकूल पात्र हो । प्रतिकूल पात्रले कथानकलाई नकारात्मक बिचारधारा तिर डोऱ्याउने काम गर्दछ । यस उपन्यासमा रहेको बिभिन्न पात्रले कथानकलाई नकारात्क दिशा तिर डोऱ्याउने प्रयास गरेका छन् । उपन्यासमा रहेका प्रतिकूल पात्रहरू निम्नअनुसार रहेका छन् ।

१ केशब

२ होटलवाल्नी भाउजू

३ लालजी

४ मालजी

५ चेतनाथ

६ बाखी बुढी

७ प्रमोद

८ शिबकुमार

९ भत्ते

१० जेठो

११ बुढी ।

**४.२.४ स्वाभावको आधारमा**

उपन्यासमा समावेस हुने पात्रहरूलाई विश्लेषण गर्दा विभिन्न आधारबाट विश्लेषण गर्नुपर्ने हुन्छ । पात्रहरूलाई बिभिन्न कोणबाट  विश्लेशण गर्ने क्रममा स्वभावको आधारमा दुई बर्गमा बिभाजन गर्न सकिन्छ । गतिशील र गतीहीन गरी विभाजन गरिएको छ । उपन्यासमा परिस्थिति अनुसार बद्लिने पात्र गतिशील हरन्छ भने समय अनुसार परिवर्तन नहरने पात्र गतिहीन हुन्छन् ।

**गतिशील**

उपन्यासमा रहेको पात्रहरू फरक फरक स्वभावका हुन्छन् । जुन पात्र कथानकमा समय परिस्थिति अनुसार परिवर्तन हुन्छ । आफूलाई समय अनुसार ढाल्न सक्छ त्यो पात्र नै

गतिशील पात्र हो । उब्रेको मान्छे उपन्यासमा  रहेको गतिशील पात्रहरू निम्नअनुसार रहेका छन् :

१ वल्लभ

२ होटलवाली भाउजू

३ मालती

४ बुढी

**गतिहीन**

उपन्यासमा रहेर कुनै पनि प्रकारले आफूलाई परिवर्तन गर्न नचाहने पात्र गतिहीन पात्र हो । समय तथा परिस्थिति अनुसार आफूलाई परिवर्तन गर्न नसक्ने अर्थात परिवर्तन गर्न नचाहने पात्र गतिहीन हो । उब्रेको मान्छे उपन्यासमा अधिकांश पात्र गतिहीन रहेका छन् । जुन यस प्रकार छन् :

१ राधारमण

२ केशव

३ गणेश

४ अभय

५ रामदाइ

६ शिवकुमार

७ मुखिया

८ श्यामबहादुर

९ जमिनदार

१० बाखी बुढी

११ मालतीकी आमा

१२ रमा ।

### ४.२.५ जीवन चेतनाको आधारमा

जीवन चेतनाको आधारमा पात्रहरूलाई बर्गीय र व्यक्तिगत गरी दुई भागमा बाँडिएको छ । कुनै पनि निश्चित सामाजिक बर्गको भूमिका निर्वाह गरी त्यही बर्गको प्रतिनिधित्व गर्ने पात्र बर्गीय हुन्छ भने आफ्नो निजी स्वभावको वा बैयक्तिकता प्रतिनिधित्व गर्ने पात्र बैयक्तिक अथवा ब्यक्तिगत हुन्छ ।

**वर्गीय**

उब्रेको मान्छे उपन्यास प्रतिकूल परिस्थितिसँग जुधिरहेको ब्यक्तिहरूको जीवनको अध्ययन हो । यस उपन्यासमा रहेको बिभिन्न पात्रहरू मध्ये कतिपय बर्गीय पात्र रहेका छन् भने कतिपय ब्यक्तिगत पात्र रहेका छन् । समाजमा रहेको कुनै निश्चित बर्गको प्रतिनिधित्व गर्ने पात्र वर्गीय पात्र हो । यस उपन्यासमा रहेको वर्गीय पात्रहरू यस प्रकार छन :

१ बल्लभ

२ राधारमण

३ गंगा ड्राइभर

४ राम दाई

५ रमा

**व्यक्तिगत**

उब्रेको मान्छे उपन्यासमा प्रशस्त मात्रमा पात्रहरूको प्रयोग भएको छ । ती थुप्रै पात्रहरूले छुट्टाछुटटै् विशेषताहरू बोकेर हिडेका छन् । यस उपन्यासमा रहेका अधिकांश पात्र ब्यक्तिगत पात्रका रूपमा आएका छन् । आफ्नो निजी स्वभाब वा वैशिष्ट्य वैयक्तिकताको प्रतिनिधित्व गर्ने पात्र नै व्यक्तिगत पात्र हो । यस्ता खालका पात्रहरूले आफ्नो एकल प्रतिनिधित्व गर्दछन् । उब्रेको मान्छे उपन्यासमा रहेका ब्यक्तिगत पात्र यस प्रकार रहेका छन् :

१. केशव

२. गणेश

३. बाखी बुढी

४. मालतीकी आमा

५. शिवकुमार

६. अभय

७. फूलमाया

८. वैरी काँइली

९. मालती

१०. अग्निधर

११. सबिता

१२. रमेश

### ४.२.६आसन्नताका आधारमा

उपन्यासमा हुने पात्रहरूको उपस्थितिलाई आसन्नता भनिन्छ । यस आधारमा पात्रहरू मञ्चीय र नेपथ्य गरी दुई प्रकारका हुन्छन् । उपन्यासमा उपस्थित भई कार्य व्यापार वा संबाद गर्ने पात्र मञ्चीय हुन्छ भने कथयिता वा अन्य पात्रले नाम उच्चारण माग गरेको पात्र नेपथ्य हरन्छ ।

**मञ्चीय**

उब्रेको मान्छे उपन्यासमा मञ्चीय र नेपथ्य दुई पात्रको प्रयोग भएको पाइन्छ । उपन्यासमा उपस्थित पात्र अर्थात उपन्यासमा आएर कुनै कार्यव्यपार अथवा सबांद गर्छ भने त्यो मञ्चीय पात्र हो । यस उपन्यासमा रहेको मञ्चीय पात्र यस प्रकार छन् :

१. राधारमण

२. रिक्सावाला

३. वल्लभ

४. रमा

५ रमेश

६. गंगा ड्राइभर

७. गंगा ड्राइभरकी स्वास्नी

८। गंगा ड्राइभरका छोरीहरू

९. गणेश

१०. प्रमोद

११. होटलवाल्नी भाउजू

१२. रामदाइ

१३. लालजी

१४. मालती

१५. मालतीकी आमा

१६. अभय

१७ शिवकुमार

१८. अग्निधर

**नेपथ्य**

उपन्यासमा स्वयं उपस्थित नभइ कथयिता वा अन्य कुनै पात्रले नामोच्चारण गर्दछ भने त्यो नेपथ्य पात्र हो । उब्रेको मान्छे उपन्यासमा पनि थुप्रै नेपथ्य पात्र रहेका छन् । जुन यस प्रकार छन् :

१ मुखिया

२ सबिता

३ मोहन

४ डाक्टरहरू

५ मालतीको बाहनी ज्वाँई

६ ठूलाघरे साँइला

७ फूलमाया

८ ठूटेका आमा छोरा

९ खड्के

१० बैरी काँइली

११ भक्ते जेठा

### ४.२.७ आबद्धताका आधारमा

उपन्यासको कथानकसँग पात्रको सम्बन्धगँसाइलाई आबद्धता भनिन्छ । यस आधारमा पात्रहरू बद्ध र मूक्त गरी दुइ प्रकारका हुन्छन् । बद्ध पात्रलाई झिक्दा कथानकको संरचना भत्किन्छ तर मुक्त पात्रलाई कथानकमा त्यती मात्रामा स्थान नदिएको हुँदा खासै फरक पर्दैन ।

**क) बद्ध पात्र**

कथानकसँग आबद्ध पात्रलाई बद्ध पात्र भनिन्छ । बद्ध पात्रको सम्बन्ध कथानकमा ज्यादै निकटको रहेको हुन्छ। बद्ध पात्रलाई झिक्ने हो भने कथानक नै भत्किने हुँदा बद्धपात्र महत्वपूर्ण र कथानकबाट झिक्नै नमिल्ने पात्र हो । उब्रेको मान्छे उपन्यासमा पनि केही बद्ध पात्रहरू रहेका छन् जुन यसप्रकारका छन् :

१ बल्लभ

२ राधारमण

३ वल्लभकी स्वास्नी

४ वल्लभका छोरा

५ गंगा ड्राइभर

६ गंगा ड्राइभरकी स्वास्नी

७ रिक्सावाल दाइ

८ केशब

९ प्रमोद

१० मालती

१२ होटलवाल्नी भाउजू

११ मालतीकी आमा

१३ अग्निधर आदि

**ख) मुक्त पात्र**

मुक्त पात्र उपन्यासमा त्यती धेरै महत्वपूणै मानिदैनन् । उनीहरूको उपस्थिति विना कथानकमा कुनै किसिमको खलल नआउने हुँदा महत्वहिन हुन पूगेका हुन्  मूक्त पात्रले

कथानकसँग त्यती धेरै सम्बन्ध गाँस्न सकेका हुँदैन । यस उपन्यासमा पनि मूक्त पात्रहरूको प्रयोग ठाउँ ठाउँमा पाइन्छ जुन यसप्रकार छन्

१. रमेश

२ . रमा

३. शिवकुमार

४. गणेश

५. सबिता

६. बाखी बुढी

७ . मूखिया

८ . स्यामकुमार

९. विश्वनाथ

१०. मोहन

११. मदन

१२. रमन

१३ . लाहुरेहरू

१४ . काले

### ४.२.८ भूमिका र चरित्रका आधारमा

उब्रेको मान्छे उपन्यासमा बिभिन्न पात्रहरूको समाबेश गरिएको पाइन्छ । नेपाली ग्रामीण तथा सहरिया समाजबाट लिइएको हुनाले यसको पात्रहरू स्वाभाविक देखिन्छन् । संख्यात्मक रूपमा थुप्रै पात्रहरूको प्रयोग गरिएको भए पनि यसमा प्रयुक्त पात्र बल्लभको केन्द्रियतामा कथानकको विस्तार हुन गएको छ । यसमा प्रयोग भएको बहुल पात्रहरूको नामोकरण ब्यक्तिवाचक र जातीवाचक नामबाट चिनाइएका छन् । यी बिभिन्न पात्रहरूलाइ बिभिन्न आधारमा बर्गिकरण गरेर हेर्न सकिन्छ ।

प्रस्तुत उपन्यासको पात्रहरूलाई लिङ्कका आधारमा स्त्री पुरूष गरी दुई भागमा बिभाजन गर्न सकिन्छ। पुरूष पात्र अन्तर्गत रामरमण, केशब, श्यमबहादुर, मूखिया, मूखियाको छोरो, विश्वनाथ, जमिनदार, रिक्सावाला, वल्लव , रमेश, गगां ड्राइभर,गणेश, केटो, रामदाई,वल्लबको बाबु,मोहन, बिद्यार्थीहरू, मदन, ग्राहकहरू, बिरामीहरू, डाक्टरहरू,

लालजी,पहाडीहरू, साँइला ठुटे, खड्के, धक्ते, जेठो आदि पर्दछन् । स्त्रपात्रहरूमा रमा, गगां ड्राइधरकी स्वास्नी, छोरीहरू, सबिता, नर्स, होटलवाल्नी, भायजू, होटलकी केटी, मालती, मालतीको आमा, बहिनी मालिक्नी, बाखी बूढी, बाखीबूढीका बुहारीहरू, फूलमाया, ठूटेकी आमा, बैरी काँइली भक्ते जेठाका छोरीहरू, बूढीकी छोरी आदी पर्दछन् ।

प्रस्तुत उपन्यासका पात्रहरूलाई तिनीहरूले निर्माण गरेको कार्यका आधारमा प्रमूख सहायक र गौण गरी तीन कर्गमा वर्गीकरण गरिएको छ । यपन्यासको सम्पूर्ण घटना वल्लवको केन्द्रीयतामा रहेको हुनाले उसलाई प्रमुख पात्र भन्न सकिन्छ । त्यसैगरी सहायक पात्र अर्न्तगत राधारमण, केशव, रमा, गंगा ड्राइभर, गंगा ड्राइभरकी स्वास्नी, रामदाइ, मालती अभय, शिवकुमार आदि पर्दछन् । उपन्यासमा अत्यन्त कम भूमिका भएका र प्रसगंवस नाम मात्र उल्लेख भएका पात्रहरूलाई गौण पात्र भन्न सकिन्छ । गौण पात्र अन्तर्गत श्यामदाइ र मुखिया, मुखियाको छोरो विश्वनाथ, जमिनदार, रिक्सावाला रमेश गंगा ड्राइभरका छोरीहरू, नर्स होटलका केटी, पहाडीहरू, साइँला, ठूले, होटलका केटीहरू, लाहुरेहरू, मालतीकी आमा, बहिनी ज्वाईं, फोटो वाला केटा, चेतनाथ, मालक्नी, केशबकी स्वास्नी, बाखी बूढी । बूढीका छोरा वुहारीहरू, काले ज्योतिषहरू, पुलिसहरू, रमन, ठुलाघरे साइँला, फूलमाया, ठूले, ठूटेकी आमा, खड्के बैरी काँइली, भक्ते जेठो, यसका छोराछोरीहरू, बूढाका छोरी आदि पर्दछन्

**क) प्रमुख पात्र**

उब्रेको मान्छे उपन्यासमा एकमात्र पुरूष पात्र रहेको छ । त्यो हो वल्लभ ऊ उपन्यासको नायक पनि हो । वल्लभले उभ्रेको मानछे उपन्यासमा बद्ध पात्रको रूपमा दास्रो अनुच्छेदबाट अन्तिम अनुच्छेद सम्म आफ्नो भूमिका निर्वाह गरेको छ वल्लभको परिवारमा श्रीमती(रमा/मनोरमा) , छोरो (रमेश) भाइ,भाइबुहारी र बाबु रहेका छन् । वल्लभ परिवर्तन चाहने व्यक्ति हो ऊ अरूको नोक्कर बनेर होइन आँफै केही गरेर देखाउनु पर्दछ भन्ने विचार रहेको पात्र हो । गरिवीको रातमा पोलिएर बाँच्नु भन्दा थोरै धेरै लगानी गरेर आफ्नो जीवन स्तर उकास्ने सोच वल्लवमा रहेको छ । आफ्नो इच्छालाई बाबुले अस्वीकार गरे पछि जीविकोपार्जनका अन्य उपायहरू नहुँदा जीवन धान्नका लागि मात्र ऊ सेल्सम्यानको जागिर खान्छ । वल्लभ प्रमुख पात्रका साथ साथै यस उपन्यासमा एउटा आर्थिक अवस्था कमजोर भएका कारण आर्थिक तथा मानसिक रूपमा पिरोलिँदै बाँच्न विवस पात्र हो । उसले आफ्नो

र परिवारका इच्छा चाहनाहरूलाई दवाएर निरश तथा उदेक लाग्दो जीवन बाँच्न बाध्य रहेको पात्रको रूपमा आफ्नो भूमिका निर्वाह गरेको छ । जति छ त्यतिमा नै रमाउनु पर्छ भन्ने विचार राखने गंगा ड्राइभरको संगतले पनि वल्लभलाई कुनै फरक पार्दैन । उसमा कताकता यौन तृष्णा पनि पलाएर आएको छ । वल्लभले जीवनमा सुखको सास फेर्न पाएको छैन । घर परिवार चलाउन सेल्समेनको जागिर खाएर परिवार तथा आफ्ना इच्छा चाहना पुरा गर्न सकेको छैन सधै अभावै अभावमा उसको जीवन वितेको छ । एकमात्र छोरो जस्को इच्छा पुरा गर्न नपाउँदा आफै दखि आफैलाइ धिक्कार्दै आफ्नो भाग्यलाई सम्फन्छ । मिठो खाने र राम्रो लाउने भन्नु त उसको वस भन्दा बाहिरको कुरा भएको कुरा छ । वल्लभ दु:ख,पीडा अभाव तथा असन्तुष्टिले थिचिएको निरिह पात्रको रूपमा रहेको छ ।

उब्रेको मान्छे उपन्यासमा एकमात्र प्रमुख पात्र रहेको छ र त्यसको भूमिका निर्वाह गर्ने काम बल्लभले गरेको छ । बल्लभ यस उपन्यासको प्रमुख पुरूष पात्र हो । ऊ उपन्यासको नायक पनि हो, उपन्यासको नायक पनि हो । उपन्यासमा उसको भूमिका दोस्रो परिच्छेदबाट प्रारम्भ भई अन्तिम परिच्छेदसम्म निरन्तर रहेको छ त्यसैले ऊ बद्ध पात्र पनि हो । उपन्यासकारले बल्लभलाई मियो बनाएर समाजका कुनाकाप्चा सबै ठाउँहरू छिचोल्ने काम गरेका छन्, बिसगंतिवादी उपन्यास लेखनको उदेश्यका आधारमा बल्लभ अनुकूल पात्र हो । सुरूमा आफ्नो सेल्स म्यानको जागिर देखि दिक्क भएको बल्लभ अन्त्यमा त्यही जागिर नै उपयुक्त भएको ठान्छ । जागिरे जीवनको प्रतिनिधित्व गर्ने वल्लभ वर्गीय पात्र हो । वल्लभ उपन्यासमा सुरूदेखि अन्त्य सम्म मञ्चीय पात्रको रूपमा देखिएको छ । अनेकौं सपना बोकेर गाउँबाट सहर पसेको वल्लभ शिक्षित र जागिरे पात्र हो । निम्न मध्ययम वर्गीय वल्लभममा मध्यम वर्गमा पुग्ने अपेक्षा छ । त्यसैले अलिकति सरकारबाट पाएको गाउँको खेत बेचेर सहरमा ब्यापार गरौं भनेर आफ्नो बाबुलाई भन्दछ । तर बाबुले नमाने पछि ऊ केशवको पसलमा एक इमान्दार सेल्सम्यानका रूपमा काम गर्दछ । जीविकोपार्जनका अन्य कुनै उपाय नहुंदा बाँच्नका लागि मात्र उसले त्यहाँ काम गरेको देखिन्छ । वल्लभ जीवनका अप्राप्तिबाट लखेटिएको पात्र हो । विभिन्न आर्थिक अवस्थाको कारण ऊ आफ्नो र परिवारको इच्छा र आकांक्षाहरू गुम्साएर वाँच्न विवश छ । बिसंगतिपूर्ण जीवन बाँचेको वल्लभ जीवनको अप्राप्तिबाट लखेटिएको निरिह पात्रको रूपमा देखापरेको छ । ऊ जीवनप्रति हतास र निराश देखिन्छ । गरिवी उसको जीवनको ठुलो अभिसाप बनेर आएको छ । गरिवीको रापमा पोलिदैं आएको बल्लभको पारिवारिक अवस्थाले

समाजका निम्न बर्गका ब्यक्तिहरूको कष्टपूर्ण जीवनको प्रतिनिधित्व गरेको छ । उपन्यासमा वल्लभ अनुकूल पात्रको रूपमा देखा परेको छ । उपन्यासमा सम्पूर्ण घटना वल्लभलाई मियो बनाएर वरिपरि घुमेकोले वल्लभ उब्रेको मान्छे उपन्यासको प्रमुख तथा केन्द्रीय पात्र हो ।

**ख) सहायक पात्र**

कथानकमा प्रमुख पात्र भन्दा केही कम भूमिका निर्वाह गर्ने पात्रहरूलाई सहायक पात्र भनिन्छ । सहायक पात्रहरूको भूमिका पनि कथानकमा महत्वपूर्ण नै मानिन्छ । प्रस्तुत उपन्यासमा राधारमण, केशब, रमा, गंगा ड्राइभरकी स्वास्नी, गंगा ड्राइभर, रामदाइ, मालती, अभय, शिवकुमार सहायक पात्र अन्तर्गत पर्दछन् । औपन्यासिक घटनाको विकासमा यी पात्रहरूको पनि महत्वपूर्ण भूमिका रहेको छ यी पात्रहरूको चरित्रचित्रण निम्नअनुसार देखाउन सकिन्छ ।

**केशव**

केशव उब्रेको मान्छे उपन्यासको सहायक प्रमुख पात्र हो । ऊ पण्डित राधारमणको छोरो हो । उसले उपन्यासमा असत अर्थात प्रतिकूल पात्रको भूमिका निर्वाह गरेको छ । घरको श्रीमती हुँदाहुँदै पनि होटलमा केटीहरूसँग अनैतिक सम्बन्ध गाँस्दै हिंड्ने केशवमा यौन विकृति पाइन्छ र केटीहरूसँग रात बिताउने तथा बिहेको कुरा आयो भने पन्छिन खोज्छ । उपन्यासमा ऊ अत्यन्त कामुक पुरूषको रूपमा देखापरेको छ । बाहिरी आडम्बर र तडक भडकमा रमाउने केशव श्रीमतीलाई बाहिर लिएर हिड्न लाज मान्छ । धनी बन्ने लालसाले उसले मनोरमासँग बिहे गरेको देखिन्छ । ऊ निमुखा र बिपन्न वर्गमाथि धाक रवाफ जमाएर हिड्ने गर्दछ । उपन्यासको सुरूदेखि अन्त्य सम्म उसको स्वाभाबमा परिवर्तन देखिदैन । त्यसकारण केशव उपन्यासको प्रतिकूल स्वाभावको स्थीर पात्र हो । यौन बिकृतिमा चुर्लुम्म डुबेको केशव व्यक्तिगत जीवन चेतना भएको पात्र हो । ऊ उपन्यासमा मञ्चीय पात्रको रूपमा चित्रित भएको छ । केशव उपन्यासको कथा बस्तुबाट अलग गर्न नमिल्ने अखण्ड पात्र हो । ईश्वरमा बिश्वास नराख्ने केशव आफूलाई आधुनिक देखाउन चाहन्छ र यही आधुनिकतामा बाँच्न चाहन्छ । समग्रमा केशव उपन्यासको एक प्रतिकूल भूमिका निर्वाह गर्ने पात्र हो ।

**राधारमण**

राधारमण उब्रको मान्छे उपन्यासको सहायक पुरूष पात्र हो । ऊ कट्टर पुरातनवादी र आस्थिक ब्राह्मण बर्गको प्रतिनिधि पात्रको रूपमा देखिएको छ । अचेल छुत अछुत जात अजात बराबर छैन । होटलमा कामी दमाइ बाहुन एकै लहर बसेर खान्छन् । घटिबढीको स्वादै छैन । कामी दमाइले बाहुनी भनेका छैनन् त बाहुनले कमिनी दमिनी भनेका छैनन् । पृथ्वी फाट्ने बेला भयो कति सहुन । सनातन धर्म अब मेटिने भयो । (पृ.४) भन्ने भनाइले राधारमणले आधुनिकतालाई सराप्दै पुरानो संस्कार मासिने भो भन्ने चिन्ता लिएको छ । वर्गीय पात्रको रूपमा आएको राधारमण कै प्रसँगबाट यस उपन्यासको सुरूवात भएको छ । पहिलो परिच्छेद भनेर नै उसको मात्र वर्णन भएको हुँदा ऊ उपन्यासको मञ्चीय तथा बद्ध चरित्र हो । गाउँघरमा कर्म काण्ड गर्दै हिंड्ने ऊ परम्परावादी सोच विचार राख्ने व्यक्ति हो । धर्मकर्म बद्लिएको देख्दा उसले उदेक मान्छ श्रीमतीको मृत्यु पश्चात्  बिहे नगरी धर्मकर्ममा रमाउने र आफूले अपनाएको पुरोत्याइँ छोराले अवहेलना गरेको देख्दा उसमा मृत्युको कामना रहेको देखिन्छ । आफूलाई सबैले मान्नुपर्ने र खुट्टामा नै ढोग्नुपर्ने उसको घमण्ड छ र कसैको कुभलो नचिताउने र कुरा गर्दा गर्दै सास गइहालोस भन्ने राधारमण अनुकूल पात्र हो ।

**रमा**

रमा यस उन्यासकी सहायक स्त्री पात्र हो । रमा उपन्यासको प्रमुख पात्र वल्लभकी पत्नी हुन् । लोग्ने जागीरमा नजान खोज्दा छोराको भविष्यका लागि भए पनि काम गर्नुपर्छ भनेर वल्लभलाई प्रेरणा दिने उ अनुकूल पात्र हो । बिहानै उठेर लोग्नेलाई दुध नराखेको कालो चिया रातीको बासी रोटी भए पनि खुवाएर पठाउने रमा वल्लभकी सच्चा जीवन साथीको रूपमा देखा परेकी छ । उपन्यासमा उसको स्वभाव स्थिर देखिन्छ । रमाले उपन्यासमा नेपाली नारी बर्गको प्रतिनिधित्व गरेकी छ । ऊ वर्गीय पात्र हो । दुःख सुखमा पतिको साथ दिनु र परिवार चलाउनु नै आफ्नो कर्तव्य ठान्ने रमामा नेपाली नारी भावना छ। उपन्यासमा ऊ मञ्चीय पात्रको रूपमा देखा परेकी छे । उपन्यासको कथा बस्तुसँग सम्बद्ध ऊ बद्ध पात्र हो ।

**गंगा ड्राइभर**

ड्राइभरको पेसा अपनाएको गंगा ड्राइभर उपन्यासको सहायक पुरूष पात्र हो । निम्न आर्थिक अवस्थाको कारण उसले औषधोपचार गर्न सकेको छैन । दिनभरीको थकाइ मार्न घरमा स्वास्नीसँग जिस्कदै गीत गाउने ड्राइभर आफ्ना स्वास्नी र छोरा छोरीप्रति अगाध माया राख्छ । विदाको दिन बाहेक कहिले काममा गयल लहुने ऊ मेहनती छ । आफ्नो पसिनाबाट जे जति आउँछ त्यति मै घर चलाएर सन्तुष्ट रहने ऊ अनुकूल पात्र हो । यस पात्रले ड्राइभर पेसामा संलग्न वर्गहरूको प्रतिनिधित्व गरेको हुँदा ऊ वर्गीय चरित्र हो । आर्थिक बिपन्नताका कारण औषधोपचार गर्न सके पछि घर गएर स्वास्नी छोराछोरीको मुख हेरेर मनै चाहने गंगा ड्राइभर छोराछोरीलाई चोट पुग्छ भनेर आफू मर्न लागेको कुरा नभन्नु भन्छ । उपन्यासमा सामाजिक यथार्थ प्रस्तुत गर्ने गंगा ड्राइभरको भूमिका उल्लेखनीय छ । उपन्यासमा मञ्चीय पात्रको रूपमा देखापर्ने गंगा ड्राइभर बद्ध पात्र हो ।

**मालती**

मालती उब्रेको मान्छे उपन्यासकी अर्की  सहायक नारी पात्र हन् । मालती उपन्यासमा अविवाहित जागिरे युवतीका रूपमा देखा परेकी छ । अफिसको आडमा माथिल्लो तहका कर्मचारीसगं सम्बन्ध गास्दैं हिड्नु र पैसाका लागि ठूला ठुला ब्यापारी, कर्मचारीसँग होटलमा रात बिताउँदै हिड्नु उसको दिनचर्या हो । त्यसैले ऊ उपन्यासको प्रतिकूल नारी पात्र हो । सुरूमा यौन ब्यवसायमा लागे पनि उमेर ढल्कदैं गएकाले घरजम गर्न चाहने उसको स्वभाबमा देखिएको परिवर्तनको कारण ऊ अस्थिर स्वाभावकी नारी पात्र हो । परिवारिक बिघटन, समयमा बिहे हुन नसक्नु र आर्थिक बिपन्नताका कारण उसमा यौन बिकृति देखा परेको छ । उपन्यासमा मञ्चीय रूपमा चित्रित मालती बद्ध पात्र हो ।

**रामदाइ**

रामदाइ यस उपन्यासको सहायक पुरूष पात्र हो । सानो तिनो होटल ब्यवसाय गरेर जीविकोपार्जन गर्ने रामदाइ उपन्यासको मञ्चीय पात्र हो । सबैप्रति राम्रो ब्यवहार गर्ने र छोरा छोरी पाल्नका लागि जेनतेन गरेर चिया रक्सी बेचेर दुइचार पैसा जोड्ने ऊ अनुकूल पात्र हो । उपन्यासको घटनामा समय समयमा देखा पर्ने ऊ स्थिर स्वाभावको बद्ध पात्र हो । होटलवालाहरूको प्रतिनिधित्व गर्ने भएकोले ऊ वर्गीय पात्र हो ।

**अभय**

अभय पनि यस उपन्यासको सहायक पुरूष पात्र हो । शिवकुमारको बानी बेहोरा ठिक नभएको थाहा पाएको अभय तर्कन खोज्छ तर शिवकुमारले छाड्दै नछाडे पछि अभयले उसलाई आफ्नो कोठामा लैजान्छ । शिवकुमारले बोकेको पेस्तोल किन्ने ग्राहकको बारेमा सोद्दा आफु गैरकानुनी हतियारको ब्यापारी नभएकाले शिवकुमारलाई आफ्नो कोठाबाट तुरून्त निस्कन आग्रह गर्छ । त्यसैले ऊ अनुकूल पात्रको रूपमा देखा परेको छ । पढ्नको लागि सहर पसेको अभय त्यहि पसलमा जागिर खाएर जीविकोपार्जन गर्छ । पसलबाट फर्कंदा उसलाई अचानक केही व्यक्तिहरूले हमला गर्छन् । भोलिपल्ट उसलाई पुलिसले गिरफ्तार गर्छ । अभयले आफूलाई पेस्तोल दिएर डाँका हाल्न पठाएको शिवकुमारको झुटो बयानले अभय जेल पर्छ । उपन्यासमा प्रत्यक्ष रूपमा आएर कार्य गरेको हुनाले उ मञ्चीय पात्र हो भने आबद्धताका रूपमा ऊ मुक्त बद्ध पात्र हो । उसको स्वाभाबमा कुनै पनि परिवर्तन नआएकाले ऊ स्थीर पात्र हो ।

**शिवकुमार**

शिवकुमार यस उपन्यासको सहायक पुरूष पात्रको रूपमा आएको छ । मिलेटरीबाट पेस्तोल चोरेर भागेको ऊ सानैदेखि फटाहा स्वाभावको देखिन्छ । गैरकानुनी हातहतियारको व्यापार गर्न चाहने शिवकुमारको कुरामा अभयले असहमति जनाएपछि ऊ त्यहाँबाट चेतावनी दिएर जान्छ र त्यसको केही दिन पछि अभयमाथि गुण्डाहरू लगाएर आक्रमण गर्छ र पुलिसले पक्रे पछि झटो बयान दिएर अभयलाई जेलमा सड्न बाध्य बनाउंछ । यस आधारमा हेर्दा ऊ मञ्चीय पात्रको रूपमा देखा परेका छ भने आबद्धताका आधारमा ऊ बद्ध पात्र हो । उसको स्वाभावमा कुनै परिवर्तन नआएकोले ऊ स्थीर पात्र हो ।

**ग) गौणपात्रहरू**

उपस्थितिमा गौण भए पनि उपन्यासमा प्रसँगबस उपस्थित भएर कार्य गर्ने चरित्र गौण पात्र हुन् । यी पात्रहरूले उपन्यासको अभिष्ट प्राप्त गर्नका लागि सहयोगी भूमिका निर्वाह गरेका हुन्छन् । यस उपन्यासमा प्रसस्त मात्रामा गौण पात्रको प्रयोग भएका छन् । गणेश, होटलवाल्नी भाउजू, लालची, अग्निधर, बूढी, बुढीकी छोरी,श्यामबहादुर, मुखिया, मुखियाको छोरो, विश्वनाथ,जमिनदार, रिक्सावाला, रमेश, गंगा ड्राइभरका छोरीहरू, केटो,

सविता, बल्लभको बाबु, बिद्यार्थीहरू, ग्राहकहरू, मालतीकी आमा, बहिनी, लाहुरेहरू, मालिक्नी,काले, बाखी बूढी, फूलमाया , भक्ते जेठो, बहिरी काइँली, खड्के,ठुटे, ठुटेकी आमा, चेतनाथ, होटलका केटाहरू, पुलिसहरू, केशवकी स्वास्नी, ठुले, साइँला, डाक्टर, नर्स, पहाडीहरू, बाखी बूढीका छोरा बुहारीहरू, आदि गौण पात्रका रूपमा देखा परेका छन् । यी माथि उल्लेखित गौण पात्रहरू कथानकमा प्रसँगबस आउने र बीचैमा हराउने गरेको पाइएको छ । यस्ता गौण पात्रहरू मध्ये कुनैले कथानकलाई प्रभावकारी बनाएको छन् भने कुनै गौण पात्रको उपस्थिति बिना पनि कथानकलाई कुनै असर नपर्ने भएको पाइएको छ ।
यसरी उब्रेको मान्छे उपन्यासमा थुप्रै पात्रहरूको प्रयो गरिएको पाइन्छ । यस उपन्यासको परिवेश ग्रामीण तथा सहरीया दुवै भएको कारण दुवैखालका पात्रहरू देखिन्छ । कथानकले मागे अनुसार पात्रहरूको प्रयोग गरिएको छ । संख्यात्मक रूपमा थुप्रै पात्रको प्रयोग भएपनि कथाबस्तु अनुसार पात्रहरू स्वभाविक देखिन्छन् यस उपन्यासमा प्रयोग भएका बहुल पात्रहरूको नामकरण जातिवाचक र व्यक्तिवाचक नामबाट राखिएको छ । एकमात्र वल्लभ मात्र रहेको यस उपन्यासमा विभिन्न पेसा,जाति तथा वर्गका पात्रहरूको प्रयोग पाइन्छ । उमेर अवस्थालाई हेर्दा पनि बालक देखि वृद्धसम्मका पात्रहरूको प्रयोग यहाँ पाइन्छ । यो उपन्यासमा बहुल पात्रको प्रयोग भएपनि पात्र प्रयोगका दृष्टिले निकै सबल तथा शसक्त देखिन्छ ।

## ४.३ परिवेश

उब्रेको मान्छे उपन्यास पश्चिम नेपालको पहाडी तथा तराई क्षेत्रका साथै मुख्य रूपमा सुनौली,बुटवल र यस वरपरका क्षेत्रमा सीमित छ । अचेल नौतनवामा यौटा सर्कस लागेको छ र त्यसका प्रचारक पोष्टरहरू सुनौली बुटवल दगुर्ने बसका पछाडि र छेउ र घरमा जम्मैजसो भित्तामा टाँसिएका छन् । (पृ १०) भन्ने भनाइबाट यो उपन्यासको परिवेश बुटवल, सुनौली र नउतनवामा रहेको प्रष्ट हुन्छ । तानसेन गएँ गोरखपुर गएँ लखनउ कहाँ गइन । (पृ ८) भन्ने गंगा ड्राइभरको भनाइले भारतको गोरखपुर देखि पश्चिमी नेपालको पहाडी तथा तराइको परिवेशलाई समेटेको छ । उपन्यासले केशव जस्तो मध्यम वर्गीय र गंगा ड्राइभर जस्ता निम्न वर्गका आर्थिक परिस्थितिलाई समेटेको छ । केशवमा समाजमा एउटा सौखिन पुरूषको रूपमा देखा परेको छ । भित्री बन्दोबस्त जस्तोसुकै भए पनि बाहिरी तडकभडकमा रमाउने पात्रका रूपमा देखापरेको छ भने गंगा ड्राइभर आर्थिक अवस्थाका

कारण उपचार गर्न नसकेपछि घर फर्केर आफ्नै परिवारका बीचमा मर्न चाहेको छ । यस्तो प्रसँगबाट नेपालमा रहेका गरिवी र थोरै पैसा कमाउन थाले पछि भोग बिलासमा जीवन बिताउन चाहने वर्गहरूको प्रतिनिधित्व गरेको छ । मिलिटरीमा जागिर गर्दा पेस्तोल चोरेर भागेको र गैरकानुनी हतियार ओसार पसार गर्ने गरेकोले यस्ता ब्यक्तिले शहरी क्षेत्रमा अराजकता बढ्दो रूपमा फैलाएका छन् । आफ्नो कोठाको भित्तामा झुण्डाएको डिग्री लिदाको पोशाक वाला तस्बिर हेरिरह्यो (पृ ७४) भन्ने भनाइबाट शिक्षित हुँदाहँदै पनि बेरोजगारीको भार खेपिरहनु परेका युवा पुस्ताहरू र तिनै युवाहरूबाट समाजमा बिकृति बिसङ्गतिले जरा गाढेको कुरा समावेश गरिएको छ । प्रमोद आफू वार्ड सदस्यको चुनाबमा लड्ने र पत्रकारले उसको बारेमा बढाइचढाइ गरेर छापि दिने बताउँछ । चेतनाथले पत्रकारितालाई पैसा कमाउने औजार बनाएको र प्रमोदले पैसाको बलमा राजनीति गर्ने गर्नाले सामाजिक राजनीतिक कार्यकर्ताको पदमोह र संकिर्ण र फितलो न्याय प्रणाली रहेको कुरा यस उपन्यासले समेटेको छ । पाप त अचेल बडिरहेको छ। आइमाइहरू पहिले घरबाहिर खुट्टा हाल्दैन थे । अचेल नागां तिघ्रा खुला छाती देखाएर जतापायो उतै हिड्छन् । उतिबेला पति थियो भने अचेल नोकर । राम राम (पृ ३) भन्ने पण्डित राधारमणको भनाई र मेरो पांला सासु ससराुले कहिल्यै चाल पाउनु भएन बुहारी कहिले उठी , अहिलेको त टोड्कामा घाम छिरून्जेल लट्ठ सुति रहन्छन् । बाहिरबाट हेर्दा दुइओटी बुहारीकी सासु छु तर राखनधरण सब मै बुढीले गर्नु पर्छ । हरे शिव शिव (पृ ७३) भन्ने बाखी बुढीको भनाई मार्फत नेपाली रूढीवादी तथा धार्मिक परम्परालाई प्रस्तुत गरिएको छ । यस उपन्यासले सोझो अर्थमा सुनौली बटौली वरपरका क्षेत्रहरूमा पञ्चायतकालिन परिस्थितिलाई परिवेशको रूपमा समेटेको छ । यस अबधिमा जनताले भोगेको समस्या, असुरक्षा,सन्यास, रोग , भोक शोक जस्ता कुराहरूलाई उपन्यासमा प्रस्तुत भएको छ । ब्यञ्जनात्मक रूपमा उपन्यासले समग्र देशको पञ्चायत कालिन अवस्थाको यथार्थलाई उद्घाटित गरेको छ । समाजमा यस युगमा देखिएको बिकृति बिसङ्गति र पतनको बाटोमा लागेको युवाहरूको अवस्थालाई पनि उपन्यासमा देखाइएको छ । समाजमा योग्यताको आधारमा कसैको क्षमताको मुल्याङ्कन नहरने, धन हुनेलाई पुज्ने र गरिव निमुखाहरू हेपिएर बस्नुपर्ने, पैसाको भरमा हैकम चलाउने परिस्थितिको साथै बाँच्नका लागि परिवर्तन हुनुपर्ने आजको अर्थ व्यवस्था र विकृत संस्कृतिको प्रभावमा बिग्रेको आजका युवाहरूको अवस्थालाई पनि उपन्यासमा चित्रण गरिएको छ । यसरी परिवेश चित्रणका आधारमा उपन्यास सवल

देखिन्छ । प्रस्तुत उपन्यासले २०१७ साल पछिको पञ्चायत कालिन परिस्थितिलाई परिवेशको रूपमा प्रस्तुत गरिएको छ ।

## ४.४ उद्देश्य

उब्रेको मान्छे उपन्यासको कथाबस्तुका रूपमा टिपेको छ । उपन्यासका सम्पूर्ण पात्रहरू नेपाली समाजकै बीचबाट टिपिएको छ अर्थात नेपली समाजकै प्रतिनिधि पात्रका रूपमा उभ्याइएको छ । उपन्यासकारमा भावनामा बग्ने प्रबृत्ति पाइदैन । जीवन भोगाईका बिसङ्गगति पक्षको यथार्थ ढंगमा प्रस्तुत गर्नु उपन्यासको मुख्य उदेश्य हो । ब्यक्तिले जीवनमा भोग्नु पर्ने बाध्यता,बिवशता र अर्थहिनताको प्रस्तुतीकरणमा उपन्यास केन्द्रित रहेको छ । समाजका निम्न बर्गका ब्यक्तिहरूको कारूणिक जीवन र चारित्रिक विविधता उदाङ्गो पार्नु यस उपन्यासको उदेश्य रहेको छ ।

उपन्यासमा वल्लभ, गणेश, गंगा ड्राइभर लगाएतका अन्य निम्न वर्गीय पात्रहरूको कारूणिक भोगाइको चित्रण गरेर मानिसमा त्रासदीको अन्त्य गर्नु र उसमा मानवतावादी भावनाको विकास गराउनु उपन्यास लेखनको अर्को उदेश्य हो । बिपन्न आर्थिक अवस्थाले निम्त्याउने मानसिक बिकृतिलाई उपन्यासमा चित्रित गरिएको छ । जीवनको सानो भन्दा सानो आवश्यकता पुरा हुन नसक्दा रमेशको बाल मस्तिष्कमा नकारात्मक असर पर्न पुगेको छ । त्यसैगरी परिवार प्रतिको आफ्नो दायित्वबाट पन्छिदा मालतीमा यौन बिकृति देखा परेको छ र ऊ वेश्याबृत्तिमा संलग्न हरन पुगेकी छ । त्यसैगरी राज्यले उचित बसोबासको ब्यवस्थापन गराउन नसक्दा बुढी पनि बेश्याबृत्ति गरेर जीविकोपार्जन गर्न बिवश देखिन्छे ।

राजनीति तथा पत्रकारिता क्षेत्रमा देखिईएको विकृतिलाई उजागर गर्नुपर्ने यस उपन्यासको उदेश्य हो । सम्पन्नताको खोजीमा सहर पस्ने युवा बर्गहरूको बेरोजगारीका कारण भोग्नु परेको बिसङ्गगति अवस्था, लाहुरेहरूलाई होटलवालाहरूले फसाउने यथार्थताको जीवन्त चित्रण उपन्यासमा गरिएको छ । समाजमा उच्च बर्गहरूकै हालीमुहाली हरने, निम्न बर्गहरू सधैं थिचोमिचो सहन बाध्य हुनुपर्ने निम्न बर्गहरूमा गरिबी उनीहरूको पूर्ख्यौली सम्पति जस्तो पुस्ता दरपुस्ता सर्दै जाने र कहिले समाजले माथि उठ्न नदिने, दक्षता हासिल गरे पनि गरिवका छोराछोरी माथिल्लो ओहोदामा जान नपाउने जस्ता सामाजिक तथा प्रशासनिक क्षेत्रमा देखिएको बिकृति चिरफार गर्नु उपन्यासको अर्को उद्देश्य हो ।

जनतालाई योग्यताको आधारमा रोजगारी दिलाउन सक्यो भने जनशक्तिको उचित सदुपयोग हुन सक्छ र समाजमा देखापरेका अनेकौं बिकृति र बिसङ्गगतिको अन्त्य हुन सक्छ भन्ने सन्देश पनि उपन्यासले अप्रत्यक्ष रूपमा दिन खोजेको छ । यस उपन्यासको मुख्य उद्देश्य समाजमा युगौंदेखि दविदै, खुम्चदै, हेपिदै बाँच्न बिवश निम्न बर्गको हक, अधिकार, इज्जत र समानताको अधिकारविना समाज सुधार हुन सक्दैन भन्ने देखाउनु यस उपन्यासको मूल उद्देश्य देखिन्छ ।

## ४.५ भाषा/शैली

उब्रको मान्छे उपन्यासको भाषा सामान्य बोलीचालीको व्यवहारमा प्रयोग र समाज सुधारको चाहना गर्ने खालको देखिन्छ । ए बुढा बाटो हिड्दा छेउ लाग्दैनस् । तेरो बाहुको सडक हो माजबाट हिड्छस् (पृ ५) के गर्छेस त दिनभरीको थकान मार्नै पऱ्यो । गाडी चलाउँदा चलाउँदा थाकिन्छ नि हो (पृ ८) सिस्टर आइ वान्ट पोइजन (पृ ३५)

ब्वारीलाई गाली नगर बाबै । त्यसैको आर्जनले यत्राको प्राण धानिएको छ । (पृ ११९)

आदि जस्ता भनाइहरूबाट उपन्यासमा शैक्षिक वर्गगत र जातिगत तहका ब्यक्तिले प्रयोग गर्ने भाषा भिन्न भिन्न प्रकारको देखापरेको छ । यस उपन्यासको परिवेशसँग भाषालाई पनि जोडेर हेर्दा तत्कालीन समयको सामाजिक धार्मिक आर्थिक, राजनीतिक ग्रामीण तथा सहरिया जनजीवनका भाषालाई संवादात्मक र बर्णनात्मक ढंगले प्रस्तुत गरिएको छ । यो होटलमा पंखा पनि रहेनछ । ए केटो चाडैं ले पानी ल्याएं साब (पृ १६) भन्ने संवादले गाउँले परिवेशको आर्थिक अवस्थालाई उजागर गरेको छ ।

के हुन्थ्यो भाइ एउटा आशा प्याकेट बेच्दा जम्मा तीस पैसा नाफा हुन्छ ।

शनिवार हो आज ? आच्चे धेरै बेर सुत्ने थिए नी । (पृ ८५)

भन्ने बल्लभको भनाईबाट सहरिया ब्यस्त समाजको चित्रण गरेको छ । अन्य दिनहरूमा बेफुर्सदीको कारण शनिवार शनिवारलाई सम्पूर्ण काम गर्ने दिन परेको छ । यस उपन्यासमा बिभिन्न गाउँ तथा व्यक्ति बिशेषको चरित्रलाई बर्णणात्मक तथा विश्लेषणात्मक रूपमा प्रस्तुत गरेर कथानकलाई सुगन्धीत तुल्याइएको छ । उपन्यासमा तत्सम आगन्तुक

शब्दहरूका साथै झर्रा नेपाली शब्दहरूको पनि प्रयोग गरिएको पाइन्छ । ठाउँ ठाउँमा अग्रंजी भाषाको वाक्यहरूले भाषालाई जटिल बनाएको छ ।

ही इज अ मेन फ्रम नेह्वेर (पृ १३) त्यस्तै सीस्टर आइ वान्ट प्वाइजन । आदि रहेका छन् । उपन्यासमा भएका केही आगन्तुक शब्दहरू यस प्रकार छन् । ब्यालेन्स, पेनसन, फर्मुला, काटुन, ग्यारेन्टी, इजी, प्रोडक्ट, पोजिसन, स्ट्यान्डर्ड, एमर्जेन्सीकोरस, कर, त, बेबकुफ, अच्छा, तुरेर, यार, कोइ वी पार्सल, आदि । उपन्यासमा प्रयोग भएका केही अनुकरणात्मक तथा झर्रा शब्दहरू धिपधिपे, खसखस, हिक्का, कचकच, डँडाल्नो, हपहपी, भुसुक्क, कठालो, सुर्केर, दर्केर, झल्लक्क, झनक्क टोपलेको, नाथे आदि

भाषा प्रयोगको दृष्टिले उब्रेको मान्छे उपन्यासले पात्र अनुसारको भाषा प्रयोगमा आफ्नो मौलिकता प्रदान गरेको छ । उपन्यासमा प्रयुक्त भाषाले पात्रको चरित्र उद्घाटनमा सहयोग पुऱ्याउनुका साथै सामाजिक,आर्थिक, सांकृतिक परिवेशको उद्घाटन पनि गरेको छ ।

अ) **संवादात्मक शैली** : यस उपन्यासको संवाद पक्ष ज्यादै सवल छ । आवश्यकता अनुसार उपन्यासमा पात्रका बीचमा प्रशस्तै संवाद भएको पाईन्छ । यस उपन्यासमा संवादात्मक शैलीको प्रयोग अन्य शैलीको भन्दा धेरै छ । धेरै भन्दा धेरै पात्रहरूको प्रयोगको कारण पनि संवाद पक्ष बढी देखिएको हो । उपन्यास भित्र पात्र सुहाउँदा संवाद, छोटा खालका संवाद, सरल संवाद,प्रमुख पात्रहरूको आत्मलाप, विसङ्गतिपूर्ण जीवन भोगाईका संवादहरू कारुणिक खालका संवादहरू आदि प्रशस्त संवादहरूको संयोजन यहाँ पाईन्छ । उदाहरणको रूपमा वल्लभ र रामदाइको बीचमा भएको संवादः

वल्लभ :- "एक दिन त मैले पनि रक्सि खाई हेर्नु परेको छ कसो होला रामदाइ !"

**रामदाइ** : "के खान्छौ भाइ ह्विस्की ब्रान्डी पो हो खाने यो महुवाकोले त टाउको दुखाउँछ ।"(पृष्ठ२१-२२)

त्यस्तै अर्को उदाहरणको रूपमा : प्रमोद-"अँ तैले एउटा खवर सुनिस ?"

वल्लभ :"सुन्या छैन के खवर हो ?"(पृष्ठ ६७-६८)

माथि उल्लेखित संवादहरूमा पात्र सुहाउँदो संवादको प्रयोग गरिएकाले संवाद पक्ष सवल देखिन्छ । प्रस्तुत उपन्यासमा सरल र छोटा संवादको पनि थुप्रै प्रयोग गरिएको छ । संवादले कथानकलाई मिठासयुक्त बनाउँदछ । यस्ता छोटा संवादहरूको उदाहरण यस प्रकार रहेका छन् :-

"ओके,ओके, हेर, छोराछोरीलाई बाबु मर्छ नभन्नू है ।"

"फेरि कस्तो ! मर्ने कुरा नगर भनेको...."

"म बाँच्छु भने पनि पैसा छ तँसँग"(पृष्ठ ३६)

त्यस्तै अर्को उदाहरण :

"चियाको लागि दूध लिन हो की ?"

"हैन ।"

"ए खर्सावले जानु भा छ भन्नु हुन्थ्यो र ।"

"हैन म गएको हैन ।"(पृष्ठ २०)

उपन्यासमा प्रशस्त मात्रामा प्रमुख पात्रको आत्मालाप पनि पाईन्छ त्यसको उदाहरणहरू :- "आऽ मरेको भोलिपल्ट दुई दिन यतिका गैरहेका छन् मलामी । भोलि कसले हाजिर मिलाउँछ र को आयो को आएन भनेर ।"(पृष्ठ १२४)

यस उपन्यासका सम्पूर्ण पात्रहरू विसङ्गत जीवन भोगिरहेका छन् । यस प्रकारको संवादको उदाहरण :-

"कम्पनीले अर्को ड्राइभर राखि सक्यो होला हाम्रो लागि कसले गर्छ हो । कमाएर दिउन्ज्याल मात्रै हो । थलो परेपछि काँडा निकालेर फालि दिन्छ पो ।"(पृष्ठ३६)

उपन्यासमा प्रशस्त मात्रामा कारूणिक खालका संवादको प्रयोग पनि पाईन्छ । वल्लभ र उसको छोरा बीच भएको संवादलाई यस प्रकार प्रस्तुत गरिएको छ :

रमेश :-"ए बा !"

वल्लभ :- "हँ ।"

रमेश :-“मेरा कापी सिद्धियो कमिज फट्यो । ऊ उत्तमले त कस्तो लगाएर जान्छ ।”

वल्लभ :- “जान्छन् नी छोरा ! ऊ ठूला बढाको छोरा अरूले हात्ती चढे भन्दैमा .....।” (पृष्ठ ८३)

प्रस्तुत उपन्यास बर्णनात्मक उपन्यास भए पनि यसमा प्रयुक्त पात्रानुकूलको संवाद तथा पात्रहरूको आत्म गनथनले उपन्यासलाई रोचक बनाउनुका साथै त्यसमा नाटकीयता पनि थपिदिएको छ । सरस शैलीमा संवादहरूमा जीवन्त प्रस्तुती गरिएको छ ।

**आ) वर्णनात्मक शैली**

प्रस्तुत उपन्यासमा वर्णनात्मक शैलीलाई नै बढी महत्व दिइएको छ । त्यसैले उपन्यास भरी नै वर्णनात्मक शैलीको प्रधानता रहेको छ । उपन्यासमा झोलुङ्गे पुलबाट देखिने तिनौ वरिपरिको दृश्यको वर्णन गरिएको छ ।

त्यसभन्दा अघि झोलुङ्गे पुलमा उभिएर उसले तिनौ वरिपरि बसेको त्यो नगरलाई हेऱ्यो चारै तिर घरका अन्तरकुन्तरमा पनि ढुङ्गाहरू फिंजारिएका थिए । उसलाई यो ठाउँ ढुङ्गे र रूखो लाग्यो । यस्तो ठाउँ उसले कोइलावासलाई देखेको छ । यस्तै ढुङ्गे र रूखो ठाउँमा फैलिएको छ त्यो नगर पनि । यस्तै एउटा खोलो छ त्यहाँ पनि तिनैं भन्दा सानो । (पृष्ठ ११७)

त्यसैगरी बर्णनात्मक शैली प्रयोग गरिएको अर्को उदाहरण:-

यतिबेला उनीहरू ठुलो खेतको माझबाट गैरहेका थिए । पारी डाँडाको पुलबाट जूनको उज्यालो देखिन्थ्यो । उता टाढा सुनौली वरपरका बिजुली बत्तीहरूका झलक टाढाबाट तैरिंदै पानीका उज्याला फोका जस्तो देखिन्थ्यो (पृ ६२) यो केशव रिक्सामा चढेर पक्लिहवा तिर जाँदै गर्दा बाटोमा देखिएको दृश्यको वर्णन हो ।

**अ) आख्यानात्मक शैली**

उब्रेको मान्छे उपन्यास वर्णनात्मक शैलीमा लेखिएको पाइन्छ । यस्तो घटना यस उपन्यासको कथा वस्तुको ढाँचा ठाउँठाउँमा ब्यतिरेक भए पनि कथानक रैखिक ढाँचाले अगाडि बढेको छ । उपन्यासको कथ्यको विकास श्रृङ्खलाहीन छ । घटना चक्र र पात्रहरूको आत्मालाप एवं संवादहरूले पनि उपन्यासमा औपन्यासिक कार्य ब्यापारलाई अगाडि

बढाएको छ । उपन्यासको नामकरण नै प्रतिकात्मक छ । गद्य भाषाको प्रयोग गरिएको छ । उपन्यासमा मानक भाषाको अतिक्रमण गरी कथ्य भाषाको प्रयोग गरिएको छ । उपन्यासमा प्रत्यक्ष तथा अप्रत्यक्ष सहभागिमूलक पात्रहरूको उपस्थिति छ । उपन्यासका पात्रहरू स्वाभाविक रूपमा गतिशील भएका छन् । प्रस्तुत उपन्यासलाई तेइस ओटा साना साना परिच्छेदमा बिभाजित गरी लेखिएको छ । संवादमा पात्रानुकूल भाषा र संवादको प्रयोग गरिएको छ । उपन्यासमा घटना पात्र र परिवेश अनुकूलको भाषाको प्रयोग तथा छोटो वाक्य गठनले पनि उपन्यासको भाषालाई काव्यात्मक बनाएको छ । त्यसैले यस उपन्यासको आख्यानात्मक शैली उच्च स्तरको रहेको छ ।

## ४.६ संवाद

उब्रको मान्छे उपन्यासको संवाद पक्ष ज्यादै सवल भएको देखिन्छ । यस उपन्यासमा पात्रानुकूल संवादको प्रयोग भएको छ । संवादको प्रमुख कार्य औपन्यासिक चरित्रलाई चित्रण गर्नु र घटनालाई नाटकीकरण गरेर अगाडि लैजानु हो यस अनुसार उब्रेको मान्छे उपन्यासमा पनि संवादको माध्यमबाट  पात्रहरूको चरित्र चित्रण गरेको पाइन्छ । “एकदिन त मैले पनि रक्सिखाई हेर्नु परेको छ । कसो होला रामदाइ !”(पृ.२१-२२) भन्ने वल्लभको भनाईबाट वल्लभमा रहेको चरित्र स्पष्ट रूपमा देख्न सकिन्छ । त्यसै गरि

“ओके ओके छोराछोरीलाई बाबु पर्छ न भन्नु है ”

“फेरी कस्तो मर्ने कुरा नगर भनेको ”

“म बाँच्छु भने पनि पैसा छ तँसँग ?”(पृ.३६)

भन्ने जस्ता गंगा ड्राइभर र गंगा ड्राइभरकी श्रीमती वीचको संवादले ती दुई भित्र रहेको चरित्रलई उद्घाटीत गर्दछ । उपन्यास आख्यानात्मक रूपमा अगाडि बढेको भए पनि बीच बीचमा प्रयोग भएका संवादले मीठास भरेको छ । यस उपन्यासमा पात्रहरूको स्तर, पेसा अनुसारका संवादहरू भएकाले यस उपन्यास संवादमा सबल देखिएको हो । उपन्यासमा पात्रहरूको स्तर तथा पेसा अनुसारको संवादहरूको उदाहरण निम्नानुसार रहेका छन् :

“के गर्छेस् त बुढिया दिन भरिको भकाइ मार्ने पऱ्यो गाडी चलाउँदा चलाउदा थाकिन्छ नि हो ।” –गंगाड्राइभर (पृ.८)

"मेरो कापी सिद्धियो । कमिज पनि फाट्यो । ऊ उत्तमले त कस्तो लगाएर जान्छ ।" वल्लभको छोरा रमेश (पृ.८६)

"मालती ती सब कुरा छोड । हेर म त्यस्तो सहने छैन । बरू आउ, एकेक पेग अरू पिउँ है ।"–केशव(पृ.५१) आदि ।

**४.७ द्वन्द्व**

उब्रेको मान्छे उपन्यासमा द्वन्द्वको प्रयोग प्रशस्त मात्रामा भएको पाइन्छ । यस उपन्यासमा आन्तरिक र बाह्य दुबै द्वन्द्वात्मक भाव पाइन्छ । यस उपन्यासमा विसंगतिपूर्ण जीवन बाँचेका पात्रहरू प्रयोग भएको छ । नेपालका तराई क्षेत्रमा देखिएका सामाजिक राजनीतिक, आर्थिक विकृति तथा विसंगतिलाई उद्घाटन गरिएको छ । यस उपन्यसमा वाह्य भन्दा आन्तरिक द्वन्द्वको प्रयोग अधिक पाइन्छ । यहाँ विभिन्न पात्रहरू आफ्नो पेसा जागिर तथा दिनचर्या माथि असन्तुष्ट देखिन्छन् । उनीहरू आर्थिक विपन्नताको कारण नचाहेर पनि यौन व्यवसाय गर्न बाध्य देखिएका छन् । यस्ता विविध कारणले गर्दा उनीहरूमा द्वन्द्व उत्पन्न भएको छ ।

आन्तरिक द्वन्द्व मान्छेका आफ्नै मन भित्र हुने द्वन्द्वलाई भनिन्छ । यस उब्रेको मान्छे उपन्यासमा सहायक नारी पात्रका रूपमा रहेकी मालती अविवाहित जागिरे र आफ्नै अफिसका माथिल्ला तहका कर्मचारीसँग अनैतिक सम्बन्ध गाँस्दै हिड्ने पात्र हो । ऊ अविवाहित हुँदा उसलाई अब कसैले विहे गर्छ कि गर्दैन भन्ने कुरालाई लिएर ऊ भित्र द्वन्द्व उत्पन्न भएको छ । गंगा ड्राइभर विरामी परेपछि उसकी स्वास्नी आफ्नो लोग्ने मार्छ कि भन्ने आशंकाले मनमा द्वन्द्वात्मक भावना जागृत गरेकी छ । मालतीकी आमा भित्र पनि आफ्नी छोरी बढेर उमेर पुग्दा सम्म विहे नभएपछि छोरीलाई कसैले विहे गर्ला कि नगर्ला भन्ने सोँचे जसरी स्थापित गर्न नसक्दा गरिबी कै करण आफूलाई दु:ख भोग्नु परेको भन्दै आफ्ना बाबु र पूरै पुस्तालाई नै सराप्छ । गरिवीलाई नै आफ्नो जीवनको अभिसाप ठान्छ । दामोदर उच्च शिक्षा लिँदा पनि बेरोजगार भएपछि उसमा आफ्नो अवस्था र घर परिवारको व्यवहारले गर्दा उसमा के गरूँ र कसो गरूँ भन्ने अवस्था सिर्जना भएको छ ।

उब्रेको मान्छे उपन्यासमा आन्तरिक द्वन्द्वको साथ साथै वाह्य द्वन्द्व पनि देखा परेको छ । यस उपन्यासमा परम्परावादी र आधुनिक सोँच बीचको द्वन्द्व पाइन्छ । यहाँ मालिक र

नोकर बीचको द्वन्द्व पनि पाइन्छ । आन्तरिक र वाह्य दुवै द्वन्द्वको उपस्थिति देखिए पनि वाह्य द्वन्द्व भन्दा आन्तरिक द्वन्द्व निकै पाईन्छ

## ४.८ प्रतीक र बिम्ब

प्रस्तुत उपन्यासको शीर्षक नै प्रतीकात्मक छ । उपन्यासमा समाजबाट उपेक्षित फालिएका निम्न वर्गका पात्रहरूको उपस्थितिले शीर्षक सार्थक बनाएको छ । उपन्यासमा पसलमा राखिएको डमी, चिसा चिल्ला सर्पहरू यौन प्रतीकका रूपमा आएका छन् । यस्ता प्रतीकहरूको प्रयोग उपन्यासमा यसरी भएका छन् "उसका पसल अगाडि दुईवटा ठूल्ठूला शोकेस भएको कपडा पसल छन् । यी शोकेसमा ठूल्ठूला दुईवटी आइमाई डमी छन् । तिनले कहिले नाइटो मुनि सम्मको धोती र छातीकस जत्रा चोला लगाएका हुन्छन् भने कहिले वेलवटम त कहिले लुङ्गी कुर्ता ।"(पृ.३०) त्यस्तै "एउटा नोटबाट धेरै नोट बनाउने र सर्पहरूको चिसो चिल्लोपनमा ऊ धेरै मखख पर्थ्यो । अझैं पनि सर्प उसको लागि आकर्षको जीव थियो ।"(पृ.४५) उपन्यासमा भट्टीपसलहरू गरिबीका प्रतीकका रूपमा आएका छन् । पण्डीत राधारमण र बाखी बुढी पुरातनवादी संस्कारका रूपमा आएका छन् भने केशव, सरकारी उच्च तहका कर्मचारीहरू भोगवादी संस्कारका प्रतीकका रूपमा उपन्यासमा आएका छन् । "अनि आज केशव र मालती फेरि आएका थिए गोरखपुर । उनीहरू कहिले यौटा होटलमा दुई या तीन दिन भन्दा बढ्ता बस्दैनथे ।"(पृ.११) भन्ने भनाइले केशव भोगी पुरूष हो भन्ने कुरा प्रस्ट हुन्छ ।

उपन्यासमा विम्वात्मक प्रस्तुतिका उदाहरणहरू थुप्रै पाइन्छन् । "माथि खरको छानाबाट यता तल माटोको गारो र त्यसमा जडिएको खावो नभएको झ्याल । यो झ्याललाई रमाले कहिले टिनको पाताले छोप्छे त कहिले छानामुनि भएभरिका भाडाकुँडा थापेर वर्खा टार्छे ।"(पृ.८) भन्ने भनाइले वल्लभको घरको दयनीय अवस्थाको बिम्ब उतारेको छ । "सडकपारी डाँडा सम्म शून्य हुन्छ । सडकको कालो चौडाइ माथि कागजका खाम, केराका बोका, पात छरपष्ट छरिएका छन् । ती सबै माथि सडक बत्तीको धमिलो उज्यालो धूलो झैँ ओच्छिएको हुन्छ । "(पृ.२९) भन्ने भनाइले सुनसान रातको सडकको बिम्ब उतारेको छ ।" बसले कर्जा दिदैन त ? पैसको कुरामा उ अड्कन्छे । हाम्रा लागि उसले के गर्छ हो बनाएर दिउन्जेल मात्रै हो । थलो परेपछि काँडा झै निकालेर फालिदिन्छ पो ।" (पृ.३६) भन्ने भनाईले सामान्य किसिमको जागिर खाने वर्गको दयनीय आर्थिक अवस्थालई

बिम्बात्मक रूपमा प्रष्ट पार्दछ । यसरी प्रयोग भएका बिम्ब र प्रतीकले उपन्यासको कथ्यलाई प्रभावकारी बनाएको पाइन्छ ।

**४.९ शब्द प्रयोग**

प्रस्तुत उपन्यासमा तत्सम, आगन्तुक तथा झर्रा नेपाली शब्दहरू पनि प्रयोग गरिएको छ । यस्ता खालका शब्दहरूको प्रयोगले उपन्यास निकै मिठासपूर्ण बनेको छ । यसमा केही उदाहरणहरू:

क) "तिमेर्को लागि भनेर पसिना चुहाएर दिनरात खटियो"(पृ.१०) ।

ख) "हैन रातिको पिक्चरको कुरा ।" (पृ.२७)

ग) " ल ल लेक्चर नदे । हिँड सुनौली हुँदै पक्लिहवा तिर " (पृ.६१) ।

घ) "कर्कलो कोक्काएर झैं केही अड्की अड्की हिक्कामा पुट्छ ।"(पृ.६१)

ङ) " त्यसैले बा सँग केही प्राइभेट कुरा गरि रहेको ।" (पृ.१४)

च) "पहिले ग्राहकको स्ट्यान्डर्ड हेऱ्यो ।" (पृ.२८)

माथिको क मा रेखाङ्कित शब्दले तिमीहरूको भन्ने अर्थ बुझाउँछ भने ख मा रेखाङिकत शब्दले सिनेमा भन्ने अर्थलाई बुझाएको छ । "ग" मा आएको "लेक्चर" शब्दले भाषण भन्ने अर्थलाई जनाएको छ । "घ"मा रेखाङिकत शब्दले पिडालुको बोट भन्नै अर्थलाई बुझाएको छ । "ङ" मा रेखाङिकत भन्ने शब्दले नीजि भन्ने अर्थलाई बुझाएको भने "च" मा रेखाङिकत शब्दले भद्रता भन्ने अर्थलाई बुझाएको छ । उब्रेको मान्छे उपन्यासमा विभिन्न भाषाको प्रयोग गरिएको छ । विभिन्न तत्सम आगन्तुक झर्रा नेपाली शब्दहरूलाई यसरी छुट्याउन सकिन्छ :

**क) तत्सम शब्द**

पुरोहित, पण्डित, निवास, गोडा, रूपियाँ, पुण्य, चन्दन, गन्ध, प्रिय, रूनु, निधार, पितृ, धर्म पुत्रशोक, त्रिपुण्ड, वैष्णव, वाहुनी , अचेल, घरेलू, इमान्दार, पञ्चायत, अँध्यारो, अपेक्षा, रीति, चुह्लो, गर्मी, शंख, मुख, स्वर्णीम, युग, अड्डा, दुःख, सुख आदि ।

**ख)  तत्भव**

दूध, भात, दाल, दाँत, आकाश, घाम, छोरा, आमा, दशौँ, जीवन राति रोटी, अस्पताल, नगद,गाडि, बाबु, दिन, सर्प, खुट्टा, वगाल, विफर, सडक, आँखा, स्वास्नी, दाइजो, भाँडा, काज, काम, दिउसो, चौध, आदि ।

**ग) आगन्तुक**

सरोकार, वजार, जागिर, पेशा, अचम्म, स्कुल, पेन्सन, कर्कलो, प्रोडक्ट, पिक्चर, चिया, जवाफ, काउन्टर, नोट, पुलिस, गन्जि, चुरोट, खैनी,पिकनिक, पसल, ड्राइभर डाक्टर, गरिब मालिक, यार आदि ।

घ) झर्रा नेपाली

च्या, गाँट्ठि, फुँडि, घिचुवा आदि ।

**४.१० गति र लय**

उब्रेको मान्छे उपन्यास वल्लभको केन्द्रियतामा लिखित उपन्यास हो । यो उपन्यासमा सम्बादको प्रस्तुतीले गर्दा कथानक छिटो बगेको देखिन्छ । गतिको तिब्रता भएको कारण उपन्यास पढ्दा पढ्दै रमाइलो छ । महत्वपूर्ण कुराको सूचना वल्लभको पारिवारिक व्यत्तिगत तथा मानसिक अवस्थाबाट प्राप्त गर्न सकिन्छ । अन्य पात्रहरूको मानसिकता पनि टड्कारो रूपमा प्रस्तुत भएको पाइन्छ । वल्लभका साथै मालती, केशव, गंगा ड्राइभर, राधारमण जस्ता पात्रको माध्यामबाट चेतनात्मक कुराहरू प्राप्त गर्न सकिन्छ । यसमा स-साना कथांशहरूको संयोजन पाइन्छ । टुक्रे कथाहरूको संयोजन भएका कारण उपन्यास श्रुति मधुर बन्न सकेको छ । यस उपन्यासका निर्मल नाटकीय संवादले भने सन्तुष्टि प्राप्त गर्न सकिन्छ । संक्षेपात्मक र दृश्यात्मक पद्धतिको प्रयोगले नै औपन्यासिक गतिको सुललित रूप निर्धारण गरेको छ । वाक्यका स्थानमा पाइने मिठास नै लयको प्रारम्भिक परिणति हो । परिच्छेदै पिच्छे फरक फरक घटनाको प्रस्तुतीकरण गरिएको हुँदा गतिको अवस्था पनि तिब्र रहेको छ । पाठकको मनस्थितिलाई प्रतिपल यथार्थतासँग जोडिएको हुँदा गतिमा हुने परिवर्तनको भूमिका महत्वपूर्ण रहेको छ । बिम्बात्मक भाषा, प्रतिकात्मक अभिव्यक्ति, सूक्ष्म तथा नाङ्गो यथार्थको प्रस्तुतिले पनि लयमा जीवनतता प्रकट

गरेको छ । वल्लभ र मालतीका जीवनका विसंगति र केशवका कुकृत्यको पुनरावृत्तिको चक्रले लयात्मकतामा थप वृद्धि गरेको छ ।

## ४.११ दृष्टिविन्दु

उब्रेको मान्छे उपन्यासको कथावाचक वा समाख्याताले उपन्यासमा प्रयुक्त पात्र नभएर अन्य व्यक्ति रहेको छ । यस उपन्यासमा तृतीय दृष्टिविन्दुको प्रयोग गरिएको छ । समख्याताले उपन्यासमा घटित घटनालाई आफू प्रत्यक्षदर्शी अर्थात सर्वदर्शी भएर सम्पूर्ण घटनाको वर्णन गरेको छ । उपन्यासको प्रमुख तथा केन्द्रीय पात्र वल्लभ हो । उसकै सेरोफेरोमा घटेका हरेक घटनाको वर्णन कथथिताले गरेको छ । उपन्यासका सबै पात्रले घटाएका हरेक घटनालाई समाख्याता आफू वस्तु निरपेक्ष रहेर नाटकीय रूपमा घटनाको वर्णन गरेको छ । समाख्याता घटनाका सर्वदर्शी भएर हरेक पात्रका विचार, चिन्तन, सामाजिक संवेग आदि कुरा खुलस्त रूपमा वर्णन गर्दछ । उपन्यासकारले आफ्नो दर्शन चिन्तन वल्लभ, राधारमण, गंगा ड्राइभर, केशव आदि पात्रका प्रत्यक्ष कथानक रूपमा प्रस्तु गरेका छन् । काल्पनिक घटनालाई मानिसको यथार्थसँग मेल खानेगरी उपन्यासमा एउटा पुष्ट आख्यानको सिर्जना गरिएको छ । घटनाको प्रत्यक्ष वर्णनमा उपन्यासकार पाठकसामु देखानपरी तटस्थ वस्नु उपन्यासकार भाउपन्थीको दृष्टिविन्दुगत विशेषता हो । हरेक पात्रलाई त्यसभन्दा आफू अलग रहेर समाख्याता सर्वदर्शी भई समग्र उपन्यास प्रसस्त गरेकाले यस उपन्यासमा बाह्य सर्वदर्शी तृतीय पुरूष दृष्टिवन्दुको प्रयोग गरिएको छ ।

**निष्कर्ष:**

उब्रेको मान्छे उपन्यासलाई विषयवस्तुका आधारमा हेर्दा यथार्थवादी, सामजिक, विसङ्गतिवादी उपन्यासका रूपमा लिन सकिन्छ । यस उपन्यासमा नेपालका तराइ क्षेत्रमा देखिएका सामाजिक, राजनीतिक, आर्थिक विकृति र विसङ्गतिलाई उद्घाटन गरिएको छ । मूलतः सामाजिक यथार्थ चित्रण नै प्रस्तुत उपन्यासकाको सम्पूर्ण शक्ति केन्द्रित भएको छ । विभिन्न चरित्रको सेरोफेरेमा कथानकको बुनोट गरिएको यस उपन्यासमा कथावस्तु राजनीतिक पत्रकारिता क्षेत्रसँग पनि सम्बन्धित छ । प्रशासनिक, राजनीतिक, पत्रकारिता क्षेत्रमा देखिएका विकृति विसङ्गतिको पर्दाफास गर्ने चाहाना उपन्यासले राखेको छ । वाह्य सर्वदर्शी तृतीयपुरूष दृष्टिविन्दुको प्रयोग गरिएको यो उपन्यास वर्णनात्मक शैलीमा प्रस्तुत

गरिएको छ । उपन्यासको विषयवस्तु भित्र कथानकका बुनोट प्रक्रियालाई हेर्दा यसमा घटनाहरूको आधिक्य छ र विभिन्न समय र स्थानमा घटेका र घट्दै आएका घटनाहरूको संयोजन गरी उपन्यासको तानावाना बुनिएको छ । त्यसैले उसलाई घटना प्रधान उपन्यासका कोटीमा राख्न सकिन्छ । शैलीगत प्रयोगका दृष्टिले हेर्दा यस उपन्यासमा वर्णनात्मक शैलीमा लेखिएको छ । चरित्रको चित्रण र घटनाको प्रस्तुतिमा पात्रहरूको अन्तरसंवादलाई भन्दा स्रष्टाले नै भन्दै जाने शैलीको प्रयोग ज्यादा भएकोले यसलाई वर्णनात्मक उपन्यासका कोटिमा राख्नु उपयुक्त हुन्छ । उपन्यास श्रृङखलित नभएर रैखिक ढाँचामा प्रबन्धित कथावस्तु विकसित हुँदै समाप्त भएको छ । कथावस्तुमा वाह्य द्वन्द्व भन्दा बढी आन्तरिक द्वन्द्व प्रभावकारी रहेको छ । यस उपन्यासमा प्रमुख पात्रको भूमिका वल्लभले निर्वाह गरेको छ भने प्रमुख पात्रको चरित्रिक विकासको लागि विभिन्न सहायक तथा गौण पात्रहरूको समेत प्रयोग गरिएको छ । सानो उपन्यास भएर पनि धेरै पात्रहरूको प्रयोग गरिएको यो उपन्यास बहुपात्रीय उपन्यास हो । भाषाशैलीका दृष्टिले पात्र अनुसारको सहज, सरल र प्रभावमय भाषाको प्रयोग गरिएको छ । बिम्ब प्रतीकको प्रयोगले एकातिर उपन्यासलाई काव्यात्मक स्पर्श दिइएको छ भने प्रयाप्त आगन्तुक तथा झर्रा नेपाली शब्दहरूको प्रयोगले पनि उपन्यासलाई कलात्मक बनाएको छ । सामाजिक यथार्थवादी, विसङ्गतिवादी अस्तित्ववादी, मानवतावादी,कारूणिकताको चित्रण ग्रामीण तथा सहरिया परिवेश, निम्न मध्ययम वर्गीय पात्रको प्रयोगमा जोड आदि यस उपन्यासका मूल प्रवृत्तिका रूपमा देखा परेका छन् । नेपाली समाजमा देखपरेका विसङ्गगति, विकृति, हैकमवाद, अन्याय अत्याचार आदिलाई उजागर गर्ने काममा यो उपन्यास सफल देखिन्छ । यो प्रस्तुत उपन्यासको मूलभूत विशेषता पनि हो ।

# परिच्छेद –५

## उपसंहार

नेपाली साहित्यमा वि.संस २०३८ सालमा पलाँस उपन्यासको प्रकाशनसँगै देखापरेका भाउपन्थी उपन्यास क्षेत्रमा परिचित व्यक्तित्व हुन । उनका उपन्यासहरूले नेपाली समाजमा रहेका यथार्थपक्षहरूको चित्रण गरेको पाइन्छ । त्यस्तै जीवनका यथार्थपक्षहरूलाई समेटेर तयार पारको उपन्यासको सुन्दर नमुना उब्रेको मान्छे उपन्यास हो । उक्त उपन्यासको कृतिपरक अध्ययन गर्ने क्रममा, शोध पात्रलाई जम्मा परिच्छेदमा विभाजन गरिएको र प्रत्येक अुनच्छेदको अध्ययनबाट प्राप्त निष्कर्षलाई निम्मानुसार प्रस्तुत गर्न सकिन्छ ।

पहिलो परिच्छेद अन्तर्गत यस शोधपत्रको सामान्य रूपरेखा प्रस्तुत गरिएको छ । यस खण्डमा शोधपत्रको शीर्षक, विषय परिचय, शोधपत्रको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोध कार्यको औचित्य, शोधकार्यको सीमाङ्कन, शोधबिधि, शोधपत्रको रूपरेखा सम्बन्धि विवरण प्रस्तुत गरिएको छ ।

दोस्रो परिच्छेदमा उब्रेको मान्छे उपन्यास विश्लेषणका शैद्धान्तिक आधारहरूको चर्चा गरिर्एको छ । यस परिच्छेदमा उपन्यासको पृष्ठभूमि उपन्यासको परिभाषा अन्तर्गत पूर्वीय र पाश्चात्य परिभाषाको समावेश गरिएको छ । त्यस्तै उपन्यासका तत्वहरू अन्तर्गत कथानक, पात्र चरित्र वा चरित्र चित्रण, चरित्र चित्रण भित्र, लिङ्गका आधारमा, कार्यका आधारमा, प्रवृत्तिका आधारमा, स्वभावका आधारमा, जीवनचेतनाका आधारमा, आसन्नताका आधारमा र आवद्धताका आधारमा पात्रहरूको चरित्र चित्रण गरिएको छ । परिवेश, दृष्टिविन्दु, भाषाशैली, उद्देश्य, संवाद, द्वन्द्व, प्रतीक र विम्ब गति र लय जस्ता पक्षहरूलाई विस्तृत रूपमा प्रस्तुत गरिएको छ ।

तेस्रो परिच्छेदमा भाउपन्थीको जीवनी र उनको साहित्य यात्रा सम्बन्धि विविध पक्षबारे चर्चा गरिएको छ । भाउपन्थीको जन्म पिता चुडामणि शर्मा र माता लक्ष्मीदेवी शर्माका जेठा छोराका रूपमा वि.सं. २००१ जेठ १४ गतेका दिन लुम्बिनी अञ्चल, गुल्मी जिल्लाको दिगाम गा.वि.स.मा भएको थियो । उनी सानै छँदा उन्का बाबुआमा वर्मा वसाइँसरको हुनाले उनको बाल्यकाल बर्मेली समाज, संस्कृति तथा सभ्यतामा वितेको

पाइन्छ । भाउपन्थीले माध्यामिक तहसम्मको शिक्षा वर्माको स्थानीय विद्यालयबाट नै पूरा गरेका थिए । गोरखापुर स्थित लालबहादुर शास्त्री कलेजबाट आई.ए. र स्नातक सम्मको अध्ययन गरेपछि उनले आफ्नो औपचारिक शिक्षाले समाप्त गरेका थिए ।

भाउपन्थी २०११ सालमा पुनः नेपाल फर्किएर नेपालको सुदुर पश्चिमाञ्चाल अन्तर्गत महेन्द्रनगरमा बसोबास गर्ने व्यवस्था गरेका थिए । उनको पारिवारिक आर्थिक अवस्था कमजोर भएको कारण जागिरको बाध्यताले विभिन्न ठाउामा भौंतारिनु परेको थियो । लेखनलाई निरन्तरता दिने पन्थी हाल आएर नेपाल प्रज्ञाप्रतिष्ठानका प्राज्ञको रूपमा काम गर्दै आएका छन् । अध्ययनका क्रममा देह विदेशका भ्रमण गरेका भाउपन्थीले थुप्रै अनुभव बटुलेका छन् । उनको मुख्य रूचिको विषय साहित्य सिर्जना गर्नु हो । लेखनका क्रममा पन्थीले साहित्यमा कविता, नाटक, निबन्ध, उपन्यास, सउमालोचना, विधामा कलम चलाएका छन् । साहित्य लेखन कै कारण उनेल विविध किसिमका सम्मान तथा पुरस्कार पनि प्राप्त गरेका छन् ।

चौथो परिच्छेदमा उब्रेको मान्छे उपन्यासको सैद्धान्तिक एवम् उपन्यास तत्वका आधारमा उब्रेको मान्छे उपन्यासको कृतिपरक अध्ययन गरिएको छ । उब्रेको मान्छे उपन्यसमा रहेको कथानक त्यसमा रहेका पात्रहरूको क्रियाकलाप, त्याहाँको वातावरण, उनीहरूको भाषाशैली, संवाद, द्वन्द्व, प्रतीक र बिम्ब, शब्द प्रयोग, गति र लय तथा उपन्यास सृजना गर्नुको उद्देश्यका बारेमा चर्चा गरिएको छ ।

उब्रेको मान्छे उपन्यासको कृतिपरक अध्ययन शीर्षकको प्रस्तुत शोधपत्र जम्मा पाँच परिच्छेदमा तयार पारिएको छ । पहिलो परिच्छेदमा शोध परिचय र पाँचौ परिच्छेदमा उपसंहार शोधपत्रका औपचारिक एवम् अनिवार्य खण्ड हुन् । दोस्रो परिच्छेदमा स्रष्टा परिचय र साहित्यमा प्रस्तुत गरिएको छ । तेस्रो परिच्छेदमा सिद्धान्का आधारमा उब्रेको मान्छे उपन्यासको अध्ययन गरिएको छ । यस परिच्छेदमा विश्लेषण गर्दै गएर आन्त्यमा निष्कर्ष प्रस्तुत गरिएको छ ।

भाउपन्थीको तेस्रो उपन्यास उब्रेको मान्छे (२०३५) जम्मा १२४ पृष्ठमा र २३ परिच्छेदमा संरचित छ । यो उपन्यास लघु आयामको छ तर जीवन दर्शनका दृष्टिले विस्तृत छ । घटनाप्रधान यस उपन्यासको कथावस्तुको ढाँचा ठाउँठाउँमा व्यतिक्रमिक भएपनि

रैखिक छ । चारित्रिक संरचनाका आधारमा यसलाई बहुपात्रीय उपन्यासको कोटीमा राख्न सकिन्छ । परिवेशको आधारमा शीर्षक चयन गरिएकोले यस उपन्यासको कथावस्तुको तानाबाना नायकको सेरोफेरोमा बुनिएको छ । उब्रेको मान्छे नामकरण प्रतीकात्मक छ । तल्कालीन समयमा बढ्दै गएको आर्थिक तथा सामाजिक विकृतिहरू जनमानसमा पुऱ्याउन भाउपन्थी तल्लीन छन् । यस उपन्यासले आजको सामाजिक, अर्थिक र साँस्कृतिक लडाइँमा पछि परेका व्यक्तिलाई सङ्केत गरेको छ । यसमा गरिबीको यथार्थ अङकन गर्ने मूल घटनामा उच्च वर्गीय जन जीवनलाई गौण रूपमा लिएको छ । जागिरे जीवनको अवस्था, पारिवारिक विघटन, विपन्न आर्थिक अवस्थाका कारण वेश्या बन्नु पर्ने स्थिति, पत्रकारिताका क्षेत्रमा देखिएको विकृति र विसंगति आदि जस्ता सामाजिक विषयवस्तुको छनौट गरिएको छ । उपन्यासमा आन्तरिक तथा बाह्य द्वन्द्वको प्रयोग गरिएको छ । वाह्य सर्वदर्शी दृष्टिविन्दुको प्रयोग गरि लेखिएको यो उपन्यासलाई सामाजिक यथार्थवादी उपन्यासका कोटीमा राख्न सकिन्छ । भाउपन्थीले यस उपन्यासमा यथार्थलाई नङग्याएर समाजका विसङ्गति, विकृति र विद्रुपता माथि व्यङ्ग्य प्रहार गरेका छन् । तत्कलीन राज्य व्यवस्थाले नेपालका जनताहरूसँग परेको असरलाई यस उपन्यासले प्रस्तुत गरेको छ । यस उपन्यासको अध्ययन गर्दा यसमा सामाजिक यथार्थवादी मनोविश्लेषणात्मक, विसङ्गतिवादी अस्तित्ववादी, कारूणीकताको चित्रण गर्ने प्रवृत्ति, निम्न मध्ययम वर्गीय पात्रहरूको प्रयोगमा जोड, दु:खान्त कथानक द्वन्द्वको सफल प्रस्तुतीकरण जस्ता प्रवृत्तिहरू देखिन्छन् ।

उपन्यासकार भाउपन्थीको उब्रेको मान्छे उपन्यासको आधारमा उनमा सामाजिक यथार्थवादी? विसङ्गतिवदी-अस्तित्ववादी, मनोविश्लेषणत्मकता, आञ्चलिकता, ग्रामीण तथा सहरीया परिवेशको चित्रण, निम्नमध्यम वर्गीय पात्रहरूको प्रयोगमा जोड, यौन विकृतिका चित्रण, भाषिक प्रयोगमा विविधता, संरचनागत प्रवृति, दु:खान्त कथानक, द्वन्द्वको सफल प्रस्तुतकरण यथार्थको नग्न चित्रण, आदि जस्ता प्रवृत्तिहरू विद्यमान छन् ।

भाउपन्थीले संरचनाका आधारमा हेर्दा प्राय: लघु आकारका उपन्यासहरू लेख्ने गरेका छन् । उनको सबैभन्दा बृहत आकारको भन्न सुहाउने उपन्यास यही उब्रेको मान्छे हो । यो उपन्यास जम्मा एकसय चौबीस पृष्ठको छ ।

भाउपन्थी आधुनिक नेपाली परम्परामा विशिष्ट प्रतिभा हुन् सामाजिक विषयवस्तुलाई आधार बनाएर उपन्यास लेख्ने भाउपन्थी लघु उपन्यासकार हुन् ।

भाउपन्थीका उपन्यास अभाव, गरिबी, शोषण, बेरोजगारी, वेश्यवृत्ति, दलाली, तस्करी, आपराधिक क्रियाकलाप जस्ता सामाजिक विकृति र विसङ्गतिको चित्रणमा केन्द्रित छन् । उपन्यास पात्रहरू विसङ्गगतिका भोक्ता हुन् र उनीहरू जीवनका असफलताबाट माथि उठ्न सकेका छैनन् । नेपालको पहाडी तथा तराई क्षेत्र र सुनौली, बुटवल, भारतको गोरखापुर आदि जस्ता परिवेशलाई आधार बनाएर लेखिएको यस उपन्यासमा स्थानीय भाषाको प्रयोग पनि पाइन्छ । ग्रामीण तथा सहरिया परिवेशको चित्रण, भाषा प्रयोगमा विविधता, निम्न मध्यम वर्गीय पात्रको प्रयोग, यथार्थको नग्न चित्रण मानवतावादी चित्रण, यौन विकृतिको चित्रण, कारूणिकता आदि उनका औपन्यासिक प्रवृत्ति हुन् ।

**सम्भावित शोध शीर्षकहरू**

उब्रेको मान्छे उपन्यासको कृतिपरक अध्ययन सम्बन्धी यस अध्ययनको उपर्युक्त निष्कर्षपछि सम्भावित अन्य अध्ययनका शीर्षकहरू निम्न अनुसार प्रस्ताव गर्न सकिन्छ ।

क) उब्रेको मान्छे उपन्यासमा पात्रविधान

ख) उब्रेको मान्छे उपन्यासमा यौन मनोविश्लेषण

ग) उब्रेको मान्छे उपन्यासको परिवेश विधान

# सन्दर्भ सामग्री सूची

घर्ती, दुर्गाबहादुर (२०६७), **मनोविश्लेषणात्मक नेपाली उपन्समा पात्रविधान,** ललितपुर : साझा प्रकाशन ।

प्रधान, कृष्णचन्द्रसिंह (२०४३), **नेपाली उपन्यास र उपन्यासकार,** (दो.सं.) ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम (२०५६), **उपन्यास सिद्धान्त र नेपाली उन्पयास,** ते.सं, ललितपुर : साझा प्रकाशन ।

भाउपन्थी (२०२८), **पलाँस,** ललितपुर : साझा प्रकाशन ।

--- (२०३५), **उब्रेको मान्छे,** वाराणसी : नवीन प्रकाशन ।

शर्मा, तारानाथ (२०५१), **नेपाली साहित्यको इतिहास,** तेस्रो संस्क., काठमाडौं : नेपाल साझा प्रकाशन।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा (२०४९), **नेपाली साहित्यको संक्षिप्त इतिहास,** चौथो संस्क., काठमाडौं : साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०५३), **नेपाली उपन्यास परम्परा र प्रवृत्ति,** प.सं.वाराणसी : भूमिका प्रकाशन ।

**सुवेदी, राजेन्द्र (२०६४) नेपाली उपन्यास सिद्धान्त र परम्परा, दो.सं., ललितपुर : साझा प्रकाशन**

**प्रधान, कृष्णचन्द्र सिंह (२०६१), नेपाली उपन्यास र उपन्यासकारहरू, चौ. सं. ललितपुरः साझा प्रकाशन**

भाउपन्थी (२०६१), **आदिपुरूष**, रूपरेखा, (वर्ष १६, अङ्क ११, पूर्णङ्क १७९), पृ.५-६४ ।

रेग्मी, सनत (२०५०), **भोक्ता जीवनका कथाकार** : भाउपन्थी, समकालीन साहित्य, (वर्ष ३, अङ्क ४), पृ. ११५-१२० ।

घर्ती, माया, **भाउपन्थीको उपन्यासकारीता**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, काठमाडौं, नेपाली केन्द्रीय विभाग, २०६७ ।

जोशी, वेदप्रसाद, **भाउपन्थीको अद्यापी र अरू कथाहरू कथासङ्ग्रहको कृतिपरक अध्ययन** अप्रकाशित, स्नातकोत्तर शोधपत्र, काठमाडौं, नेपाली केन्द्रीय विभाग, २०६२ ।

ढकाल, भागवत, **भाउपन्थीको कथाकारिता** अप्रकाशित स्नातकोत्तर शोधपत्र, काठमाडौं, नेपाली केन्द्रीय विभाग, २०५० ।